www.csrcnepal.org

# भूमि अधिकार

वर्ष २१ | पूर्णाङ्क ६५ | चैत २०८१



## भूमिहीन समुदायको जुझारु सक्रियता आवश्यक

भूमि आयोगको कार्यविधिका केही व्यवस्थाहरू

भूमि आयोगले निर्क्योल गर्नैपर्ने एउटा सवाल

आश्रय मात्र होइन, संरक्षण पनि

## हाम्रो सपना र दूरदृष्टि

**न्यायपूर्ण एवं दिगो भूमि व्यवस्थासहितको समुन्नत, लोकतान्त्रिक र समतामूलक नेपालको सिर्जना**

## हाम्रो अठोट र कार्यभार

**भूमिहीन तथा कृषि कर्ममा संलग्न किसानको भूमि अधिकार सुनिश्चित गर्दै न्यायपूर्ण भूमि व्यवस्था र दिगो कृषिप्रणालि स्थापीत गर्न योगदान गर्ने**

### हाम्रा आधारभूत मूल्य/मान्यता

- सामाजिक न्याय र प्रकृतिलाई न्याय
- अहिंसा
- सरलता र पारस्परिक सम्मान
- समानुभूति र पक्षधरता
- आत्मनिर्भरता र अन्तरनिर्भरता
- नतिजामुखी, गुणस्तरीय र उत्कृष्टता

### रणनीतिक प्राथमिकताहरू

१. भूमि-कृषि आन्दोलनको समग्र सुदृढीकरण र विस्तार
२. भूमि-कृषि सवालमा ज्ञान निर्माण, कार्यगत अनुसन्धान र प्रकाशन
३. भूमि-कृषिसम्बन्धी नीतिगत बहस र सुशासन प्रवर्धन
४. दिगो कृषि, कृषि सहकारी र सुरक्षित जीविका प्रणालीको विकास
५. भूमि-कृषि सवालको विश्वव्यापी आन्दोलन र सञ्जाल सुदृढीकरणमा योगदान

# भूमि अधिकार

वर्ष २१ | पूर्णाङ्क ६५ | चैत २०८१




भूमि आयोग : गति बढाउ . . . . . . . . . . . . . . . ४
भूमिहीन समुदायको जुझारू सक्रियता आवश्यक . . . ५
भूमि अधिकार आन्दोलन-
आन्तरिक सामर्थ्यको परिचालन . . . . . . . . . . . . . ७
भूमि आयोगले निर्क्योल गर्नैपर्ने एउटा सवाल . . . . . ९
अन्तर्वार्ता : हरिप्रसाद रिजाल . . . . . . . . . . . . . ११
अन्तर्वार्ता : केशव निरौला . . . . . . . . . . . . . . १२
नाकाबासी भन्छन्, वर्षौंदेखि अनागरिकजस्तै
कष्टकर जीवन बिताउन बाध्य छौं . . . . . . . . . . १३
मुसहर भूमिहीनका पीडा : न राज्यले हेर्छ,
न समाजले बुझ्छन् . . . . . . . . . . . . . . . . . १५
आश्रय मात्र होइन, संरक्षण पनि . . . . . . . . . . . १६
जङ्गलका मान्छे भनी हेप्थे, अब खुसी छौं . . . . . . १८
भूमि आयोगको कार्यविधिका केही व्यवस्थाहरू . . . . १९
स्वर्गद्वारी गुठीका मोही किसानको आन्दोलन
र सरकारको प्रतिबद्धता . . . . . . . . . . . . . . . २७
आन्दोलनमा जे देखियो, जे भोगियो . . . . . . . . . . ३२
मोही किसान सम्मेलन . . . . . . . . . . . . . . . . ३३

CSRC
आत्मनिर्भर केन्द्र

**प्रकाशक : सामुदायिक आत्मनिर्भर सेवा केन्द्र** (सिएसआरसी)
पोस्ट बक्स नम्बर : १९७९०, भूमिघर, टोखा-७, काठमाडौं, नेपाल
फोन : ९७७-१-४९६०४८६, फ्याक्स : ९७७-१-४९५७०३३
इमेल : landrights@csrcnepal.org, वेभसाइट : www.csrcnepal.org

**ग्राफिक डिजाइन :**
बिक्रम चन्द्र मजुमदार I bmajumdar33@gmail.com

**आवरण तस्बिर** : सुष्मा न्यौपाने
रौतहट चन्द्रपुरमा २०८१ चैत १५ र १६ मा भएको मोही सम्मेलनको र्‍यालीमा सहभागी।

# भूमि आयोग : गति बढाउ

नेपालमा भूमिहीनता र अव्यवस्थित बसोबास एक गम्भिर सामाजिक, आर्थिक र राजनीतिक मुद्दा रहँदै आएको छ। यो समस्याको दीर्घकालिन समाधानका लागि सरकारले २०८१ कात्तिक १३ गते भूमि समस्या समाधान आयोग गठन गरेको छ। सङ्घमा आयोग बनेपनि जिल्ला समिति गठन र प्राविधिक जनशक्ति परिचालनको लागि समय लागेपनि यस्तै प्रकृतिको यो तेस्रो आयोग भएकाले जग्गाधनी प्रमाण पुर्जा वितरण तिव्र हुने अपेक्षा भूमिहीन, अव्यवस्थित बसोबासी र सरोकारवालाको रहेको छ।

सञ्चार माध्यममा आएको सूचनाको आधारमा हालसम्म चितवनमा २०२, मकवानपुरमा ७३ र सुनसरीमा ६ वटा गरी कुल २८१ परिवारलाई जग्गाधनी पुर्जा वितरण भएको छ। आयोगबाट भए गरेका कामहरू आयोगको वेभसाइटबाट पनि नियमित रूपमा सार्वजनिक गर्नु उपयुक्त हुने भएपनि यसो गरिएको पाइदैन।

सङ्घ, प्रदेश र स्थानीय तह मिलेर कार्य गनुपर्ने, तीनमध्ये एक तहले चासो नदिँदा काममा असर गर्ने साथै भूमि आयोग, जिल्ला समिति, सम्बन्धित विभाग एवं जिल्लास्थित कार्यालयबीच समन्वयमा परिणाम निकाल्नुपर्ने भएकोले यो कार्य सजिलो छैन। तर यही कार्य गर्न भनेर सरकारले ठुलो सङ्ख्यामा जनशक्तिहरू परिचालन गरेको छ। स्रोतहरू लगाएको छ। स्थानीय सरकारले पनि यस कार्यमा लगानी गरेका छन्। यसो हुँदा पनि धेरै समस्या भएका जिल्लाबाट केही जग्गाधनी प्रमाण पुर्जा वितरण कार्य सुरु गरिएपनि हिमाली र पहाडी जिल्लामा एक परिवारलाई मात्र पनि जग्गाधनी प्रमाण पुर्जा वितरण किन हुन नसकेको हो ? यि जिल्लाहरूमा त धेरैको कार्यअवधि पनि एक वर्षको मात्र छ।

आयोग गठन भएयताको प्रगति र विभिन्न सरोकारवालाको अनुभूतीलाई मनन् गर्दा भूमि समस्या समाधान आयोगले आउने असारसम्मको योजना जिल्लागत लक्ष्यसहित सार्वजनिक गर्नुपर्दछ। यस्तै हरेक दिन वा हप्ता आयोगको प्रगति वेभसाईटमा अपडेट हुनुपर्दछ। प्रत्येक स्थानीय तहको लगत सङ्कलन, जग्गा नापजाँच र जग्गाधनी पुर्जा वितरणको कामको स्थिति के छ ? नियमित वेभसाईटमार्फत सार्वजनिक गरिनुपर्छ।

कुनै पनि कार्य सिक्दै गर्ने हो। एक पटक बनाएको नीति वा कार्यविधि आवश्यकताका आधारमा परिमार्जन हुन्छ। पछिल्लो आयोगको गठन आदेश पहिलेका आयोगको भन्दा निश्चित नै बलियो र व्यवहारिक छ। नियमावलीमा संशोधन गरेर धेरै विषयहरू सहज र व्यवहारिक बनाइएका छन्। यस्तो अवस्थामा आयोगले अहिलेसम्मको कार्यक्रमको गहिरो समीक्षा गर्न आवश्यक छ। त्यस्तै कार्यविधिको पनि व्यवहारिक सिकाइका आधारमा समीक्षा गरेर परिमार्जन गर्न तत्काल जरुरी भएको छ। खासगरी लगत सङ्कलन, सत्यापन र प्रमाणीकरणको कामलाई टुङ्ग्याउने सम्बन्धमा कस्तो रणनीति लिने, नापजाँच कार्यलाई ज्यादै प्रविधिक र जटिल बनाइएको छ। यस अघि नापी भइसकेको नक्शालाई पुनः नापीको स्थितिमा लग्न खोजिएको छ। यि सबै विषयमा गम्भीर समीक्षा गर्दै कार्यविधिलाई सरल र पारदर्शी बनाउन आवश्यक छ।

हो, भन्न सजिलो छ, गर्न गाह्रो छ। तर नगरे केही हुँदैंन। स्थानीय सरकार र स्वयम् भूमिहीन र अव्यवस्थित बसोबासीको व्यापक जागरणबाट मात्र यो कार्य सम्भव हुन्छ। दशौं लाख परिवारको व्यवस्थापन गर्न बनेको यो आयोगले गुनासोको सुनुवाई र सम्बोधन कसरी गर्ने ? कम्प्युटिकृत प्रमाणलीलाई कसरी चुस्त बनाउने ? आदि विषयमा पनि गहिरिएर ध्यान दिन आवश्यक छ।

करिव १३ लाख परिवारको निवेदन आयोगमा छ। यस्तो महत्वपूर्ण जिम्मेवारी पाएको आयोगले आफ्नो कामको गति बढाउनुपर्छ। आयोगमा नियुक्त पदाधिकारीले नीतिगत जटिलता कहाँ के आइपरेका छन् ? मिहीन समीक्षा गरी फुकाइदिने कार्यमा ध्यान दिनुपर्छ। जग्गाधनी प्रमाण पुर्जा वितरण प्रक्रिया नियमित हुनुपर्छ। सबैतिर समारोह गरेर नै बाँड्न आवश्यक छैन।

विगतमा आयोगहरू असफल हुनुमा आयोग बनेपछि भूमिहीन र अव्यवस्थित बसोबासी जुन हिसावले सक्रिय हुनुपर्ने हो त्यो नभएर पनि हो। यसको लागि भूमि अधिकारबाट वञ्चितहरू आन्दोलित हुन आवश्यक छ। जग्गा प्राप्तिको कार्यमा सहकार्य र खबरदारी दुवै रणनीति भूमि अधिकारबाट वञ्चितको हुन जरुरी छ। अहिलेसम्मको कार्य ज्यादै उपलब्धिमुलक नभएपनि निराशाजनक छैन। तर गति बढाउन आवश्यक छ।





जगत देउजा

# भूमिहीन समुदायको जुझारू सक्रियता आवश्यक

## व्यापक अभियानको सिर्जना गरौँ




भूमि समस्या समाधान आयोगले काम थालेको ६ महिना पुगेको छ । अपेक्षा गरेभन्दा ढिलो भएपनि ७७ वटै जिल्लामा आयोगको जिल्ला समिति बनेको छ । सर्वेक्षक र अमिन गरेर एक हजार जनशक्ति जग्गा नापीका लागि परिचालित छन् । काम अपेक्षाकृत भइरहेको होला । आधिकारिक हिसाबले आयोगले कुनै प्रतिवेदन सार्वजनिक गरेको छैन । भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीलाई जग्गा वितरण एवं व्यवस्थापन गर्ने कार्य दशकौंदेखि गिजोलिएर रहेको विषय हो । यद्यपि भूमिसम्बन्धी ऐन, २०७६ ले पहिलो पटक यसलाई कानुनमा नै सम्बोधन गरी भूमिसम्बन्धी आयोगहरू गठन भइरहेका छन् ।

कानुनको आधारमा विभिन्न कार्यविधिहरूको तर्जुमा र स्थानीय सरकारमार्फत सङ्कलन गरिएका लगतहरू कम्प्युटिकृत प्रणालीमा समावेश गरिएका कारण कामहरू व्यवस्थित रूपमा नै अगाडि बढेका छन् । तर सोचेजसरी परिणाम प्राप्त हुन सकेको छैन । यसका विविध कारणहरू छन् । र पछिल्लो आयोगको कामको पनि गहिरो समीक्षा हुन जरुरी छ ।

भूमि समस्या समाधान आयोगको काम मुलुकको एउटा प्रमुख र वृहत् कार्यक्रम हो । देशभरका करिब १३ लाख भूमिहीन र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्नु भनेको सानो काम होइन । यो काम मूलतः राजनीतिक काम हो । यो विषयमा सबै राजनीतिक दलहरूको चासो र सकारात्मक सहयोग जरुरी छ । यो काम सफल बनाउन आयोगले इमान्दारीपूर्वक त काम गर्नैपर्दछ । तर यसमा तीनवटै तहका सरकार र अन्य सरोकारवालाहरूको पनि उत्तिकै सहयोग र सक्रियता आवश्यक हुन्छ ।

तसर्थ, संविधान, कानुन, नियम, कार्यविधिअनुरुप भूमिहीन र अव्यवस्थित बसोबासीको लागि जग्गा वितरण र व्यवस्थापन कार्यका लागि कसले के गर्ने भन्नेमा स्पष्ट भई तोकिएको जिम्मेबारी सबैले पूरा गर्नुपर्दछ । त्यसैगरी यो कामका लागि संघ, प्रदेश र स्थानीय तहमा रहेका सरोकारवालाहरूको पहिचान गरी उनीहरूसँग पनि आयोगले व्यापक सहकार्य गर्न आवश्यक छ । र यसलाई आम सरोकारको विषय नबनाई र वृहत् अभियानको स्वरुप नदिई यो कार्य सम्पन्न हुन सक्दैन ।

आयोगको अहिलेसम्मको गतिविधि नियाल्दा आयोगमा नियुक्त सदस्यहरू संघदेखि जिल्लासम्म उत्तिकै परिचालित हुन सकेका छैनन् । उनीहरू कति नियुक्ति लिएर काठमाडौँमा छन् । कति जिल्लामा पुगेर ढुक्कले कुनै वास्ता नगरी आफ्नै काममा तल्लीन छन् । आयोगले हालसम्मको कामको गहिरो समीक्षा गर्ने बेला भयो । र समीक्षाको आधारमा आगामी रणनीति बनाउन आवश्यक छ । सरोकारवालाहरूको विश्लेषण गरेर कोसँग के सहकार्य गर्न सकिन्छ ? त्यसको विवरण तयार पारी स्रोत र जनशक्ति परिचालन गर्न आवश्यक छ । सूचना र सञ्चारका अनेकन् माध्यम उपलब्ध भएको अवस्थामा प्रशिक्षण र अभिमुखीकरणका लागि स्थानीय तहसम्म पुग्न आयोगलाई समय पुग्दैन । कार्यविधि छापेर उपलब्ध गराइएको छ । वेवसाइटमा राखिएको छ । सबैले पढ्नु पर्‍यो । आयोगले यसको लागि रेडियो कार्यक्रम, पुस्तक, पोडकास्ट, भिडियो सामग्री आदि तयार गर्नुपर्छ । र जिल्ला तहमा

हुने अभिमुखीकरण सम्बन्धित जिल्लाकै पदाधिकारीको जिम्मामा छोड्नु पर्दछ। बरु जिल्लाका पदाधिकारीलाई दक्ष बनाउने कामचाहिँ केन्द्रीय आयोगको हो।

सङ्घीय आयोग, जिल्ला आयोग र स्थानीय तहको यस विषयमा स्पष्ट कार्ययोजना आवश्यक हुन्छ। र हरेक जिल्लाबाट साप्ताहिक रूपमा अपडेट लिने र त्यसलाई सार्वजनिक गर्ने व्यवस्था हुन आवश्यक छ। कुन जिल्लाले कति प्रगति गऱ्यो भन्ने विषय वेवसाइटमा नै हेर्न पाउने व्यवस्था हुनुपर्दछ। त्यसैगरी स्थानीय तहअनुसार नै वेवसाइटमा प्रगति हेर्न पाउनु पर्दछ। हरेक जिल्लालाई मूलतः लगत प्रमाणीकरण, जग्गा नापी र जग्गा वितरण आदि बढीमा ५ सूचक बनाएर टार्जेटअनुसारको अपडेट नलिने हो भने काम हुने छैन। केन्द्रीय आयोगको जिम्मेवारी अप्ठेरो परेको ठाउँमा गाँठो फुकाइदिने कार्यमा सहजीकरण हो।

आम सरोकारवालाहरूसँगको सहकार्यको वातावरण बनाउन सकिएन भने फेरि पनि काम नहुने स्थिति हुन्छ। अझ महत्वपूर्ण विषय भनेको यो समग्र प्रक्रियामा भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीको व्यापक सहभागिता र सक्रियता कसरी सुनिश्चित गर्ने ? यो नै आजको एक महत्वपूर्ण विषय हो। उनीहरूको सचेत सक्रियताबिना यो काम फेरि पनि अपुरो हुनेछ। र यदि सम्पन्न भइहाले पनि यसबाट जुन परिणाम ल्याउन खोजेको हो, त्यो परिणाम हात पर्ने छैन। र व्यापक रूपान्तरणको प्रक्रियालाई यसले सघाउँदैन।

तसर्थ भूमिहीन र अव्यवस्थित बसोबासीलाई जग्गा वितरण र व्यवस्थापनका प्रक्रिया, लगत सङ्कलन, निस्सा वितरण, जग्गा नापजाँच, जग्गा वितरण एवं कस्तो बेलामा कति जग्गा प्राप्त गर्छन् ? र स्वयम् भूमिहीन र अव्यवस्थित बसोबासीले सचेत हुनुपर्ने विषय के हो ? यसबारे समुदाय तहमा र अन्य प्रविधिको सहायता लिएर कार्यक्रम हुन जरुरी छ। उनीहरूलाई यस प्रक्रियाका हरेक पाइलामा सहभागी गराएर लैजान आवश्यक छ। यस कार्यका लागि स्थानीय तहको र भूमिहीन र अव्यवस्थित बसोबासीहरूको सङ्गठनको बढी भूमिका



हुन आवश्यक छ। यो काम आयोगबाहेकका एजेन्सीहरूले पनि गर्न गर्नुपर्दछ।

स्थानीय तहमा वडा र पालिकास्तरीय सहजीकरण समिति छ। यसमा पनि भूमिहीन र आवाससम्बन्धी सङ्गठनका प्रतिनिधिहरू समावेश गराउने प्रावधान छ। यी सहजीकरण समिति कार्यविधिको मर्मअनुसार गठन हुने र नियमित बैठक एवं छलफल हुने हो भने यसले एक खालको माहोल बनाउन सजिलो हुन्छ। साथै वडाले र स्थानीय तहले यस कार्यलाई कसरी प्रभावकारी बनाउने ? भन्ने विषयमा भूमिहीन र अव्यवस्थित बसोबासीहरूसँग छलफल गर्ने र लगत प्रमाणीकरण, जग्गा नापजाँच र वितरण प्रक्रियामा पनि उनीहरू र तिनका सङ्गठन भए तिनलाई समेत जिम्मेवार बनाउन आवश्यक छ। यसो भयो भने कैयन् समस्याको हल उनीहरूले नै निकाल्ने छन्। र यस प्रक्रियाको अपनत्व पनि लिने छन्। यसो नगरेर उनीहरूलाई तमासे मात्र बनाइयो वा किनारामा राखियो भने यो कार्य प्रभावकारी हुने छैन।

यसर्थ भूमिहीन र अव्यवस्थित बसोबासीलाई सचेत तुल्याउने, सक्रिय बनाउने र उनीहरू स्वयम्को स्वःपरिचालनबाट यो कामलाई अगाडि लैजानु पर्दछ। जग्गा वितरण गर्नुपूर्व सम्बन्धित वडा र स्थानीय तहको परिवेश विश्लेषण हुन जरुरी छ। यस्तो विश्लेषण समुदाय-समुदायको पनि हुन आवश्यक छ। यस्तो परिवेश विश्लेषणका आधारमा जग्गा वितरण गर्दा व्यवस्थित भूउपयोग र बस्ती विकास गरी जग्गाको स्वामित्व दिने महाअभियानको रूपमा यस कार्यलाई अगाडि बढाउन आवश्यक हुन्छ।

यो कार्य आयोग र स्थानीय तहले मात्र गरिदेलान् भनेर भूमिहीन र अव्यवस्थित बसोबासी बस्नु हुँदैन। स्वयम् आफ्ना सङ्गठनमार्फत यस कार्यका लागि पहल लिनु पर्दछ। स्वयम् परिचालित नभई स्थानीय तहको प्राथामिकता पनि नपर्न सक्छ। स्थानीय तहलाई झक्झकाउन र उनीहरूलाई सहयोग गर्न पनि भूमिहीन र अव्यवस्थित बसोबासीको अग्र-सक्रियता आवश्यक हुन्छ। यसका लागि एक अभियान खडा गर्न आवश्यक छ। आयोग नबन्दा सक्रिय हुने र आयोग बनेपछि चुप लागेर काम भएन भनेर गुनासो गरेर मात्र बसेर हुँदैन। गाउँ समुदाय, स्थानीय तह र जिल्लामा व्यापक परिचालन हुन आवश्यक छ। सङ्गठित शक्ति र परिचालन नै यस कार्य सफलताको महत्वपूर्ण आधार हो।

यसका लागि सबै भूमिहीन र अव्यवस्थित बसोबासीले सङ्गठितरूपमा जहाँ ठिक ढङ्गले काम भइरहेको छ। त्यहाँ सघाउने, जहाँ ठिक ढङ्गले काम भइरहेको छैन, वा ढिलोढाली छ, त्यहाँ खबरदारी गर्ने तर रचनात्मक हुने भूमिका आवश्यक छ। यतिखेर सक्रिय हुन सकिएन भने पछुताउनुपर्ने दिन आउनेछ। हो, अप्ठेराहरू छन् तर अप्ठेरोलाई सामना गर्दै अघि बढ्नुको विकल्प छैन। सबै सचेत ढङ्गले लागौं र एक महाअभियानको थालनी गरौँ। ✿



अनिता खरेल

# भूमि अधिकार आन्दोलन- आन्तरिक सामर्थ्यको परिचालन




जलवायु परिवर्तनको असर हामी सबैले धेरथोर महसुस गरी नै रहेका छौं । यसले भूमि, जल, जङ्गल र जीवित प्राणीलाई असर गरिरहेको छ । यसमा पनि सबैभन्दा बढी को प्रभावित हुन्छ त ? जोसँग खाने कुरा छैन, न्याना वा सग्ला लुगा छैनन्, सुरक्षित बासस्थान छैन, दिगो आयको स्रोत छैन, अनि आफ्नो सुरक्षा आफैं गर्नसक्ने क्षमता छैन । हो तिनै हुन्छन्, जलवायु परिवर्तनको असरबाट, प्राकृतिक विपत्तिबाट र राज्यबाट सबैभन्दा बढी प्रभावित ।

वर्गीय, जातीय तथा लैङ्गिक भेदभावका आधारमा पुस्तौंदेखि पछाडि पारिएका, दबाइएका र उत्पीडन भेल्दै आइरहेका गरिब, दलित, जोताहा एवम् सीमान्तकृत समुदाय आफ्नो दिगो बासस्थान र जीविकोपार्जनको आधार 'भूमि'माथिको अधिकार स्थापनाका लागि दशकौंदेखि सङ्घर्षरत छन् ।

यस सङ्घर्षमा विगत तीन दशकदेखि सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र दुई दशकदेखि राष्ट्रिय भूमि अधिकार मञ्च हातेमालो गर्दै सँगसँगै यात्रा गरिरहेका छन् । आवास र भूमिको हक सुनिश्चित नहुँदा यी समुदायको चौतर्फी प्रगति रोकिएको छ । र यही समुदाय जलवायु परिवर्तनको असरबाट सिर्जित प्राकृतिक विपत्तिको मारमा पर्ने क्रम बढ्दो छ ।

बदलिँदो परिवेशमा अधिकारको आन्दोलनका साथसाथै कृषि र जीविकोपार्जन सुनिश्चितताका लागि समेत अभियान जरुरी हुन पुगेको छ । 'भूमि-कृषि' अधिकार अभियानले भूमिहीन, दलित, सीमान्तकृत, जोखिमपूर्ण अवस्थामा रहेका समूह र समुदाय, सुकुमबासी तथा अव्यवस्थित बसोबासीहरूलाई अधिकारसहितको सुरक्षित बासस्थान तथा कृषि कर्म गरी जीविकोपार्जनलाई सुरक्षित एवम् व्यवस्थित बनाउनका लागि मार्ग निर्देशन गर्न सक्दछ ।

भूमि अधिकारलाई नेपालको संविधानले मात्र होइन, किसान तथा ग्रामीण श्रमिकको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र २०१८ (UNDROP 2018) ले समेत आधारभूत मानव अधिकारका रूपमा परिभाषित गरिसकेको छ ।

भूमि अधिकार हरेक व्यक्तिको प्राकृतिक अधिकार हो । भूमि छ र नै हामीले टेक्ने आधार पाएका छौं, बासस्थान पाएका छौं । अन्न उब्जनी गर्ने माध्यम पाएका छौं । अनि पाएका छौं, जीवन निर्वाह गर्ने अवसर ।

देशमा फेरि भूमि समस्या समाधान आयोग बनेको छ । यो भूमि आन्दोलनलाई सफलतातर्फ उन्मुख गराउने अवसर पनि हो । जिल्ला जिल्लामा, गाउँ गाउँमा सङ्गठनहरू जाग्नुपर्ने बेला हो यो । नियमित खबरदारीबिना कानुन र नीतिनियमको कार्यान्वयन सम्भव हुँदैन, किनभने राज्यको संरचनामा गरिब, भूमिहीन, सीमान्तकृत समुदायलाई माया गर्ने र पक्षधरता लिनेभन्दा पहुँच र अधिकारको दुरुपयोग गरी स्वयम् फाइदा लिन चाहने तत्वको बढी सक्रियता रहने गर्दछ ।

यो विषय जति जटिल छ, उत्तिकै वास्तविक पनि छ । तसर्थ, आफ्नो अधिकार सुनिश्चितताका लागि स्वयम् भूमिहीन र पुस्तौंपुस्तादेखि अपहेलना सहँदै आएका वर्ग अघि बढ्नु, अधिकार दाबी गर्नु र आवाज उठाउँदै खबरदारी गर्नु अपरिहार्य छ ।

आन्दोलन त गर्ने, अगुवा तथा कार्यकर्ता परिचालन पनि गर्ने, तर कसरी ? आर्थिक स्रोतको आधार के हो ? कसरी जुट्छ ? यो प्रश्न आन्दोलनको दृष्टिकोणबाट जटिल अवश्य छ तर यसको जवाफ हामी आफैंसँग छ । गरिब, उत्पीडित समुदाय हिजो दासप्रथा विरुद्ध, उन्मुक्तिका लागि स्वइच्छाले लड्यो, र आज पनि स्वइच्छाले भूमि अधिकारका लागि आन्दोलन गरिरहेकै छ ।

सहज र लचिलो आर्थिक स्रोत नभए तापनि माना-चामल मुठी दान उठाएर, दाउरा बालेर, पकाएर, टपरीमा खाएर, महिनौंसम्म खुला आकाशमुनि सुतेर पनि आन्दोलन गरेको इतिहास हामीसँग छ । पैदल यात्रा गरेरै भएपनि हाम्रा कृषक महिला दिदीबहिनीहरूले दशौं दिन अन्तर-जिल्ला यात्रा गरेर आफ्नो अधिकारका लागि आवाज उठाएको र हक सुनिश्चित गरेको उदाहरण पनि हामीसँगै छ । भलै हामीसँग आर्थिक स्रोतको कमी होला, तर परिचालित हुन सक्ने जनशक्ति पर्याप्त छ ।

मानवस्रोत सबैभन्दा महत्वपूर्ण स्रोत हो र अधिकार प्राप्तिको आशा सबैभन्दा ठूलो

ऊर्जा। यिनको सही उपयोग र परिचालन आजको परिवेशमा अपरिहार्य छ। अझ महत्वपूर्ण कुरा त के हो भने, हामीसँग अभियानका लागि थप दक्ष युवा जनशक्ति निर्माण गर्न सक्ने क्षमता छ, अनुभव छ, ज्ञान छ।

हामीले अभियानको दृढ अठोट लिएर अघि बढ्दा नभई नहुने आर्थिक स्रोत पनि अभियानले जुटाउँदै लग्नेछ। अभियान र स्रोतको जोहो एक आपसमा जोडिएका विषय पनि हुन्।

## आर्थिक स्रोत निर्माणमा गर्न सकिने पहलहरू :

### एक : स्थानीय स्तरमा आम्दानीको आधार निर्माण

भूमिहीन किसान, जोसँग आफ्नो खेतीयोग्य जमिन छैन। उनीहरूलाई खेतीयोग्य जमिनमा निश्चित समयको लागि पहुँच दिलाउन र उत्पादनमुखी कार्यमा सहभागी गराउन भूमि अधिकार मञ्चले स्थानीय तहसँगको समन्वयमा स्थानीय भूउपयोग योजना बनाउनमा योगदान पुर्‍याउन सक्नुपर्छ।

भूउपयोग योजनामा जमिन बाँझो रहन नदिने र लामो समयसम्मको लागि खेतीयोग्य जमिनमा करारगत रूपमा भूमिहीन किसानहरूको पहुँच पुग्न सक्ने वातावरण निर्माण गर्न सक्नुपर्दछ।

हाम्रै वरिपरि कुहिएर खेर गइरहेका कृषिजन्य उत्पादनहरूलाई बजारसम्मको पहुँच दिलाउन, तथा प्रशोधन गरी नयाँ उत्पादनको रूपमा विकास गर्न सकिने साना उद्योग स्थापनाका लागि स्थानीय तहसँग समन्वय गर्न सक्नुपर्दछ।

यसले भूमिमाथि हक स्थापना नभइसकेको अवस्थामा पनि भूमिहीन र गरिब समुदायलाई रोजगारीको अवसर सिर्जना गर्दछ। भूक्षय तथा प्राकृतिक विनाशलाई कम गर्नमा समेत योगदान पुर्‍याउनेछ। साथै, यसरी आम्दानी सुनिश्चित गर्न सकिने अवस्था सिर्जना भएपछि न्यूनतम् रकम मञ्चको आन्दोलन कोषमा योगदानको रूपमा सङ्कलन गर्न सकिने छ।

### दुई : सिपको उपयोग

मञ्चका सदस्यहरू आत्मनिर्भर बन्न सकेमात्र मञ्च बलियो हुने अवस्था सिर्जना हुने हो। यसर्थ मञ्चले आफ्ना सदस्यहरू, अगुवा र कार्यकर्ताहरूलाई उत्पादनमुखी नबनाई सुखै छैन।

मञ्च आफैं उत्पादनमुखी नबनी, उदाहरणीय नबनी हुँदैहुँदैन। आन्दोलनका लागि अत्यावश्यक आन्दोलन कोष मञ्चले आफैं निर्माण गर्ने आधार र वातावरण निर्माणका लागि समेत हरेक गाउँ, जिल्ला, प्रदेश र राष्ट्रिय मञ्चका सदस्यहरू उत्पादनमुखी बन्नैपर्दछ।

मञ्चका सदस्यहरू किसान हुन्। जसरी माटोका डल्लालाई फुटाएर, सम्याएर, मलजल हालेर एउटा बीउबाट बिरुवाको सिर्जना गर्न सकिन्छ, त्यसरी नै उनीहरूसँग खोस्टालाई मिलाएर, सम्याएर, बुनेर एउटा सुन्दर कलात्मक वस्तुमा परिवर्तन गर्न सक्ने सिप हुन्छ।

उनीहरू निर्माणकर्ता हुन्, सर्जक हुन्। कोहीसँग गुन्द्री बुन्ने सिप होला, भने कोहीसँग ढकिया, कोहीसँग बाँसका फर्निचर बनाउने सिप होला त कोहीसँग काठमा कला कुँद्ने सिप होला। यस्ता अनेकौं सिपको उपयोग गरी उत्पादनमुखी बनेर जीवन निर्वाह गरिरहेका मञ्चका सदस्यहरूको पहिचान हुन जरुरी छ।

उनीहरूले आफ्नो सिप अन्य जिल्ला तथा गाउँ मञ्चका सदस्यहरूलाई पनि आदान-प्रदान गर्न सक्छन्। आफ्नो सन्तानको शिक्षा-दीक्षा र खान-पीनका लागि जसरी उनीहरूले आजसम्म सङ्घर्ष गरिरहेका छन्, अब एकपल्ट फेरि आन्दोलनको सफलताका लागि सङ्गठनलाई पनि आफ्नै घर र सङ्गठनका सदस्यहरूलाई आफ्नै परिवार, समुदायका सदस्य सम्झिएर आफ्नो सिपबाट आर्जन गरिएको थोरै स्रोत योगदान दिई आन्दोलन कोष निर्माणमा सहजीकरण र योगदान दिनको लागि उत्प्रेरित गर्नुपर्दछ।

### तीन : सङ्गठन निर्माण तथा विस्तार

भूमि अधिकार आन्दोलनबाट सङ्घर्ष गर्दै राजनीतिक पद, प्रतिष्ठा प्राप्त गर्न सफल धेरै जनप्रतिनिधिहरू, सांसद्हरू एवम् भूमि आयोगका सदस्यहरू आज हामी माझ हुनुहुन्छ। हाम्रा अगुवा अभियानकर्मीहरू न्याय प्राप्त गर्न र दिलाउन आवाज उठाउन सक्ने स्थानमा पुग्नु भनेको आन्दोलनको जीत पनि हो।

यस्तो परिस्थितिमा मञ्च अझ धेरै बलियो भएर उभिन सक्नुपर्दछ। आज परिस्थिति भूमिहीन समुदायको पक्ष अनुकुल छ। संविधान, कानुन, तथा कार्यादेशहरूमा उनीहरूको हक सुनिश्चितताको लागि आधार बनिरहेको अवस्था छ।

यस्तो परिवेशमा, देशभरिमा भूमिहीन परिवारको सङ्ख्या लाखमा गणना हुँदै गर्दा मञ्चका सदस्यहरूको सङ्ख्या लाखौंमा गणना गर्ने अवस्था सिर्जना गर्न सक्नुपर्दछ। भूमिसम्बन्धी समस्या रहेका हरेक जिल्लामा जिल्ला मञ्च र गाउँ मञ्च गठन गर्ने अनि मञ्चमा युवापिँढीको सदस्यता वृद्धिका लागि राष्ट्रिय मञ्चले भूमिका निर्वाह गर्नुपर्दछ।

यसका लागि सामाजिक सञ्जालको समेत उपयोग गर्न सकिन्छ। छोटा र ज्ञानवर्द्धक भिडियोहरू बनाएर भूमिहीन, सीमान्तकृत समुदायसम्म पुग्ने अवस्था सिर्जना गर्न सकियो भने, सङ्गठन निर्माण र सङ्गठनमा आवद्धताको महत्व बुझाउन सकिनेछ। उनीहरू आफैं सङ्गठन निर्माण गर्न अघि सर्नेछन्। यसरी आन्दोलन कोषलाई थप विस्तार गर्न र मजबुत बनाउन सकिनेछ। राष्ट्रिय मञ्चले आफ्नो सङ्गठन विस्तार गरेर, सदस्य सङ्ख्या अत्यधिक बढाएर आफूलाई यति बलियो बनाउन सक्नुपर्छ कि कुनै एउटा सन्काहा दिमागले चाहँदैमा कुनै पनि भूमिहीन, सुकुमबासी वा अव्यवस्थित बसोबासीको बस्तीमा दिनदहाडै डोजर चलाउने आँट गर्न नसकोस्।

मञ्चले सङ्घीय तहमासमेत आफ्नो बलियो उपस्थितिको आभास दिनसक्ने गरी, रातारात लाखौं जनशक्ति सडकमा उतार्न सक्ने गरी, बलियो उपस्थिति निर्माण गर्न सक्नुपर्दछ। नयाँ सङ्गठन निर्माण तथा स्थापित सङ्गठनहरूको सक्रियताका लागि राष्ट्रिय मञ्चले राष्ट्रिय कार्ययोजना निर्माण गरी गाउँदेखि जिल्ला, जिल्लादेखि प्रदेशहुँदै सङ्घसम्म एउटै आवाज गुञ्जायमान हुने अवस्था सिर्जना गर्नुपर्दछ।

### चार : ज्ञान स्रोत केन्द्र स्थापना तथा सञ्चालन

आत्मनिर्भर केन्द्र भूमिसम्बन्धी समस्या र विषयहरूमा केन्द्रित रहेर वकालत तथा नीतिगत तहमा काम गर्दै आएको अनुभव र

ज्ञानका आधारमा आज आफूलाई राष्ट्रिय तहमै भूमि अधिकारका क्षेत्रमा अग्रणी संस्थाको रूपमा उभ्याउन सफल भएको छ।

साथै राष्ट्रिय भूमि अधिकार मञ्चसँग रहेको ज्ञान, अनुभव, सङ्गठन र सदस्यहरूको उत्पीडन र सङ्घर्षको कथा भूमि अधिकार आन्दोलनको सम्पत्ति हो। यति बिघ्न अथाह ज्ञान र अनुभव आफैँमा महत्वपूर्ण स्रोत हुनुका साथै आर्थिक स्रोत निर्माणमा समेत यसले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछ।

आजका युवापुस्ता सामाजिक आन्दोलनबारे बुझ्न, सिक्न चाहन्छ। यो पुस्ताले सामाजिक आन्दोलनलाई आत्मसात् गर्न अत्यन्त जरुरी पनि छ। समाजमा विद्यमान बेथिति, अराजकता, नकारात्मक मनस्थिति, भ्रष्टाचार र आचरणजन्य समस्याहरूको चुरोसम्म पुग्न, समाज निर्माणको इतिहास बुझ्न, राज्यको संरचनाको फेरबदलको स्थिति अध्ययन गर्न, उत्पादन र बजारबीचको सम्बन्धको सुक्ष्म अध्ययन गर्न, र समग्र सामाजिक संरचनाबारे वस्तुगत धारणा स्पष्ट पार्नका लागि पनि सामाजिक चेतना अपरिहार्य छ।

कानुन, नीतिनियम र व्यवस्थाका कुरा जोकोहीले बुझ्न सक्दैनन् किनभने विषयगत रूपमा यसका भाषा तथा व्याख्या जटिल प्रकृतिका हुन्छन्। त्यसैले पनि संविधान र नीति नियममा उल्लेख गरिएका अधिकार हरूमा सम्बन्धित वर्गको पहुँच स्थापना हुन सकेको छैन।

अप्ठेरो परिस्थिति निर्माण गर्न चाहने समूहले गलत व्याख्या तथा अन्यौलता सिर्जना गर्नमा कानुनकै भाषाको प्रयोग गर्ने गर्दछन्। यस्तो परिस्थितिलाई चिर्न र नयाँ पुस्ताका भूमि-कृषि अभियानकर्मीको उत्पादनका लागि आत्मनिर्भर केन्द्र र मञ्चले आफ्नो अनुभव र विज्ञताको भरपूर प्रयोग गर्नुपर्ने समय आइसकेको छ।

यसका लागि ज्ञान स्रोत केन्द्रको स्थापना गरी, न्यूनतम शुल्क लिई युवापुस्तालाई ज्ञान हस्तान्तरण गर्न सकिन्छ। प्रशिक्षण दिन सकिन्छ र विश्वविद्यालय अध्ययन गरिरहेका विद्यार्थीहरूको थेसिस लेखन कार्यलाई समेत सहजीकरण गर्न सकिन्छ। यस्तो स्रोतले आन्दोलनमा अगुवा र कार्यकर्ता परिचालनका लागि असाध्यै ठूलो योगदान पुऱ्याउन मद्दत गर्छ। ✿



रघुनाथ लामिछाने

# भूमि आयोगले निर्क्योल गर्नैपर्ने एउटा सवाल



## कुरा रातो र सेतोको

कञ्चनपुरको कृष्णपुर नगरपालिका वडा नं. ३ मा पर्छ कटान। अपवादबाहेक यहाँ बस्नेहरू सबै भूमिहीन हुन्। त्यसैले सबै बासिन्दा ऐलानी जमिनमा बस्छन्। भूमिहीन र अव्यवस्थित बसोबासीलाई जमिन उपलब्ध गराउन गठित भूमि समस्या समाधान आयोगले अन्यत्र जस्तै यहाँ पनि निवेदन माग गरेको थियो। त्यतिबेला भूमिहीनले रातो र अव्यवस्थित बसोबासीले सेतो फारम भर्नुपर्ने भनिएको थियो। तर यहाँका धेरैले भूमिहीन भएबापत रातो फारम भर्नुपर्नेमा सेतो फारम भरेर बुझाएका छन्।

यसरी भूमिहीन भए पनि सेतो फारम भर्ने बस्तीमा कटान एक्लो छैन। कृष्णपुरकै वडा नं. १ मा पर्ने सुन्दरीफाँटाका ऐलानीमा बस्नेले पनि सेतो फारम नै भरेका छन्। अनि अन्यत्रका बासिन्दाको हालत पनि करिब करिब यही हो। यसरी हेर्दा सुकुमबासी र अव्यवस्थित बसोबासीको तथ्याङ्क मात्र हैन, उनीहरूले भोगचलन गरेका जमिन र उपलब्ध गराउनुपर्ने अनुमानसमेत अलमलमा पर्ने अवस्था छ।

## सुकुमबासी र अव्यवस्थित बसोबासीबीच फरक

यस्तो अवस्थामा सुकुमबासी अर्थात् भूमिहीन र अव्यवस्थित बसोबासी को हुन् त भनी प्रष्ट हुनु जरुरी छ। भूमिसम्बन्धी ऐन २०२१ तथा नियमहरू २०२१ ले नेपाल राज्यभित्र आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा जग्गा जमिन नभएको र आफ्नो वा आफ्नो परिवारको आय आर्जन, स्रोत वा प्रयासबाट जग्गाको प्रबन्ध गर्न असमर्थ व्यक्तिलाई भूमिहीन सुकुमबासी जनाउनेछ भनेको छ। सो शब्दले निजप्रति आश्रित परिवारका सदस्यसमेतलाई जनाउने पनि

उल्लेख गरेको छ।

त्यस्तै अव्यवस्थित बसोबासी भन्नाले सरकारी, ऐलानी, पर्ती वा सरकारी अभिलेखमा वन जनिएको भए तापनि लामो समय (कम्तीमा १० वर्ष) देखि आबाद कमोत गरी घर टहरा बनाई बसोबास गरेका व्यक्तिहरू जसको आर्थिक अवस्था, बसोबासको स्थिति, जग्गाको प्रकृति, जग्गाको क्षेत्रफल, मूल्याङ्कन, आबाद कमोतको अवधि र अन्यत्र जग्गा भए/नभएको आधारमा वर्गीकरण गरिएको हुन्छ र सो शब्दले निजप्रति आश्रित परिवारका सदस्यसमेतलाई जनाउँछ भनिएको छ।

## समस्याको स्रोत

यो समस्या कसरी उत्पन्न भयो भन्ने कुरा उनीहरूले पाउने जग्गाको क्षेत्रफलमा भर पर्छ। त्यसैले सबैभन्दा पहिले सुकुमबासी र अव्यवस्थित बसोबासीलाई दिन सकिने जग्गाबारेको व्यवस्था हेरौं।

भूमिहीन दलित, भूमिहीन सुकुमबासीको परिवारले काठमाडौं उपत्यका, महानगरपालिका, उपमहानगरपालिका वा नगरपालिकाको शहरी क्षेत्रमा १३० वर्गमिटर (१ कठ्ठामा ३३८.६३ वर्गमिटर हुन्छ भने १ रोपनीमा ५०८.७२ वर्गमिटर हुन्छ) सम्म जग्गा पाउँछन् भने अन्य क्षेत्रमा आवास प्रयोजनका लागि ३४० वर्गमिटरसम्म जग्गा पाउँछन्।

कृषि प्रयोजनका लागि तराई र भित्री मधेसमा २००० वर्गमिटर र पहाड तथा हिमालमा ३००० वर्गमिटरसम्म जग्गा पाउँछन्। काठमाडौं उपत्यकालगायत शहरी क्षेत्रमा भने कृषिका लागि भनेर जग्गा दिइन्न। यदि भूमिहीनले माथि उल्लिखित भन्दा बढी जमिन आबाद कमोत गरेको र त्यो सबै लिन चाहेमा भने अव्यवस्थित बसोबासीले तिर्नुपर्ने जति दस्तुर तिर्नुपर्छ।

यसैगरी अव्यवस्थित बसोबासीलाई आवासका लागि काठमाडौं उपत्यका वा शहरी क्षेत्रमा १३० वर्गमिटर (संरचना निर्माण गरेको वा भोग गरेकामा ४६ वर्गमिटर थप हुने) र अन्य क्षेत्रमा १००० वर्गमिटरसम्म जग्गा उपलब्ध हुन सक्छ। कृषिका लागि काठमाडौं वा शहरी क्षेत्रबाहेक अन्य क्षेत्रमा १ हेक्टरसम्म जग्गा उपलब्ध हुन सक्छ।

अव्यवस्थित बसोबासीलाई उपलब्ध गराइने जग्गा भने सुकुमबासीलाई जस्तो निःशुल्क हैन, पैसा तिरेर उपलब्ध गराइन्छ। जुन ऐलानी वा अन्य सरकारी जग्गा वा अभिलेखमा वन क्षेत्र जनिएको भए तापनि आवादीमा परिणत भएको जग्गामा कम्तीमा १० वर्षअघिदेखि आवाद कमोत गरिआएको हुनुपर्छ।

त्यसैगरी आर्थिकरूपले विपन्न अव्यवस्थित बसोबासीले आवासका लागि १३० वर्गमिटर र कृषिका लागि १५०० वर्गमिटरसम्म आबाद गरेको भए तोकिएको दस्तुरको २५ प्रतिशत दस्तुर बुझाई जग्गा प्राप्त गर्न सक्ने व्यवस्था पनि छ।

यसरी हेर्दा यहाँ सुकुमबासी र अव्यवस्थित बसोबासी के हो भन्नेबारे गोलमाल हुनुमा २ वटा मुख्य कारण देखिन्छ। पहिलो- जसले फारम भर्न सहजीकरण गर्‍यो उसलाई नै यी २ फारमबीचको भिन्नता थाहा भएन। त्यसैले उसले बुझाउन सकेन र जसले जे मन लाग्छ त्यही भरे।

> **कृषि प्रयोजनका लागि तराई र भित्री मधेसमा २००० वर्गमिटर र पहाड तथा हिमालमा ३००० वर्गमिटरसम्म जग्गा पाउँछन्।**

दोस्रो- भूमिहीनलाई तोकिएको मात्र जग्गा दिइन्छ। यसो गर्दा आफूले कमाइरहेको धेरै जग्गा गुम्छ भन्ने बुझाइ। यदि अव्यवस्थित बसोबासीको फारम भरेमा आफूले आबाद कमोत गरेको सबै जमिन आफैँले पाइन्छ भन्ने बुझाइ। यस्तो बुझाइ अरूको लहैलहैमा लागेर भएको पनि देखिन्छ भने कतिपयचाहिँ आफैं बढी जान्ने भएकाले पनि देखिन्छ।

## कहाँ पर्‍यो गाँठो ?

भूमि समस्या समाधान आयोग गठनको उद्देश्य नै सुकुमबासी र अव्यवस्थित बसोबासीलाई जमिनको स्वामित्व दिलाउने हो।

यसका लागि सर्वप्रथम आयोगले मुलुकमा कति भूमिहीन छन् र कति अव्यवस्थित बसोबासी छन् भन्ने निर्क्योल गर्नु जरुरी छ। त्यसो त आयोगको पछिल्लो तथ्याङ्कअनुसार भूमिहीन दलित ८७,२८८, भूमिहीन सुकुमबासी १६५,६२४ र अव्यवस्थित बसोबासी ८४९,९११ को निवेदन प्रणालीमा प्रवृष्टिकृत भएका छन्। यी सबै जोड्दा १,१०२,८२३ हुन आउँछ।

तर माथि उल्लिखित घटनाजस्तै धेरै ठाउँमा सुकुमबासीको फारम भर्नुपर्नेले अव्यवस्थितको फारम भरेको अवस्थामा आयोगको यो तथ्याङ्क सही छ भन्ने देखिन्न। जसलाई जग्गा वितरण गर्नुपर्ने हो वा जसको समस्या समाधान गर्नुपर्ने हो, त्यसकै सङ्ख्या एकिन नभएको अवस्थामा कसरी समस्या समाधान हुन सक्छ ? यो प्रश्नले देखाउँछ कि तथ्याङ्क लिने अर्थात् फारम भर्ने बेलामा नै त्रुटि भयो। त्रुटियुक्त तथ्याङ्कका आधारमा खोजिने समाधान अब यही कारण जटिल बन्ने देखिँदैछ। यसतर्फ आयोगले अहिले नै विचार पुर्‍याएन भने गाँठो झनै कसिलो हुने र फुकाउनै नसकिने अवस्थामा पुग्ने निश्चित छ।

## अब के गर्ने त ?

यो दुनियाँमा उपायविहीन केही हुनै सक्दैन। त्यसैले सर्वप्रथम सञ्चार माध्यम र सम्बन्धित अड्डाहरू तथा वडा पालिकाहरूद्वारा सेतो र रातो फारमको उद्देश्य प्रष्ट पार्नुपर्छ।

जसले बुझेर वा नबुझेर भर्नुपर्ने सट्टा अर्को फारम भरेको छ, उसलाई सच्याउन निवेदन (फरम्याट उपलब्ध गराउने) दिन लगाउनुपर्छ।

सिफारिस गर्ने अधिकार प्राप्तवालाहरूलाई पनि आफ्नो सिफारिस सच्याउने र गल्ती दोहोर्‍याएमा सजाय पनि दोब्बर हुने नियम जारी गर्नुपर्छ।

यसो गरेमा मात्र वास्तविक सुकुमबासी र अव्यवस्थित बसोबासीको यकिन तथ्याङ्क प्राप्त हुनेछ। जसले आयोगलाई वास्तविक लाभग्राही पहिचान गर्न, तिनका प्रकार थाहा पाउन र सोहीअनुसार जग्गा प्राप्तिको बाटो अपनाउन तथा वितरण गर्न मद्दत पुग्छ। आखिर रोग नै पत्ता नलगाई गरिने उपचार बालुवामा पानीबाहेक अरू के नै हुन सक्छ र ? ✿



# हरिप्रसाद रिजाल

## अध्यक्ष, भूमि समस्या समाधान आयोग

### आयोगले अहिले के गरिरहेको छ ?

७७ वटै जिल्ला समितिहरू बनेका छन्। कार्यविधिहरू बनाएर कार्यान्वयनमा ल्याएका छौं। आयोगको कार्यान्यवन योजना बनाएका छौं। आयोगका सदस्यहरूलाई प्रदेश तोकी कार्य विभाजन गरेका छौं। स्थानीय तह र जिल्ला समितिहरूलाई प्रशिक्षण गरिरहेका छौं। यस अवधिमा २५ जिल्लाभन्दा बढी ठाउँमा पुगेर यस कार्यलाई अभियानकै रूपमा अघि बढाएको छौं।

### यो आयोगले पूराना आयोगका कामलाई नै निरन्तरता दिने हो ?

यस विषयमा गठन आदेशले स्पष्ट बोलेको छ। अघिल्लो आयोगले गरेको काम जुन अवस्थामा स्थगित भएको छ, सोही विन्दुबाट नै कामलाई अघि बढाउने हो। नयाँ कार्य-प्रक्रिया थालनी गरेर कामलाई लम्ब्याउने अवस्थामा छैनौं। यथासक्य नतिजा दिने गरी काम गर्ने छौं। केही स्थानीय तहमा जग्गाधनी प्रमाणपुर्जा वितरणको काम शुरु भइसक्यो।

### आयोगले तयार गरेको कार्यविधि केके हुन् ?

लगत सङ्कलनसम्बन्धी कार्यविधि २०८१, भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरणको आधार र मापदण्ड, २०८१, भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८१ र विगतका आयोग, समिति र कार्यदलका बाँकी काम सम्पन्न गर्ने सम्बन्धी कार्यविधि, २०८१ निर्माण गरि कार्यान्वयनमा ल्याएका छौं।

### आयोग सफल हुन कसरी काम गर्दै छ ?

हाम्रो लक्ष्य सबै भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीले जग्गा पाउन् भन्ने हो। सबैको बसोबास सुरक्षित हुनुपर्छ। तीन वर्षभित्र आयोगमा दर्ता भएका ११ लाखभन्दा बढी निवेदनको छिनोफानो गर्ने हो।

अवस्था विगतको जस्तै छैन, अहिले सरकार पूर्ण बहुमत भएको हुनाले तीन वर्ष काम गर्न पाउने आशा छ। सबै निवेदन पेश गर्ने भूमिहीन एवं अव्यवस्थित बसोबासीलाई जग्गाधनी प्रमाणपुर्जा उपलव्ध गराउने हाम्रो लक्ष्य छ। यो काममा स्थानीय सरकारलाई बढी जिम्मेवार बनाउने गरी अघि बढेका छौं। नापी टोलीलाई धेरै नै सक्रिय गराएर जग्गा नापी कार्यलाई तिव्रता दिनेछौं। हामी योजनाबद्व काम गरी नतिजा दिनेछौं।

### अव्यवस्थित बसोबासीले बुझाउनुपर्ने राजश्व बढी भएको भन्ने विषय कसरी सम्बोधन हुन्छ ?

विगतका आयोगले पनि यस विषयमा चासो लिएको रहेछ। सरकारले यस विषयमा सम्बोधन गर्न आवश्यक गृहकार्य गरिरहेको छ। पहिलो चरणमा भूमिहीन दलित र भूमिहीन सुकुमबासीको काम अघि बढाउने भएको हुँदा उनीहरूले राजश्व तिर्नुपर्ने अवस्था छैन। त्यस कामलाई अघि बढाउँछौं। र यसबिचमा अव्यवहारिक देखिएको राजश्वको विषयमा पनि आवश्यक नीतिगत निर्णय भईसकेको छ।

### भूमिहीन र अव्यवस्थित बसोबासीको समस्या समाधानको लागि स्थानीय सरकारलाई अझ बढी क्रियाशील कसरी बनाउन सकिएला ?

यो कामको लागि स्थानीय सरकार जिम्मेवार भएर नै लागिरहेका पायौं। केही स्थानीय तहमा परिणाम नआउलाकी भनेर पनि अलमल भएको छ। तर, सहजीकरण गरिरहेका छौं। कानुनी प्रक्रियालाई सरल सहज बनाइदिएका छौं। नापी कार्यको लागि अमिन र सर्वेक्षकहरू खटाइसकेका छौं, यसमार्फत पनि स्थानीय तहलाई सहजीकरण गर्न सक्छौं।

### यो अभियानमा स्वयम् भूमिहीन, अव्यवस्थित बसोबासी, नागरिक संघ, सङ्गठन र राजनीतिक दलको सहभागिता के कसरी भइरहेको छ ?

यो एउटा अभियान हो। यसमा सबैको सहयोग र सहकार्य जरुरी छ। यस क्षेत्रमा क्रियाशील संस्थाहरूसँग सहकार्य अघि बढाइसकेका छौं। भूमिहीनका समस्या समाधान गर्ने सवाल सबैको चासो र प्राथमिकताको विषय हो र हुनुपर्छ। नागरिक समाज, राजनीतिक दल र सम्बन्धित सरोकारवालाको सहभागिता, अनुभव र सहकार्य गर्दै जाने योजना छ। यसमा सरकार र आयोग मात्रै होइन, सम्बन्धित भूमिहीन र अव्यवस्थित बसोबासीको पनि सक्रिय सहभागिता भयो भने लक्ष्य र उद्देश्यमा पनि पुग्न सहज हुनेछ।

### तपाइँको कार्यकालभित्रै सबै भूमिहीनका समस्या समाधान हुन्छ भनेर विश्वास गर्ने आधारहरू के छन् ?

६०० अमिन र ४०० सर्वेक्षक नियुक्त गरी परिचालन गरिसकेका छौं। भविष्यमा पनि यसलाई बढाएर नापी कार्यलाई तिव्रता दिने र लालपुर्जा वितरण गर्ने योजना बनाइसकेका छौं। सबै पदाधिकारीहरूलाई जिम्मेवारी नै तोकी कार्ययोजना बनाएर काम अघि बढाएको र सोअनुसार जिल्ला जिल्लामा पनि आफैं पुगिरहेका छौं। सरकारको पनि यो विषय प्राथमिकतामा छ। त्यसैले आयोगको कार्यकालभित्रै सबै भूमिहीन र अव्यवस्थित बसोबासीले लालपुर्जा पाउने छन्।



# केशव निरौला

## पूर्वअध्यक्ष, राष्ट्रिय भूमि आयोग-२०७८

**यहाँले आयोगमा रहँदा भूमिहीनता र अव्यवस्थित बसोबासीको समस्या कस्तो पाउनु भयो ?**

राष्ट्रिय भूमि आयोगमा रहेर लगभग २४ महिना काम गरेँ। १२ लाख जति अव्यवस्थित बसोबासी परिवारले सरकारी जमिन प्रयोग गरिरहेको देखिन्छ। यसलाई औपचारिक नगर्दा अर्बौं रुपियाँ राजश्व प्राप्त भइरहेको छैन। ती परिवारको पनि आर्थिक कारोवारमा समस्या देखिन्छ।

भूमिहीन दलित र भूमिहीन सुकुमबासीको समस्या पनि उत्तिकै टड्कारो छ। निवेदन पेश गरेकोगऱ्यै छन्, तर लालपुर्जा पाउन सकिरहेका छैनन्।

हामीले आयोगमा बसेर भूमिको समस्या पहिचान गर्न सक्यौं। यो समस्या वर्षौंदेखि बाँकी रहेछ। तर, राज्यको इच्छाशक्ति भने यस सम्बन्धमा कमजोर पायौं। प्रशासनिक नेतृत्वको इच्छाशक्ति झन् कमजोर छ। राजनीतिक शक्तिहरूबीच पनि एकमत छैन।

**तपाईंको कार्यकालमा भएका मुख्य उपलब्धिहरू के के हुन् ?**

७२७ स्थानीय तहसँग आयोगले सम्झौता गरी भूमिहीन एवं अव्यवस्थित बसोबासीको जग्गा व्यवस्थापनको कामलाई प्राथमिकता दिएर अघि बढाएका थियौं। स्थानीय सहजीकरण समितिहरू क्रियाशील थिए।

करिब ११ लाख निवेदनको प्रविष्टिकरण सकिएको थियो। ५५०० परिवारलाई लालपुर्जा वितरण गरिएको थियो। २ लाख ५० हजारभन्दा बढी कित्ता जग्गा नापी पनि सकिएको थियो।

**चुनौतीहरू के भोग्नु पऱ्यो ?**

ऐन, नियम र कानुन एक आपसमा प्रष्ट थिएनन्। पुर्जा लिन अव्यवस्थित बसोबासीले तिर्नुपर्ने कर/राजश्व बढी हुनु र तिर्न नसक्नु, अर्को जटिल समस्या थियो। जिल्ला समितिमा आयोगमा नियुक्ती पाएकाभन्दा सरकारी संयन्त्रका प्रतिनिधिको बहुमत हुनु र निर्णय गर्नमा कठिनाइ हुनु चुनौती थियो। नाप, नक्सा प्रणालीमा देखिएका झमेलाहरू बढी चुनौतीका रूपमा खडा भए, जसले गर्दा निवेदन पेश गरेका सबै परिवारले लालपुर्जा पाउन सकेनन्।

**चाहेर पनि गर्न नसकिएका केही कामहरू ?**

केन्द्रको आयोगले मात्र चाहेर नहुने रहेछ, जिल्ला समिति, स्थानीय सरकार, स्थानीय सहजीकरण समिति र नापी टोलीको पनि भूमिका उत्तिकै महत्वपूर्ण हुने रहेछ। यस समस्याप्रति सबैको सक्रियता नहुँदा हामीले चाहे जसरी उपलब्धि देखाउने गरी काम गर्न सकेनौं।

यो विषयले मलाई अहिले पनि चिन्ता लाग्छ। त्यसैले अहिले बनेको आयोगका पदाधिकारीहरूलाई पनि मैले भनेको छु, म नजिक रहेर सहयोग गर्छु', भूमिहीनका समस्या समाधानको लागि हरदम सहयोग गर्नेछु।

**आयोगहरू बनिरहेका छन् तर, समस्या बाँकी नै छ। तपाईंको विचारमा किन यस्तो भइरहेको होला ?**

हो, २०४६ सालयता धेरै पटक आयोग/समितिहरू बनेको देखिन्छ। आयोगहरू बन्ने र विघटन हुने क्रम बारम्बार भएको देखिन्छ। कुनै पनि आयोग तथा समितिहरूले पूरा कार्यकाल काम गर्न पाएको देखिँदैन।

यसको मूल कारण भनेको अस्थिर सरकार र राजनीतिक प्रणाली नै हो। सरकार बन्ने र भत्किने प्रक्रियाको सिकार भूमि आयोगहरू पनि भएका छन्।

आयोगलाई नटेर्ने सरकारी संयन्त्र, भूमिहीनका समस्या समाधानमा अनिच्छुकता देखाउने कर्मचारीतन्त्र, यी आदि कारणले भूमिहीनको व्यवस्थापन कार्य लम्बिरहेको हो भन्ने लाग्छ।

**नयाँ बनेको आयोगलाई यहाँको सुझाव ?**

नवगठित आयोगले विगतको कामलाई जहाँ जे अवस्थामा छ त्यहीँबाट अघि बढाउने हो भने छिट्टै रिजल्ट दिन सक्छ। भूमि आयोगसँग भूमिहीन जनताको ठूलो आशा र भरोसा छ। नयाँ आयोगले विगतबाट पाठ सिक्दै ऐन, कानुन र कार्यविधिहरू सरल बनाएर काम थालनी गर्नुपर्छ।

प्राविधिक जनशक्ति पर्याप्त व्यवस्थापन गर्नुपर्छ र उनीहरूको क्षमता विकास र परिचालनमा विशेष ध्यान दिनुपर्छ। लगत सङ्कलन र प्रविष्टिकरणको काम पनि सकिएको छ।

अब, जग्गा नापी गर्ने, जग्गा दर्ता गर्ने कार्यमा आयोगको विशेष ध्यान जानुपर्छ। स्थानीय सरकार मूल जिम्मेवार सरोकारवाला हुन्, उनीहरूसँगको सहकार्य अति नै महत्वपूर्ण हुन्छ। आयोगले स्थानीय सरकार, जनप्रतिनिधि र स्थानीय सहजीकरण समितिहरूलाई अलि बढी क्रियाशील बनाउनुपर्ने आवश्यकता छ।



शिवु खनाल

# नाकाबासी भन्छन्, वर्षौंदेखि अनागरिकजस्तै कष्टकर जीवन बिताउन बाध्य छौं



*दाङ गढवा गाउँपालिका वष नं. ५ कक्रहवा गाउँका भूमिहीन, निस्साका साथमा ।*

दाङको राजपुर गाउँपालिका वडा नम्बर ७ भौवानाका निवासी ८४ रामकली बुढा मगर वि.सं. २०२० सालदेखि भौवानाका बस्दै आउनु भएको छ। पाँच दशकभन्दा लामो समयदेखि बसोबास गरिरहेको जमिन भने उहाँको नाममा छैन।

तीन पुस्ता परिवर्तन भएपनि हातमा जग्गाको स्थायी पुर्जा नपरेको उहाँले बताउनुभयो। जसका कारण सुकुमबासी जीवन बिताउनु परेको मगरको गुनासो छ। दुर्गम बस्तीमा आफ्नो बसोबास भएकै कारण पनि उपेक्षामा परेको उहाँले बताउनुभयो।

उहाँलाई यस्तो किन पनि लाग्छ भने भौवानाकास्थित सिङ्गै बस्ती राज्यको पहुँचभन्दा बाहिर छ। यहाँका नागरिकहरू स्थायी पुर्जाविहीन मात्रै छैनन्, विकासका अन्य थुप्रै पूर्वाधारबाट समेत वञ्चित छन्। 'विकासमा विभेद गरिएको छ,' मगरले भन्नुभयो।

'शौचालय, स्वच्छ खानेपानी, बिजुली, बाटोघाटो, विद्यालयलगायतका भौतिक पूर्वाधार उपलब्ध नहुँदा हामीहरू वर्षौंदेखि अनागरिकजस्तै कष्टकर जीवन बिताउन बाध्य छौं।' जग्गाधनी पुर्जा नभएकै कारण विभिन्न सेवाबाटसमेत वञ्चित हुनु परेको उहाँले सुनाउनुभयो।

रामकली बुढा मगरजस्तै भौवानाकामा एक सय ५० परिवारसँग जग्गाधनी पुर्जा छैन। पछिल्लो समय भौवानाकाका सुकुमबासीहरूलाई पुर्जा वितरणका लागि प्रयास भने भइरहेका छन्। भौवानाकासँगै अन्य भूमिहीन नागरिकहरूलाई स्थायी पुर्जा वितरण गर्ने प्रक्रिया अघि बढाइएको राजपुर गाउँपालिका वडा नम्बर ७ का वडाध्यक्ष पुष्कर वलीले जानकारी दिनुभयो। उहाँकाअनुसार वडाभर एक सय ५० घरधुरी पुर्जाविहीन छन्।

वडाले उनीहरूको विवरण सङ्कलन गरिसकेको छ। जग्गाधनी पुर्जा नहुँदा आर्थिक कारोबार गर्न समस्या हुने गरेको छ। जग्गाधनी पुर्जा नहुँदा बसिरहेको जमिनमा व्यवस्थित र सुरक्षित घर बनाउन नसकेको स्थानीय श्यामबहादुर झाँक्रीले बताउनुभयो।

त्यति मात्रै होइन कुनै व्यवसायका लागि आवश्यक रकम जोहो गर्न ऋण लिनसमेत नसकिएको उहाँले बताउनुभयो। सुकुमबासी बस्ती अस्थायी भएको भन्दै अन्य पूर्वाधारको विकासका योजना नपार्ने गरेको लगायत समस्या भोगिरहेको सोही बस्तीका पूर्णबहादुर झाँक्रीले बताउनुभयो। उहाँले भन्नुभयो, ' हामी सचेतनाको अभावमा छौं। कुन तहबाट राज्यका सेवा उपभोग गर्ने भन्ने विषयमा सामान्य ज्ञानसमेत छैन।'

उहाँले आफूहरू न्यायको पहुँचमा पुग्न नसकेको बताउनुभयो। अशिक्षा, गरिबीलगायतका कारण आधारभूत आवश्यकता परिपूर्तिका लागि यहाँका युवाहरू रोजगारीको खोजीमा भारत जाने गरेका छन्।

झाँक्रीका अनुसार बस्तीमा गुणस्तरीय बीउ, मल, आधुनिक कृषिका उपकरण र थप सरकारी स्रोत साधनहरूमा पहुँच पुग्न सकेको छैन। सिँचाइ सुविधा नहुँदा समुदायले खाद्य असुरक्षाको सामना गरिरहेको भन्दै स्थानीय सरकारको सहयोग आवश्यक रहेकोमा जोड दिनुभयो। शिक्षाको सुविधाबाट नागरिकहरू वञ्चित हुनुपरेको र सरकारी स्रोतहरूमा नागरिकको सहज पहुँच अझै पुग्न नसकेको उहाँले बताउनुभयो।

एकातिर पुर्जा नहुँदा राज्यले प्रदान गर्ने सेवा लिनबाटै भौवानाकाका स्थानीय मात्रै नभएर जिल्लामा रहेका ३४ वटा सीमावर्ती क्षेत्रमा बसोबास गर्ने स्थानीय नाकाबासीहरू वञ्चित छन् भने अर्कोतर्फ जनचेतना र सामाजिक पहुँचको अभावका कारण पनि थप समस्या झेलिरहेका छन्।

शिक्षा, स्वास्थ्य र रोजगारीमा सहज पहुँच नभएको स्थानीय पुनम विकले बताउनुभयो। गाँस र बासकै चिन्ता हुने गरेकाले आधारभूत आवश्यकताबाटै वञ्चित भइरहेको उहाँको भनाइ छ। भारतीय सीमानाकासँगै जोडिएका

यी नाकाबासीले आफ्ना आधारभूत सेवा सुविधा र सामाजिक सुरक्षा खोज्दै साबिक सतवरिया-१ वनघुम्रीमा आई राजमार्ग केन्द्रित आन्दोलन गरेका थिए।

नाकाबासीसँग सर्वदलीय सर्वपक्षीय छलफलपछि नेपाल सरकारले नाकाको अध्ययन गरी सुझाव पेस गर्न २०६६ मा आयोग गठन गरेको थियो। त्यसपछि भारतसँग सीमा नाका जोडिएका दाङका अधिकांश सीमानाकाका गाउँ बस्तीहरू सरकारको सम्पर्कमा आएका हुन् ।

सरकारको सम्पर्कमा आएका गाउँहरू शिक्षा, स्वास्थ्य, खानेपानी, बिजुली र बाटोजस्ता आधारभूत सुविधाबाट पनि वञ्चित छन्। उक्त गाउँहरूप्रति राज्यले रेखदेख गर्न कुनै चासो देखाएको छैन। नेपाल भारतको सीमानासँग जोडिएको जिल्लाको गढवा र राजपुर गाउँपालिकाको ३४ वटा सीमानाकाका गाउँहरु राज्यबाट लामो समय उपेक्षित रह्यो।

सेवा सुविधा केही पनि नभएकै कारण स्थानीयले आफ्ना बालबालिकालाई शिक्षाका लागि नजिकैको पालिका वा नजिकैको लमही, गढवा पठाउने गरेका छन्। त्यही भएर पनि गाउँमा ३ वर्षमाथिका बालबालिका देख्न समेत मुस्किल हुन्छ। लामो समय राज्यबाट उपेक्षामा परेको भन्दै स्थानीय गुनासो गर्छन्। अब गाउँमा विस्तारै सेवा सुविधा थप्ने योजना पालिकाको रहेको छ।

गाउँहरूमा पालिकाले केही ठाउँमा खानेपानीको धारा समेत जोडिसकेको छ। तर राज्यले लामो समय उपेक्षामा परेका यी गाउँहरूमा फास्ट ट्र्याकमार्फत शिक्षा, स्वास्थ्य, खानेपानी, बिजुली, बाटोको सुविधा प्रदान गर्नु जरुरी छ।

यता राजपुर गाउँपालिका वडा नम्बर ७ सुनपत्थरी नाका निवासी गोरेन्द्रबहादुर घर्ती मगरले तीनै तहको सरकारका प्रतिनिधिलाई नाका विकासमा ध्यानाकर्षण गराएको भए पनि बेवास्ता गरेको गुनासो पोख्नुभयो। उहाँले आफ्नै नेपाली भूमि आऊजाऊ गर्नको लागि गतिलो सडक नहुँदा गाउँमा उत्पादन भएका कृषि उपज वस्तु बजारसम्म पुऱ्याउन समस्या हुने गरेको र गाउँमा हालसम्म खानेपानी, विद्युत् र सडकको सुविधासमेत नरहेको बताउनुभयो।

उहाँले भन्नुभयो, 'स्थानीयबासी खोलाको धमिलो पानी पिउन बाध्य छन्। विद्युत्का लागि अन्य पूर्वीतिरका नाका गाउँमा पोल गाडेको भएपनि हालसम्म बत्ती बलेको छैन। सडक बनाउन राज्यले ध्यान दिएको छैन।'

### चुनावी नारामै सीमित रह्यो, सुकुमबासी र भूमिसम्बन्धी समस्या

निर्वाचनका क्रममा सबै राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवारको चुनावी प्रचारप्रसारको मुख्य एजेन्डा बन्दै आएको भूमिसम्बन्धी समस्याको समाधान गर्ने विषय अहिले कसैको चासोमा परेको छैन। दाङ क्षेत्र नं १ मा २०७९ मङ्सिर ४ गते सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य पदको निर्वाचन हुनुअघि सबै उम्मेदवारले मुख्य एजेन्डा बनाएका भूमिसम्बन्धी समस्याको समाधान गर्ने कुरा यति बेला गौण बनेको हो।

**गाउँहरूमा पालिकाले केही ठाउँमा खानेपानीको धारा समेत जोडिसकेको छ। तर राज्यले लामो समय उपेक्षामा परेका यी गाउँहरूमा फास्ट ट्र्याकमार्फत शिक्षा, स्वास्थ्य, खानेपानी, बिजुली, बाटोको सुविधा प्रदान गर्नु जरुरी छ।**

यस्ता आश्वासन चुनावका बेला मात्र हुने र चुनाव सकिएपछि भूमिहीन, अव्यवस्थित बसोबासी तथा सुकुमबासीको समस्या ओझेलमा पर्ने गरेकाले नेताहरूप्रति आफूहरूको विश्वास नै नरहेको पीडित परिवार बताउँछन्।

राजपुर- १ सुकौलीनाका निवासी देवीराम सुनारले भन्नुभयो,- 'चुनावअघि देखाइएका कुनै पनि आश्वासनमा विश्वास लाग्दैन। हाम्रो समस्या जस्ताको तस्तै छ।' देवीराम सुनार मात्र हैन राजपुर गाउँपालिका वडा नम्बर १ अन्तर्गत पर्ने नाका क्षेत्रमा १२६ घरपरिवारले २०३० सालदेखि भारतसँग सीमानाका जोडिएको वन जङ्गल क्षेत्रमा घर निर्माण गरी बसोबास गर्दै आएका छन्।

रोल्पा, रुकुम, सल्यान, प्यूठान, पूर्वी रुकुमलगायतका भारतबाट अनिवार्य अवकास प्राप्त गरी फर्किएका भुपु सैनिकलाई त्यस क्षेत्रमा राखिएको थियो, उनीहरूलाई सीमा सुरक्षा गर्न भनिएको थियो।

उक्त क्षेत्रमा २०२० सालदेखि जङ्गल क्षेत्रमै बसोबास रहँदै आएका छन्। सुकुमबासी र अव्यवस्थितलाई जग्गा व्यवस्थित गरी लालपुर्जा दिनका लागि २०५८ सालमा गठित सुकुमबासी समस्या समाधान आयोगको जिल्ला समितिलेबाहेक त्यसयता गठन गरिएका कुनै पनि आयोगले कुनै कामै नगरी कार्यकाल मात्र गुजार्ने गरेपछि भारतसँग सीमानाका जोडिएको दाङका अधिकांश नाकाबासीहरू जस्ताको तस्तै थाती रहँदै आएका छन्।

अघिल्लो आयोगले गरेका पुराना कामको स्वामित्व लिन नचाहने तथा नयाँ ढङ्गबाट थालिएका कामको टुङ्गो लाग्न नपाउँदै सरकार परिवर्तन हुने र जिल्लामा गठन गरिएका पछिल्ला आयोग पनि स्वतः विघटन हुने परिपाटीले विगतमा नापनक्सा कित्ताकाट गरी फिल्डबुकसमेत बनेर श्रेस्ता कायम हुन बाँकी रहेको अवस्थामा बनाइएका लालपुर्जा जग्गाधनीलाई वितरण नगरिँदा मालपोत कार्यालयको गोदाममै धमिराले खान थालेको पीडितको भनाइ छ।


२०७४ सालको निर्वाचनपछि बनेको नेकपाको सरकारले सुरुका दुई वर्ष आयोग नै बनाएनन्। त्यसपछि देवी ज्ञवालीको अध्यक्षतामा आयोग बनेर काम नहुँदै सरकारले संसद् विघटन गरेपछि अदालती प्रक्रियामा गयो। त्यसपछि बनेको सरकारले पनि आयोग बनाएको तर काम सुरु गर्दा नगर्दै निर्वाचन आचारसंहिता लागेपछि भारतसँग सीमानाका जोडिएको दाङको सीमावर्ती क्षेत्रमा बसोबास गर्ने अधिकांश गरिब, दुःखी, भूमिहीनको समस्या जस्ताको तस्तै थाती रहँदै आएको राजपुर- ७ डगमारानाका निवासी प्रमोद घर्तीले बताउनुभयो।

लेखक : दाङको गणतन्त्र राष्ट्रिय दैनिक देउखुरीका प्रमुख हुन्।



मनोज राम

# मुसहर भूमिहीनका पीडा : न राज्यले हेर्छ, न समाजले बुझ्छन्



मधेस प्रदेशमा मुसहर समुदायको ठूलो बसोबास छ। यो समुदायका अधिकांश परिवार भूमिहीन छन्। मुसहर भूमिहीनताको कारण विभिन्न पीडा र दुःखमा बाँचिरहेका छन्। न यो समुदायलाई राज्यले हेरेको छ, न अरु समाजले बुझेको छ। पुस्तौंदेखि विभिन्न समस्या झेलिरहेका यो समुदाय, दलित जातिमा पर्छन्।

देशकै नागरिक भएर पनि मुसहरलाई समान व्यवहार छैन। संविधान र कानुनले व्यवस्था गरेको विभिन्न हक र अधिकारबाट वञ्चित गरिएको छ। मुसहर समुदायको भूमिविहीनता पीडा एक पुस्ता वा दुई पुस्ताअघिको मात्र होइन। यो त धेरै पुस्ताअघिदेखिको समस्या हो।

मुसहर गरिबीमा छन्। अभावमा छन्। यसैले त यो समुदायलाई आरामले निद्रा पनि लाग्दैन। साघुँरो घर, धेरै जनसङ्ख्या, पर्याप्त खाद्यान्नको जोहो समेत गर्न नसक्दा आरामले सुत्न सक्ने कुरै भएन।

सधैं भूमि नहुँदाको पीडाले सताएको हुन्छ। छटपटी हुन्छ। बेचैन हुन्छ। कतिपय ऐलानी जमिनमा बस्छन्, कतिपय सरकारी जमिनमा, त कतिपय चाहिँ गाउँब्लकको जमिनमा। कतिबेला उठीबास गराइने हो भन्ने चिन्ताले उत्तिकै पोलिरहन्छ।

दुनियाँ कहाँ पुगिसक्यो। विकासले ठूलो फड्को मारिसक्यो। प्रविधिले सबैलाई छोइसक्यो। तर मुसहर समुदाय अहिले पनि आधारभूत मानव अधिकारबाटसमेत वञ्चित हुनु परेको अवस्था छ। यो जत्तिको दुःख र पीडा अरु के हुन सक्छ ?

अरु भूमिहीनले जस्तै, मुसहर समुदायले पनि जमिनको माग गरेका हुन्। सुरक्षित घरबासको माग गरेका हुन्। यो विषय त दलित समुदायलाई नेपालको संविधानले ग्यारेण्टी गरिएको विषय नै हो। तर, खै कहिले यो अधिकार स्थापित हुने हो ? सरकारले ध्यान नै दिएको छैन।

मुसहर आर्थिक, सामाजिक, राजनीतिक र शैक्षिक क्षेत्रमा धेरै नै पछाडि पारिएको समुदाय हो। शोषण, दमन, अत्याचार, हिंसा, विभेद, छुवाछुतजन्य घटनाहरूबाट धेरै पीडित छन्, मुसहर।

मुसहर समुदायको नाममा लालपुर्जा छैन। यसैले त मुसहरहरू राज्यको विभिन्न सेवा सुविधाबाट समेत वञ्चित छन्। सुरक्षित र बलियो घर नहुँदा हरेक वर्ष शितलहरले दुःख दिन्छ। बाढी र डुबानको पनि उत्तिकै पीडा खेप्नुपर्छ।

जग्गा आफ्नो नभएकाले बसिरहेको घरमा विद्युत् जडान गर्न पाएका छैनन्। नागरिकताविहीन छन्। नागरिकता नभएकाले छोराछोरीको जन्मदर्ता बनाउन पाएका छैनन्। जन्मदर्ताविहीन बालबालिका विद्यालय जान पाएका छैनन्। लालपुर्जा नहुँदा कति धेरै सेवा सुविधाहरूबाट मुसहर समुदाय वञ्चितीमा परेका छन्। र राज्यबाट समेत विभेदमा पर्दै आएका छन्।

पहिले पहिले त शौच खुल्ला ठाउँमा गर्दथे। अहिले सरकारले खुल्ला दिशामुक्त क्षेत्रहरू घोषणा गरेको छ। तर, त्यही सानो शौचालय बनाउने जग्गासमेत मुसहर समुदायसँग नभएको पीडा छ। यस समस्या समाधानमा समेत राज्यबाट उचित सहयोग पाउन सकिरहेका छैनन्।

राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदनअनुसार मधेस प्रदेशमा ६,१२,६८८ जनसङ्ख्या रहेको छ। जसमध्ये मुसहर समुदायको सङ्ख्या १,७९,१५३ रहेको छ। ९०% मुसहर परिवारसँग जमिन छैन। अत्यन्तै सानो आकारको, अरुको जमिन, ऐलानी जमिनमा बसोबास, वन क्षेत्रको जमिन, सार्वजनिक क्षेत्रको जमिन, कुलो, नहर क्षेत्रको डिल, सीमानाकाको दशगजा क्षेत्रको जमिनमा बढी बसोबास छ।

शैक्षिक दृष्टिकोणले अन्य दलित जातिको तुलनामा मुसहरको अवस्था ज्यादै न्यून छ। आफैंले खर्च गरेर विद्यालय पढाउन सक्दैनन्, अभिभावकहरू। बरु, अलिक काम गर्न सक्ने भएपछि मजदुरी गर्न जान्छन्/पठाइन्छन्, मुसहर बालबालिकाहरू।

मुसहर समुदाय प्रायः हरवा चरवाको

रूपमा काम गर्छन् । उनीहरू अहिले पनि अर्धदास जीवन बिताइरहेका छन् । जमिनदारकहाँ काम गर्न जानु उनीहरूको बाध्यता हो । किनकी जीविकोपार्जनको अहिले पनि थप विकल्पहरू छैनन् । राज्यले पुनर्स्थापना तथा जीविकोपार्जनको लागि थप सहयोगहरू उपलब्ध गराउन सकेको छैन ।

अधिकांश परिवारको एक धुर पनि जमिन छैन । सबैको सानो सानो झुपडीमा बसोबास छ । कपडा र बोराले बारबुर गरेर संयुक्त परिवार बस्छन् । कुखुरा, हाँस, बाख्रा, वस्तुभाउ भए तिनलाई राख्ने ठाउँ पनि त्यही हो । अन्यत्र फैलन र तन्किन सक्ने अवस्था पनि छैन ।

जमिनमा धैरै र कठिन परिश्रम गर्ने मुसहर समुदाय आफू भने भोको पेट बस्नुपर्ने बाध्यतामा छन् । कतिपय समय आधा पेटमा नै दिन-रात कटाउनुपर्ने बाध्यता छ । जीवन कष्टकर र सङ्घर्षशील छ । हावा, पानी, घाम र भूमिजस्ता चारवटा प्राकृतिक स्रोतमाथि भोगचलन गर्नेको मात्र अधिकार हुन्छ । त्यसैले भूमिमा जोत्ने मुसहरको पनि हक हुनुपर्छ भन्ने माग हो । यसको लागि वर्षौंदेखि आवाज त उठाइएको छ, तर कतैबाट पनि सुनुवाइ भइरहेको छैन ।

केही व्यवसाय गरौं भने जमिन छैन । कर्जा (ऋण) लिनको लागि पुर्जा खोजिन्छ । पसल खोल्न पनि पान नम्बर मागिन्छ, त्यसको लागि पनि लालपुर्जा चाहिने रहेछ । यी नभई सरकारी अनुदान नपाइने रहेछ । बस्तीसम्म जाने बाटो छैन । वर्षातमा सबैका घर डुबानमा पर्छ । मुसहर बस्तीका कसैको पनि दर्बिलो घर छैन ।

सरकारले भूमिहीन दलितलाई एकपटकका लागि आवास व्यवस्थापन गर्ने संविधानमा नै उल्लेख छ । तर संविधान जारी भएको एक दशकमा पनि मुसहर दलितका लागि यो प्रावधानले छोएन । सरकारले कानुन बनाएर पनि भूमि दिएको छैन ।

अहिले स्थानीय सरकार छ । राज्यले भूमि समस्या समाधान आयोग पनि गठन गरेको छ । राज्यले चाहने हो भने यो समयमा मुसहर समुदायलाई भूमिको स्वामित्व दिन सक्छ । म त भन्छु, पहिलो चरणमा नै यो समुदायलाई सुरक्षित घरबास र खेती गरी खानपुग्ने जमिन दिनुपर्छ । यस्तो गरियो भने, पुस्तौंदेखि वञ्चितिकरणमा परेका भूमिहीन मुसहरमाथि ठूलो न्याय हुने छ । ✿

मनोज राम, दलित शिक्षा अधिकारकर्मी हुन् ।



जेसिका गील

# आश्रय मात्र होइन, संरक्षण पनि

## कसरी काठमाडौँका अव्यवस्थित बसोबासीहरूले बागमती नदीको पुनर्जीवनमा महत्वपूर्ण भूमिका खेल्न सक्छन् ?



काठमाडौँ उपत्यकाको स्वास्थ्यको लागि सबैभन्दा ठूलो जैविक चुनौती बागमती नदी हो । किनकी यसले सम्पूर्ण उपत्यकाबासीलाई असर गर्छ (ज्ञवाली र शेरचन, २०२१) ।

तीव्र शहरीकरण र औद्योगिकीकरणले गर्दा बागमती नदीमा उद्योगबाट निस्केको र समुदायबाट जथाभावी फालिएको फोहोरमैला र ढल मिसिँदै गएको छ । जसले गर्दा बागमती नदी नेपालको सबैभन्दा प्रदूषित नदी बनेको छ (लिम्बू, २०२४) ।

बागमती नदीको स्वच्छता र स्वास्थ्यमा आएको ह्रासले देखिएको प्रतिकूल परिणामहरूमध्ये एन्टिमाइक्रोबायल प्रतिरोधात्मकता (Antimicrobial Resistance) को वृद्धि एक हो । जुन एन्टिमाइक्रोबायलको दुरुपयोग तथा अत्यधिक प्रयोगबाट हुन्छ ।

मानव र जनावर दुवैका लागि स्वच्छ पानी र सरसफाइको पहुँचमा कमी, स्वास्थ्य सेवा प्रदायक संस्थाहरूद्वारा सङ्क्रमण तथा रोग नियन्त्रणसम्बन्धी कमजोर व्यवस्थापन, गुणस्तरीय, किफायती औषधी, खोप र उपचार सेवाहरूको कमी, चेतना र ज्ञानको कमी, कानुन कार्यान्वयनमा उदासीनताका कारण एन्टिमाइक्रोबायल प्रतिरोधात्मकतामा निरन्तर हुँदै गएको छ (ज्ञवाली र शेरचन, २०२१) ।

सिसा, आर्सनिक जस्ता धातुहरू पनि बागमती नदीमा अत्यधिक मात्रामा पाइएको छ, जुन स्वास्थ्यको लागि गम्भीर विषय रहेको छ । यसबाट बागमती किनारका अव्यवस्थित बसोबासीहरू बढी जोखिममा परेका छन् र प्रभावित पनि छन् ।

मानवनिर्मित अहिलेको पर्यावरणमा, मनसुन बाढीमा बागमती नदी अझ ठूलो चुनौती बनेको छ र जलवायु परिवर्तनसँगै थप विनाशकारी र अप्रत्यासित हुँदै गइरहेको छ । गत २०२४ सेप्टेम्बर २८ मा काठमाडौँ उपत्यकामा परेको भिषण वर्षाले विनाशकारी

बाढी निम्त्यायो, जसमा बागमती नदी किनारका अव्यवस्थित बसोबासीहरू सबैभन्दा बढी प्रभावित भए ।

शहरी विपन्नहरूको राष्ट्रिय सञ्जाल, नेपाल बसोबास बस्ती संरक्षण समाजका अनुसार, करिव १५०० घरपरिवार प्रभावित भएको र धेरैमा गम्भीर क्षति भएको छ भने केही बाढीले पूर्णरूपमा बगाएको छ ।

यी समस्याको दीर्घकालीन समाधानको लागि वर्षे पानीको व्यवस्थापन एवं ढलको व्यवस्थापनको भरपर्दो पूर्वाधारहरू आवश्यक छन् । यसको लागि कार्यान्वयन गर्ने योजना, समय र लगानी आवश्यक पर्दछ । यद्यपि, सामुदायिकस्तरमा तत्काल गर्न सकिने न्यून लागतका कार्यहरू पनि छन् ।

यसका लागि बागमती नदी किनारका अव्यवस्थित बस्तीहरू सबैभन्दा उपयुक्त हुन सक्छन् । तर पहिले नीतिगत परिवर्तनहरू अत्यावश्यक छ ।

## अव्यवस्थित बस्तीहरूको वर्तमान परिवेश

काठमाडौं उपत्यकामा करिब ८० वटा अव्यवस्थित बस्तीहरू छन् । यी बस्तीहरू विभिन्न भू-भाग र जलमार्गहरूमा अवस्थित छन् र यहाँ विभिन्न पृष्ठभूमिका बसोबासीहरू छन् ।

धेरै मानिसहरू बसाइँसराइका क्रममा काठमाडौं उपत्यकामा आएका हुन् भने अधिकांश बस्तीहरू एक दशकभन्दा पहिले स्थापित भएका हुन् । सन् २०२२ मा मेयर बालेन्द्र शाह निर्वाचित भएपछि काठमाडौं महानगरपालिकाले महानगरभित्रका सबै अव्यवस्थित बस्तीहरू हटाउन आव्हान गरेको थियो ।

त्यसलगत्तै काठमाडौं महानगरपालिकाको आदेशमा बुलडोजरहरू एउटा बस्तीमा पुग्छ । तर ती जोखिममा परेको बस्तीका मानिसहरू ती बुलडोजर रोक्न मानव ढाल बनाउँछन् र प्रतिकार गर्छन् । नजिकका बस्तीहरू, नागरिक सङ्घर्ष समिति र सञ्चार माध्यमहरू पनि ती मानव ढालमा सामेल हुन्छन् र घटनाहरूलाई उजागर पनि गर्छन् ।

मानिस र बुलडोजरहरू बीचको यो तनाव केही घण्टासम्म जारी रहन्छ । त्यसपछि मेयर र सुरक्षा गार्डहरू घटनास्थलमा प्रवेश गर्छन् ।

त्यसयता अहिलेसम्म ती बस्तीहरूमा डोजर चलाइएको छैन । यद्यपि, यस प्रकारका घटनाक्रमहरूले त्रास र डर भने सिर्जना गरेको छ । यस किसिमको क्रियाकलाप निरन्तर चल्छ र स्थानीय सरकारका अन्य पदाधिकारीहरू यस विषयमा मौन छन् ।

काठमाडौं महानगरपालिकाले २० देखि ४० मिटरको दूरीसम्म रहेका बस्तीहरू हटाउनुको मुख्य कारण हरियाली क्षेत्र र फोहोर पानी प्रशोधन गरी तटवर्ती सुरक्षात्मक क्षेत्र निर्माण गर्नु रहेको जिकीर गरेको छ ।

जसअनुसार, यसबाट हावा र पानीको गुणस्तर सुधार हुने र पारिस्थितिकीय प्रणालीहरूको प्रवर्द्धन हुनेछ । तर, सरकारी हस्तक्षेपद्वारा बस्तीहरू हटाएको स्थानहरूमा प्रायः घाँस लगाई सार्वजनिक रूपमा निषेध गरिएको र कङ्क्रिटको संरचना जस्तो देखिनेबाहेक केही छैन ।

## बागमती नदी र मानिसहरू दुवैलाई अनुकूल हुने डिजाइनको प्रस्ताव

बागमती नदीलाई पुनर्स्थापित गर्ने समाधान बलपूर्वक बस्ती हटाउन नभई अव्यवस्थित बस्तीहरूलाई हाल बसोबास गर्ने भूमिसँगको सम्बन्ध कायम राख्दै सुधार गर्न वा अन्यत्र स्थानान्तरण गर्न सहयोग गर्दा के हुन्छ ?

बागमती नदीका सबैभन्दा नजिकका बासिन्दाहरूको रूपमा, अव्यवस्थित समुदायहरूसँग सम्भवतः नदी र यसको किनारको बारेमा बढी ज्ञान हुन्छ र नदीको स्वास्थ्य तथा स्वच्छतामा पनि उनीहरूको प्रत्यक्ष सरोकार रहन्छ । यी समुदायहरूलाई प्रदूषण गर्नेहरूको रूपमा नभई संरक्षणकर्ताको रूपमा पुनःपरिभाषित गर्नु सकारात्मक परिवर्तनको लागि आशाजनक उपाय हुन सक्छ ।

यस डिजाइन प्रक्रियामा विचार गर्नुपर्ने सुझावहरू निम्न प्रकारका छन् :

- स्थानीय ज्ञानमा आधारित समाधानहरू सह-निर्माण गर्ने (तलबाट माथि दृष्टिकोणको सट्टा माथिबाट तलको दृष्टिकोण) ।
- पानीको प्रदूषण कम गर्न तथा बाढीको प्रभाव कम गर्नका लागि तटीय डिजाइनहरू अन्वेषण गर्ने (जस्तै Bioremediation / phytoremediation) ।
- समुदायभित्र पहिलेदेखि नै रहेका स्रोत-साधनहरू प्रयोग गर्ने एवं प्रकृतिमा आधारित समाधानहरूको विकास गर्ने ।
- सार्वजनिक हरियाली क्षेत्रहरू निर्माण गर्ने ।
- सार्वजनिक जमिनको संरक्षणको लागि मात्र नभई बागमती किनारका अन्य समुदायहरूमा पनि यसलाई विस्तार गर्नका लागि समुदायभित्र क्षमता विकास र ज्ञान निर्माण गर्ने ।
- समयक्रममा समुदायद्वारा कायम राख्न र सुधार गर्न सकिने दिगो प्रणालीको विकास गर्ने ।
- बागमती नदीको स्वच्छता र स्वास्थ्य पुनर्स्थापना र कायम राख्नका लागि दीर्घकालीन समाधानहरूको विकास गर्न ठूलो स्तरको पूर्वाधारमा परिवर्तन अपरिहार्य छ ।
- बागमतीको वर्तमान अवस्थाबाट उत्पन्न गम्भीर खतराहरूबाट सबैभन्दा नजिक र सबैभन्दा बढी प्रभावित अव्यवस्थित बसोबासीहरूलाई व्यवस्थित, प्रभावकारी एवं दिगो रूपमा समाधान गर्न अब ढिला गर्नु हुँदैन । यद्यपि, व्यवस्थित गर्ने बहानामा महानगरका अव्यवस्थित बसोबासीहरूलाई अपराधिकरण गर्न न्याय सङ्गत हुँदैन ।

## सन्दर्भ सामग्री

Limbu, Sajina. “How Did the Holy Bagmati Become Nepal's Most Polluted River?" Earth.Org, Earth.org, 20 May 2024, earth.org/how-did-the-holy-bagmati-become-nepals-most-polluted river/#:~:text=Industrial%20 and%20Domestic%20 Discharge,wastes%2C%20 and%20synthetic%20organic%20 compounds.

Sherchan, Adarsh Man, and Sophiya Gyanwali. “Bacteria and the Bagmati." The Record, The Record, 24 Oct. 2021, www.recordnepal.com/bacteria-and-the-bagmati.

लेखक : गील, अमेरिका निवासी, शहरी योजनाको अनुसन्धानकर्ता हुन् ।



# जङ्गलका मान्छे भनी हेप्थे, अब खुसी छौँ

अनिकुमारी विकले ७४ वर्षको उमेरमा पहिलो पटक जग्गाधनी बनेपछि खुसीको सीमा नै नरहेको बताइन्। भन्छिन् 'जन्मिदैमा भूमिहीन रहेछौँ। बाआमासँग जमिन थिएन रे। १२ वर्ष उमेरमै विवाह गरिदिनुभयो। गरिबको साईनो गरिबसँगै जोडियो।'

यता श्रीमान्को परिवार पनि सुकुमबासी रहेछन्। बर्दघाटमा सडकछेउ सानो झुपडी थियो। ५ छोरा, २ छोरी यहीँ जन्मिए। मजदुरी गरेर बालबच्चालाई खुवाउनै गाह्रो थियो। पेटभरी खान पनि नपाएका धेरै दिनहरू थिए।

अत्यन्तै कष्टकर जीवन जसोतसो बाँचिरहेका अनिकुमारीका दम्पत्तीले २०६० सालतिर नवलपरासी (हालको नवलपरासी बर्दघाट सुस्तापूर्व, नवलपुर) तिर आफूहरूजस्तै सुकुमबासीहरू ऐलानीमा बसोबास गरिरहको थाहा पाए।

अनिकुमारीलाई अरुले खेती गरेको देख्दा मैले पनि खेती गरेर अन्न र तरकारी उब्जाउन पाए कस्तो हुन्थ्यो भन्ने सधैं मनमा लागिरहन्थ्यो। बसिरहेको ठाउँ नजिक साहुको थोरै जमिनमा अधियाँ पनि गरेकी थिइन्, तर त्यतिले मात्रै खान पुग्दैनथ्यो।

नवलपुरमा भूमिहीनहरू बस्दै गरेको थाहा पाएको केही दिनमै उनीहरू पनि त्यतै जाने निधो गरे। उनी भन्छिन्, न ठुलो घर, न धेरै सरसामान, जे-जति थियो त्यो पनि आफ्नो नभएपछि घर छाड्न पनि उति गाह्रो भएन।

अनिकुमारीका परिवार नवलपुरको सेतापानी बसाइँ सरे। नजिकै जङ्गल थियो। ऐलानी जमिन फाँडेर भर्खर-भर्खर मान्छेहरू बस्न थालेका रहेछन्। जङ्गली जनावरको डर पनि उत्तिकै थियो। जनावर भन्दापनि धेरै डर त मान्छेकै थियो।

उनीहरूले दिनरात गरेर भोकै झाडी र काँडाघारी फाँडेर सानो घर बनाए। धेरै समयको मेहनतले करिब ४ कठ्ठा जमिन पनि बनाए। त्यो घर र जमिन बनाउँदाको दुःख, डर र समय सम्झिँदा अहिले पनि अत्यास लाग्छ रे, अनिकुमारीलाई।

सेतापानीमा बस्दै गर्दाको दुःख सम्झेर रसिलो आँखा बनाउँदै अनिकुमारी भन्छिन्, 'हामीले जति दुःख कसले पायो होला र जीवनमा ? भूमिहीन र गरिब हुँदाको अभाव, समस्याहरू कति थिए, कति। त्यसमाथि पनि भूमिहीन हुँदा धेरैको हेपाइ र थिचोमिचो सहनु पर्थ्यो।

कहिले नजिकका गाउँलेले यहाँबाट लखेट्नुपर्छ भनेर जाइलाग्थे, कहिले प्रहरी प्रशासन लगाउँथे। कहिले आगो लगाइदिन्थे। एकातिर जङ्गली जनावरले त्यत्तिकै दुःख दिन्थे। हाम्रो नाम र पहिचान नै थिएन। सबैले जङ्गलका मान्छे, जङ्गली मान्छे भन्थे। हामी रहरले जङ्गलमा त बसेका थिएनौं तैपनि हामीलाई असाध्यै अपमान गर्थे। जेजे गरेनि, भनेनि जाने ठाउँ थिएन, विकल्प नभएपछि यहीँ बस्यौँ।'

विगतको पीडा र अपमान सम्झेर भावुक बनेकी अनिकुमारी पहिलो पटक जग्गाधनी बन्दाको खुसी र आनन्दले सबै बिर्साइदिएको बताउँछिन्। अनिकुमारीले सम्झिइन्, २०७७ सालमा जिल्ला भूमि अधिकार मञ्चकी मनरुपा कुमाल गाउँमा गएर सङ्गठन बनाएको र सदस्यता पत्र दिएकी।

अरु ठाउँमा पनि आफूहरू जस्तै भूमिहीनहरू यो सङ्गठनमा सङ्गठित भएको र जग्गाधनी प्रमाणपूर्जा प्राप्तिका लागि एकजुट भएर लागेको कुराले अनिकुमारीलाई जग्गा पाउने आशा बढाएको बताइन्।

सङ्गठनमा बसेपछि कहिले छोराबुहारीहरू र कहिले आफूपनि कार्यक्रमहरू, र्‍याली, जुलुसमा गएको र धेरै मानिसहरूसँग भेट्दा एक्लै होइन रहेछौँ भन्ने लागेको उनले बताइन्।

२०७७ साल फागुनमा निवेदन हालेपछि वडाबाट दिएको निस्सा देखाउँदै उनले थपिन् 'वडा र नगरपालिकाका जनप्रतिनिधिहरूसँग लालपुर्जा कहिले पाउँछौं भनेर बुझ्न पनि गयौं। पछि जग्गा नाप्न आएपछि साँच्चै पाइनेछ जस्तो लागेको थियो।'

गाउँ मञ्चका अध्यक्षले पनि सहयोग गरे। नेताहरूले सधैँ झुक्याएका थिए। यसपालि भने साँच्चै पुर्जा दिए। अनिकुमारीसँगै नवलपुरको मध्यबिन्दु नगरपालिका वडा नं १ सेतापानीका ९० परिवार भूमिहीन दलितहरूले २०८० चैत्रमा लालपुर्जा पाएका छन्।

गाउँ नजिकैको स्कुलबाट लालपुर्जा बाँडेको र पुर्जा लिन आफ्नो नाम बोलाएपछि खुसीले सीमा नाघेको अनिकुमारीले बताइन्। हातैमा लिएको रातो पुर्जा देखाएर हाँस्दै अनिकुमारीले भनिन् 'पुर्जा पाएको दिन नाच्दैनाच्दै घर आएँ।'

उनले भनिन्, 'यो पुर्जा पाएपछि सबैथोक पाएको जस्तो भयो। जङ्गलका मान्छे भन्ने र हेप्नेहरूले हेप्न सक्दैनन् नि अब भन्ने सोचें। हिजो घर भत्काउन पटक-पटक प्रयास गर्नेहरूले अब मेरै पुर्जा भएपछि त भत्काउन, जलाउन र हटाउन सक्दैनन् भनेर मन ढुक्क भयो।'

अनिकुमारीका २ छोरीहरू विवाह गरेर गइसकेको र २ छोराहरू छुट्टिएर बसिसकेका छन्। उनको नाममा २ कठ्ठा ७ धुर जमिनको पुर्जा बन्यो। छुट्टिएर बसेका छोराहरूले पनि पुर्जा पाए। उनको श्रीमान् २०७८ सालमा बिते। बुढाको आफ्नो लालपुर्जा हेर्ने साह्रै ठूलो धोको थियो तर, देख्न नपाई बितिगए, अनिकुमारी सम्झिरहेकी छिन्। ✿

प्रस्तुतिः सुष्मा न्यौपाने

# भूमि आयोगको कार्यविधिका केही व्यवस्थाहरू

### भूमि समस्या समाधान आयोग गठन आदेशमा भएका मुख्य व्यवस्थाहरू

गठन आदेशमा भूमि समस्या समाधान आयोग केन्द्र र जिल्लास्तरमा गठन गर्ने प्रमुख व्यवस्था छ। साथै यी आयोगहरूले गर्ने कामहरू तोकिएका छन्।

### आयोगको काम, कर्तव्य र अधिकार

(क) भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरणको लागि आधार र मापदण्ड तोक्ने।

(ख) भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीको स्थानीय तहबाट लगत सङ्कलनको लागि आवश्यक ढाँचा स्वीकृत गर्ने।

(ग) भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत सङ्कलन, प्रमाणीकरण र नापजाँचको काम गर्ने। तर त्यस्तो काम कुनै स्थानीय तहमा निर्धारित समय सीमाभित्र सम्पन्न नहुने अवस्था देखिएमा आयोग आफैले गर्न सक्नेछ।

(घ) भूमिहीन दलित र भूमिहीन सुकुमबासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने क्रममा देहाय बमोजिमको जग्गामा भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीहरू ऐनको आठौं संशोधन भएको मितिले कम्तीमा दश वर्ष अगावैदेखि बसोबास गरेको प्रमाणित भएमा ऐन तथा नियमको अधीनमा रही जग्गा नापजाँच गर्ने गराउनेः-

(१) ऐनको दफा ५२ख को उपदफा (४) को प्रतिकूल हुने गरी नदी उकास लगायतका सरकारी जग्गा,

(२) भूमिहीन दलित र भूमिहीन सुकुमबासीको हकमा प्रचलित कानुन बमोजिम हदबन्दीभन्दा बढी भई प्राप्त वा जफत भएको जग्गा,

(३) सम्बन्धित केन्द्रीय निकायको सहमतिमा सरकारद्वारा विशेष प्रयोजन खुलाई बसोबास गराइएका सरकारी निकायका जग्गा,

(४) सम्बन्धित निकायको सहमतिमा बसोबास व्यवस्थापन गर्ने उद्देश्यले गठित राष्ट्रिय आवास वा पुनर्वास कम्पनीलाई दिइएको भए तापनि सो कम्पनीको नाउँमा श्रेस्ता कायम नभएको र बिक्री वितरण हुन बाँकी रहेका जग्गा,

(५) सम्पन्न भएका सरकारी आयोजनासँग सम्बन्धित केन्द्रीय निकायको सहमतिमा त्यस्तो आयोजनालाई उपलब्ध गराइएको जग्गामध्ये प्रचलित कानुन बमोजिम प्राप्ति गरिएको जग्गा बाहेकका आयोजनालाई आवश्यक नरहेको जग्गा,

(६) सरकारी अमानती जग्गा,

(७) लगती रसिद कायम रहे बमोजिमको बहाल बिटौरी, ऐलानी र सरकारी पर्ती जग्गा,

(८) ऐनको आठौं संशोधन भएको मितिले कम्तीमा दश वर्ष अगावै अभिलेखमा वनक्षेत्र जनिएको भए तापनि आवादीमा परिणत भई आवाद गुल्जार गरी बसोबास गरेका जग्गा,

(ङ) स्थानीय तहबाट प्राप्त तथ्याङ्कको विश्लेषण गर्न आवश्यक प्रणालीको विकास गरी सोही प्रणालीको आधारमा अव्यवस्थित बसोबासीको जग्गाको वर्गीकरण गर्ने।

(च) अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराएबापत ऐन तथा नियम बमोजिमको दस्तुर लिने।

(छ) स्थानीय तहबाट भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरण सम्बन्धी तथ्याङ्क सङ्कलन गर्ने र आयोगबाट नापजाँच भएपछि स्वीकृत कार्यविधिको अधीनमा रही भूमिहीन दलित, भूमिहीन सुकुमबासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गराउने।

(ज) ऐन, नियम र स्वीकृत कार्यविधि विपरीत कुनै परिवारलाई जग्गा उपलब्ध गराएको देखिन आएमा त्यसरी उपलब्ध गराएको जग्गाको दर्ता श्रेस्ता खारेज गर्न मालपोत कार्यालयलाई लेखी कारबाहीका लागि प्रमुख जिल्ला अधिकारी समक्ष सिफारिस गर्ने।

(झ) स्थानीय विशिष्टता समेतको आधारमा शहरी क्षेत्रमा एकीकृत आवास वा जग्गा विकासको माध्यमबाट भूमिहीन दलित, भूमिहीन सुकुमबासीलाई जग्गा उपलब्ध गराउने सम्बन्धमा उपयुक्त कार्यक्रम बनाई कार्यान्वयन गर्ने।

(ञ) असुरक्षित बस्ती स्थानान्तरण वा एकीकृत बस्ती विकास गरी भूमिहीन दलित, भूमिहीन सुकुमबासी तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्नुपर्ने भएमा एकीकृत आवासका लागि जग्गाको एकीकरण गर्ने।

(ट) भूमिहीन दलित, भूमिहीन सुकुमबासी वा अव्यवस्थित बसोबासी बसोबास गरिरहेको जग्गामा बसोबास कायम भएको मितिभन्दा पछिल्लो मितिमा कसैले अनधिकृत रूपमा दर्ता गरेको प्रमाणित हुन आएमा आयोगले प्रचलित कानुन बमोजिम आवश्यक

कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउने ।

(ठ) यो आदेश प्रारम्भ हुनु अघि गठन भएका आयोग वा समितिबाट एउटै जग्गाको दोहोरो श्रेस्ता कायम गरी पुर्जा वितरण गरेको देखिएमा आवश्यक छानबिन गरी आवाद कमोत नभएको व्यक्तिको नाममा कायम रहेको दर्ता श्रेस्ता खारेज गर्ने ।

(ड) ऐन बमोजिम भूमिहीन दलित र भूमिहीन सुकुमबासीलाई जग्गा उपलब्ध गराउँदा तथा अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्दा जग्गाको कायम रहेको जुनसुकै भूउपयोग क्षेत्रमा वर्गीकृत क्षेत्रलाई प्रचलित कानुन बमोजिम आवासीय क्षेत्र र कृषि क्षेत्र कायम गर्ने ।

(ढ) कार्यक्षेत्रसँग सम्बन्धित विषयमा जुनसुकै निकायसँग कागजात माग गर्ने, व्यक्तिलाई झिकाई बुझ्ने कागज गराउने वा स्थलगत सर्जमिन गर्ने वा गराउने ।

(ण) भूमिहीन दलित र भूमिहीन सुकुमबासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने क्रममा जग्गाको प्रकृति र उपयोगलगायतको आधारमा बाधा पर्न गएको देखिएमा आयोगले आवश्यक जाँचबुझ गरी सिफारिससहित निकासाका लागि मन्त्रालय समक्ष पेश गर्ने ।

(त) भूमिहीन दलित र भूमिहीन सुकुमबासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने क्रममा शान्ति सुरक्षा आवश्यक पर्ने देखिएमा सम्बन्धित निकायबाट आवश्यक सहयोग लिने ।

(थ) मन्त्रालयले तोकेका अन्य काम गर्ने ।

• • •

## आयोगको जिल्ला समितिको काम, कर्तव्य र अधिकार

(क) आयोगले प्रत्यायोजन गरेका अधिकारको अधीनमा रही कार्यसम्पादन गर्ने ।

(ख) कार्यक्षेत्रसँग सम्बन्धित विषयमा प्रदेश सरकार र जिल्लाभित्रका स्थानीय तहसँग आवश्यक समन्वय गर्ने ।

(ग) कार्यक्षेत्रसँग सम्बन्धित विषयमा स्थानीय तहका पदाधिकारी तथा कर्मचारीलाई अभिमुखीकरण तालिम दिने ।

(घ) आयोगको काम कारबाहीका सम्बन्धमा सरोकारवालासँग छलफल र अन्तक्रिया गर्ने ।

(ङ) भूमिहीन दलित, भूमिहीन सुकुमबासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने क्रममा देखिएका समस्या जिल्लास्तरमा समाधान गर्न नसकिने भएमा समस्या समाधानको लागि आफ्नो रायसहित आयोगमा लेखी पठाउने ।

(च) कार्यक्षेत्रसँग सम्बन्धित विषयमा स्थानीय तहबाट भए गरेका कार्यको नियमित अनुगमन गर्ने ।

(छ) आयोगले तोकेको अन्य काम गर्ने ।

## गठन आदेशमा भएका थप व्यवस्था :

१७. **समन्वय गर्ने:** (१) आयोगले देहायको प्रयोजनको लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहसँग समन्वय गर्नु पर्नेछः-

(क) भूमिहीन दलित र भूमिहीन सुकुमबासीलाई जग्गा उपलब्ध गराउने प्रयोजनका लागि जग्गाको छनौट तथा व्यवस्थापन गर्न ।

(ख) भूमिहीन दलित र भूमिहीन सुकुमबासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने प्रयोजनका लागि आयोगलाई आवश्यक उपकरण, स्रोत साधन र जनशक्ति उपलब्ध गराउन ।

(२) भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत सङ्कलन र प्रमाणीकरणको काम आयोगले समयसीमा तोकी स्थानीय तहमार्फत गर्नुपर्नेछ ।

(३) सम्बन्धित भूमिसुधार तथा मालपोत कार्यालय वा मालपोत कार्यालयको समन्वय, सम्बन्धित नापी कार्यालयको प्राविधिक रेखदेख र सम्बन्धित स्थानीय तहको सहयोगमा आयोगले नक्सा श्रेस्ता तयार गर्नेछ ।

(४) प्रदेश सरकार र स्थानीय तहसँगको समन्वयमा आयोगले प्रदेश सरकार र स्थानीय तह मातहतका नापी प्राविधिकलाई नापजाँचको लागि परिचालन गर्न सक्नेछ ।

(५) आयोगले अधिकृतस्तरको दक्ष प्राविधिक जनशक्ति समेत जिल्लास्तरमा परिचालन गर्नुपर्ने आवश्यक देखी नापी विभागसँग अनुरोध गरेमा नापी विभागले सो विभाग वा सोअन्तर्गतका अधिकृतस्तरका प्राविधिक कर्मचारी आयोगको काममा परिचालन गर्न सक्नेछ ।

(८) भूमिहीन दलित र भूमिहीन सुकुमबासीलाई जग्गा उपलब्ध गराउँदा तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्दा प्रचलित कानुन तथा यस आदेशअनुसार सम्बन्धित विभाग, कार्यालय वा सो कार्यालयको प्रमुख वा कर्मचारीले गर्ने गरी तोकिएको कामलाई सम्बन्धित कार्यालय प्रमुख वा कर्मचारीले आफ्नो वार्षिक लक्ष्यमा समावेश गरी सो सम्बन्धमा भए गरेको प्रगति मासिक रूपमा मन्त्रालय र सम्बन्धित विभाग वा कार्यालयमा पठाउनु पर्नेछ ।

१९. **जग्गाधनी दर्ता पूर्जा उपलब्ध गराउने :** (१) आयोगले पहिचान र प्रमाणीकरण गरेका भूमिहीन दलित र भूमिहीन सुकुमबासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने सम्बन्धमा जग्गाको नक्सा श्रेस्ताको आधारमा जग्गाधनी दर्ता प्रमाण पुर्जा बनाई वितरणको लागि स्थानीय तहलाई उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम भूमिहीन दलित, भूमिहीन सुकुमबासी वा अव्यवस्थित बसोबासीलाई जग्गाधनी दर्ता प्रमाण पुर्जा उपलब्ध गराउँदा सगोलमा रहेका पति-पत्नीको संयुक्त नाममा पुर्जा तयार गरी उपलब्ध गराउनु पर्नेछ ।

(३) नक्सा तयार गर्ने प्रयोजनका लागि जग्गाको क्षेत्रफल गणना गर्दा वर्ग मिटरमा उल्लेख गर्नु पर्नेछ । त्यसरी जग्गाको क्षेत्रफल वर्गमिटरमा कायम गर्दा दशमलवपछि दुई अङ्कसम्म उल्लेख गर्नु पर्नेछ ।

(४) आयोगबाट स्वीकृत भएका नक्सा, फिल्डबुक तथा नापीसँग सम्बन्धित कागजात सम्बन्धित जिल्ला समितिको सदस्य सचिवले र जग्गाधनी दर्ता श्रेस्ता तथा जग्गाधनी दर्ता प्रमाण पुर्जा भूमिसुधार तथा मालपोत कार्यालय वा मालपोत कार्यालयबाट प्रतिनिधित्व गर्ने

सम्बन्धित जिल्ला समितिको सदस्यले प्रमाणित गर्नु पर्नेछ ।

(५) आयोग वा जिल्ला समितिबाट अभिलेखसहित प्रमाणित नक्सा श्रेस्ता प्राप्त भएपछि मालपोत कार्यालय र नापी कार्यालयले त्यस्तो नक्सा श्रेस्ता प्राप्त भएको मितिले साठी दिनभित्र लागू गर्नु पर्नेछ ।

२०. **बाँकी काम सम्पन्न गर्नेः** (१) ऐनको आठौं संशोधन हुनुअघि नेपाल सरकारले प्रचलित कानुन बमोजिम गठन गरेका आयोग, समिति वा कार्यदलबाट काम सुरू भई सम्पन्न हुन बाँकी रहेको ।

• • •

## भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीको लगत सङ्कलन सम्बन्धी कार्यविधि, २०८१ भएका मुख्य व्यवस्थाहरू

३. आयोग र प्रदेश तथा स्थानीयतह बीच समझदारी : आयोगले भूमि समस्या समाधान आयोग गठन आदेश, २०८१ र अन्य प्रचलित कानुनमा भएका व्यवस्थाअनुरुप भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने कार्यलाई समन्वयात्मक रूपमा प्रभावकारी ढङ्गले सम्पन्न गर्न प्रदेश सरकारसँग र स्थानीय तहसँग कार्य सहमति पत्रमा हस्ताक्षर गर्नु पर्नेछ । विघटित राष्ट्रिय भूमि आयोगसँग सम्झौता गरेका स्थानीय तहले पुनः सम्झौता गर्नुपर्ने छैन । नयाँ सम्झौता गर्नुपर्ने र सम्झौता संसोधन गर्नु पर्नेमा आयोगले गर्ने छ ।

४. सहजीकरण समिति :

(१) भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत सङ्कलन, प्रमाणीकरण तथा नाप नक्सालगायतका कार्यमा सहयोग र सहजीकरण गर्न स्थानीय तहमा देहाय बमाजिमको स्थानीय तहस्तरीय भूमि समस्या सहजीकरण समिति गठन गर्नु पर्नेछ ।

(क) स्थानीय तहको प्रमुख वा अध्यक्ष- संयोजक

(ख) स्थानीय तहका उपप्रमुख वा उपाध्यक्ष- उपसंयोजक

(ग) सम्बन्धित स्थानीय तहमा क्रियाशील रहेका राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलले खटाएको एक एक जना प्रतिनिधि- सदस्य

(घ) कार्यपालिका सदस्यहरू मध्येबाट एक दलित वा अल्पसख्यक र एक महिला गरी दुईजना- सदस्य

(ङ) स्थानीय तहमा क्रियाशील भूमिहीन किसान, सुकुमबासी र आवासको क्षेत्रमा काम गरिरहेका संघ, सङ्गठन वा यस विषयमा अनुभवी नागरिक समाजबाट नदोहोरिने गरी सहजीकरण समितिले मनोनयन गरेका प्रतिनिधि (कम्तीमा एक महिला र एक दलितसहित ३ जना)- सदस्य

(च) प्रमुख प्रशासकीय अधिकृत- सदस्य सचिव

(२) स्थलगत रूपमा तथ्याङ्क सङ्कलन तथा नाप नक्साको काममा सहजीकरण गर्न तथा वडा समितिलाई आवश्यक सहयोग पुऱ्याउन देहाय बमोजिमको वडास्तरीय भूमिहीन र अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समिति गठन गर्नु पर्नेछ ।

(क) वडा अध्यक्ष- अध्यक्ष,

(ख) वडा सदस्यहरू- सदस्य,

(ग) सम्बन्धित वडामा क्रियाशील रहेका राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलले खटाएको एक एक जना प्रतिनिधि- सदस्य,

(घ) सम्बन्धित वडामा क्रियाशील भूमि, र आवासको क्षेत्रमा काम गरिरहेका संघ, सङ्गठन वा नागरिक समाजबाट नदोहोरिने गरी सहजीकरण समितिले मनोनयन गरेका प्रतिनिधि (कम्तीमा एक महिला र एक दलित सहित ३ जना)- सदस्य,

(ङ) वडा सचिव- सदस्य सचिव

(३) समितिको बैठकमा आवश्यकता अनुसार भूमि शाखाका कर्मचारी र सम्बन्धित क्षेत्रका विज्ञहरूलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) सहजीकरण समितिले देहाय कमोजिमको कार्य गर्नेछ :-

(क) स्थानीय तहले तर्जमा गरेको कार्ययोजना कार्यान्वयन गर्न सहयोग गर्ने ।

(ख) भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीको विवरण तथा तथ्याङ्क सङ्कलन, पहिचान, प्रमाणीकरण र नाप नक्सा लगायतका कार्य प्रक्रियामा सहजीकरण गर्ने ।

(ग) समुदायस्तर तथा सम्बन्धित सरोकारवालाहरूमा आयोगको काम कारवाहीहरू सम्बन्धमा प्रचारप्रसार एवं सूचना सम्प्रेषण गर्ने ।

(५) वडाको लगत सङ्कलन तथा नाप नक्साको कार्यमा कुनै विवाद वा बाधा अड्चन देखिएमा वा तथ्याङ्क सङ्कलक वा नापी टोलीले सहजीकरणका लागि अनुरोध गरेमा वडास्तरीय सहजीकरण समितिले उपलब्ध तथ्य, प्रमाण, फिल्डको वस्तुस्थितिलगायतको अध्ययन र नापी टोलीको राय सुझाव समेतको आधारमा विवादको टुङ्गो लगाउने छ ।

(६) वडास्तरीय सहजीकरण समितिले विवाद समाधान गर्न नसकेमा सो समितिले आफ्नो राय तथा सिफारिससहित स्थानीय तहस्तरीय समितिमा लेखी पठाउनु पर्नेछ ।

(८) स्थानीय तहस्तरीय समितिको बैठकमा संयोजकले सम्बन्धित वडा अध्यक्षलाई सदस्यको रूपमा आमन्त्रण गर्न सक्नेछ । सहजीकरण समितिको बैठक नियमित र कम्तिमा २ महिनाको एक पटक अनिवार्य बस्नु पर्नेछ ।

५. जनशक्ति व्यवस्थापन र कार्ययोजना निर्धारणः (१) भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत सङ्कलन गर्ने कार्य सम्पन्न गर्न सम्बन्धित स्थानीय तहले भूमि शाखा स्थापना गर्नुपर्नेछ ।

(२) भूमि शाखामा सम्बन्धित नापी कार्यालयबाट खटिआएको नापी टोलीका प्राविधिक कर्मचारी बाहेकका अन्य आवश्यक कर्मचारी सम्बन्धित स्थानीय तहले व्यवस्थापन गर्नुपर्नेछ । कामलाई छिटो गर्न स्थानीय तहले थप प्राविधिक जनशक्ति राख्न यस दफाले बाधा पुग्ने छैन ।

६. स्थानीय तहको अनौपचारिक भू-सम्बन्धको वस्तुस्थिति र परिवेश आँकलन : (१) स्थानीय तहले आयोगसँगको समन्वयमा भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीले बसोबास वा आबाद कमोत गरेका बस्तीहरूको विवरण, प्रत्येक बस्तीका भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीको अनुमानित घर परिवार सङ्ख्या लगायत अनुसूची -२ बमोजिमको ढाँचामा वडाअनुसारको प्रारम्भिक विवरण तयार गर्नुपर्नेछ ।

८. सूचना प्रकाशन : (१) भूमिहीन दलित र भूमिहीन सुकुमबासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनको लागि आयोगले निवेदनसाथ पेस गर्नुपर्ने विवरण समेत उल्लेख गरी राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रत्येक स्थानीय तहमा जम्मा ३५ दिनको समय दिई प्रत्येक वडामा ७ (सात) दिनको म्याद दिई लगत सङ्कलन गर्ने अनुसूची- ५ (क) र जग्गा नापनक्सा गर्ने प्रयोजनको लागि १५ (पन्ध्र) दिन अगावै अनुसूची- ५ बमोजिमको तोकिएको ढाँचामा सार्वजनिक सूचना प्रकाशन गर्नेछ।

९. तथ्याङ सङ्कलनको विधि : (१) आयोगले विवरण र तथ्याङ्क सङ्कलन सम्बन्धी सूचना प्रकाशन गरेपछि तथ्याङ्क सङ्कलक/प्रविष्टिकर्ताहरू वडा समिति कार्यालयले तोकेका स्थानमा निवेदन भर्न भराउन एवं उनीहरूको पहिचान र प्रमाणीकरणका लागि आवश्यक पर्ने तथ्याङ्क सङ्कलन गर्न आयोगले तोकेबमोजिमको फारम लिई स्थानीय तह, वडा कार्यालयले तोकेको स्थानमा खटिनेछन्।

९. (३) (ख) फारम रुजु गर्ने र वडा अध्यक्षबाट फारम प्रमाणित गराई दर्ता गर्ने, निवेदन दर्ता गर्दा निम्नानुसार गर्नुपर्छः

| निवेदनको प्रकार | वडा कार्यालयमा पेश भएका फारम नं./निवेदकको सुरु दर्ता नम्बर |
|---|---|
| भूमिहीन दलितका लागि सुरु हुने दर्ता (कोड) नं. | वडा नं. BD०००१ |
| भूमिहीन सुकुमबासीका लागि सुरु हुने दर्ता (कोड) नं. | वडा नं. BS०००१ |
| अव्यवस्थित बसोबासीका लागि सुरु हुने दर्ता (कोड) नं. | वडा नं. AB०००१ |

(घ) निवेदन दर्ता भएको जानकारी स्वरूप तथ्याङ्क प्रविष्टि भएपछि प्रणालीबाट प्राप्त हुने अनुसूची- ६ बमोजिमको निस्सा तत्काल निवेदकलाई बुझाउने व्यवस्था मिलाउने।

(ङ) कुनै जग्गा आबाद कमोत नगरेका वा वितरण गर्न नमिल्ने जग्गामा बसोबास, आबाद कमोत गरेका भूमिहीन दलित र भूमिहीन सुकुमबासीहरूलाई उपलब्ध गराउन सकिने जमिन पहिचान गरी नापनक्सा गर्न स्थानीय तहमार्फत जिल्ला समितिलाई सिफारिस गर्ने।

(च) प्राप्त भएको निवेदनको विवरण प्रणालीमा प्रविष्टिकरणका आधारमा अनुसूची ७ र ७ (क) को ढाँचामा सूचना टाँस गरी निवेदन उपर कसैको दाबी विरोध र उजुरी परेमा सम्बन्धित वडा समितिले वडास्तरीय सहजीकरण समितिको सहयोगमा आवश्यक जाँचबुझ पश्चात् निर्णय गरी स्थानीय तहमा सिफारिस गर्नेछ। निवेदकले आफूले पेश गरेको निवेदनमा उल्लिखित विवरणभन्दा फरक हुन गई सच्याउन माग गरे वडाले सोको अभिलेख प्रमाणको आधारमा मनासिब देखिए विवरण सच्याउन सक्नेछ।

छ) दाबी विरोधबाट कसैको निवेदनमा उल्लिखित विवरण झुटो ठहरेमा निर्णय सार्वजनिक गरी निवेदन रद्द गर्न स्थानीय तहलाई सिफारिस गर्नेछ।

(ज) निवेदकले माग गरेको जग्गा वितरण गर्न नमिल्ने भएमा सोको रायसहित यकिन गर्न स्थानीय तहमार्फत जिल्ला समितिमा सिफारिस गर्ने र निजलाई दफा ९ को उपदफा (३) (घ) बमोजिमको जग्गा उपलब्ध गराउन समेत सिफारिस गर्ने।

झ) वडा समितिले खण्ड (च) बमोजिम भूमिहीन दलित र भूमिहीन सुकुम्बासीको हकमा म्याद समाप्त भएको ७ (सात) दिनभित्र निवेदकको पहिचान र प्रमाणीकरण गरी आवश्यक कारवाहीका लागि स्थानीय तहसमक्ष पेश गर्ने।

९. (४) एउटा निवेदकको एउटा जिल्लाको आपसमा सीमाना जोडिएको दुवै स्थानीय तह अव्यस्थित बसोबासीको रूपमा बसोबास वा आबाद कमोत भएको जग्गा रहेको भएपनि कुनै एक स्थानीय तहमा मात्र निवेदन दिन सकिनेछ भने दोस्रो स्थानीय तहको जग्गाको हकमा अनुसूची- ६ (क) बमोजिमको सिफारिस निवेदनसाथ पेश गर्नुपर्नेछ।

१२. तथ्याङ्कको जाँचबुझ, प्रमाणीकरण तथा हस्तान्तरणः (१) निवेदकले आफूले पेश गरेको निवेदनमा उल्लेखित विवरण भन्दा फरक हुन गई सच्याउन माग गरे वा भर्न'पर्ने अनुसूची फारम फरक परेमा वडाले सोको अभिलेख राखी प्रमाणको आधारमा मनासिव देखिए विवरण सच्याउन सक्नेछ। कसैको दाबी विरोध र उजुरी परेमा वडा स्तरीय सहजीकरण समितिले आवश्यक जाँचबुझपश्चात गरेको सिफारिसको आधारमा वडा समितिले निर्णय गरी ७ (सात) दिनभित्र स्थानीय तहमा स्वीकृतिका लागि पेश गर्नेछ।

(२) अनुसार वडा स्तरबाट समाधान हुन नसकेका विषयहरूलाई पालिकास्तरीय सहजीकरण समितिले आवश्यक जाँचबुझ पश्चात गरेको सिफारिसका आधारमा स्थानीय तहको कार्यपालिकाले आवश्यक निर्णय गर्नेछ।

(३) वडाबाट प्राप्त विवरण स्थानीय तहले स्थानीय तहस्तरीय सहजीकरण समितिको बैठकबाट सिफारिस गरी स्थानीय तहको कार्यपालिकाले प्रमाणीकरण गरी ऐनबमोजिम जग्गा उपलब्ध गराउने सिफारिससहित ७ (सात) दिनभित्र जिल्ला समिति समक्ष पेश गर्नेछ।

(४) जग्गा सट्टाभर्ना गरी बसोबास गरेका अव्यवस्थित बसोबासीको छुट्टै विवरण स्थानीय कार्यपालिकाले जिल्ला समिति समक्ष पेश गर्नुपर्नेछ।

(५) माग दाबी प्रमाणीकरण हुन नसकेका व्यक्तिहरूको नामावली स्थानीय तहको सूचना पाटीमा टाँस गरी सार्वजनिक गर्नुपर्नेछ।

१३. नाप नक्साको तयारीः (१) आयोग/जिल्ला समितिले स्थानीय तह र नापी कार्यालयसँगको समन्वयमा भूमिहीन दलित, भूमिहीन सुकुमबासीलाई वितरण तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्न योग्य जग्गा (क) ऐलानी (ख) पर्ती, नदी उकास लगायतका सरकारी जग्गा र (ग) साविकको वन क्षेत्र जनिएको भए पनि आबादीमा परिणत भएको जग्गामध्ये कुन हो वर्गीकरण समेत हुने गरी प्रत्येक स्थानको चार किल्ला समेत उल्लेख गरी पहिचान र छनौट गरी एकिन गर्नुपर्नेछ।

(२) स्थानीय तहको बस्तीको तहगत क्षेत्र विभाजन भइनसकेको भए स्थानीय तहले सोको समेत निर्णय गर्नुपर्नेछ।

(३) सम्बन्धित नापी कार्यालयले

आयोगले तय गरेको कार्ययोजनामा उल्लेख भएबमोजिम स्थानीय तहहरूको छानिएका स्थानको नाप नक्सा सम्बन्धी कार्यका लागि आवश्यक सङ्ख्यामा फिल्डमा खटिई नापजाँच गर्ने तथा कार्यालयमा बसी नक्सा तयार गर्ने टोली गठन गर्नेछ। नापी कार्यालयले खटाउने टोलीमा रहने गरी सम्बन्धित स्थानीय तहले थप नापी प्राविधिक र आवश्यक जनशक्ति खटाउनु पर्नेछ। नापी कार्यालयले नाप नक्सा कार्यमा सम्बन्धित स्थानीय तहसँग आवश्यक समन्वय गर्नुपर्नेछ।

(४) टोलीले नाप नक्सा गरिने क्षेत्रको १५ (पन्ध्र) दिनको सूचना प्रकाशन गर्नु पर्नेछ तथा सो क्षेत्र वरिपरिका साविकका कित्ता नापी नक्साहरूको प्रिन्ट सङ्कलन गर्ने, जग्गाको तथ्याङ्क लगत सङ्कलनका लागि तोकिएको फारमको प्रबन्ध, भू-उपग्रह चित्रको व्यवस्था, नाप नक्सा गर्ने यन्त्र उपकरण परीक्षण र स्तरीकरण (standardization) तथा व्यवस्थापन गर्नुपर्नेछ।

• • •

## भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउनेसम्बन्धी कार्यविधि, २०८१

३. जिल्ला समितिले प्राप्त गर्नु पर्ने विवरण तथा कागजातहरू :

(१) जिल्ला समितिले भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउन स्थानीय तहसँग देहाय बमोजिमका कागजात माग गर्नु पर्नेछ,

(क) स्थानीय तहको कार्यपालिकाको निर्णयबाट प्रमाणीकरण भएका भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीको सिफारिससहितको नामावली विवरण,

(ख) भूमिहीन दलित, भूमिहीन सुकुमबासीलाई उपलब्ध गराउने नियम ४१ख. बमोजिम क्षेत्रफलको जग्गा अनुसूची-१ बमोजिमको ढाँचामा प्रस्ताव गरिएको विवरण,

(ग) अव्यवस्थित बसोबासीको व्यवस्थापन गरिने नियम ४१ग. बमोजिम क्षेत्रफलको जग्गा अनुसूची- २ बमोजिमको ढाँचामा प्रस्ताव गरी पठाएको विवरण,



(घ) जग्गाको प्रयोजन यकिन गरी स्थानीय तहमा पेश भएका अनुसूची ३ बमोजिमका निवेदन,

(ङ) उपलब्ध गराइने जग्गाभन्दा बढी हुन गई बाँकी रहेको जग्गा र सोसँग जोडिएको सरकारी जग्गालाई सम्भव भएसम्म एक आपसमा मिलान (ŋभचनभ) गरी एउटै सरकारी कित्ता कायम गरी नक्सा र database अद्यावधिक गरी तयार गरिएको अनुसूची- ४ बमोजिमको विवरण,

(च) जग्गा आवाद कमोत नगरेका र वितरण गर्न नमिल्ने जग्गामा बसोबास वा आवाद कमोत गरेका भूमिहीन दलित र भूमिहीन सुकुमबासीहरूको विवरण तथा निजहरूलाई उपलब्ध गराउन सकिने जग्गाको विवरण स्थानीय तहबाट (वडा समितिमार्फत भएको सिफारिसको आधारमा) गरिएको सिफारिस।

(२) जिल्ला समितिले नापी टोलीबाट देहाय बमोजिमका कागजात प्राप्त गर्नु पर्ने छ :-

(क) नापी टोलीबाट तयार भएका कित्ता नापी नक्सा,

(ख) भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीको लगत सङ्कलन सम्बन्धी कार्यविधि, २०८१ को अनुसूचि -९ बमोजिम नापी टोलीबाट तयार भएका कित्ताहरूको विवरण,

(ग) लगत सङ्कलनसम्बन्धी कार्यविधिको अनुसूचि - ११ अनुसारको प्रतिवेदन marking गरिएका भूउपग्रह चित्र drone चित्र/ LIDAR चित्र, टोटल स्टेसन प्रयोग गर्दाको कित्ताको स्केच, साविकको नापी नक्सा वा डिजिटल डाटा,

४. विवरण सार्वजनिक तथा हकदाबीको सूचनाः

(१) जिल्ला समितिले स्थानीयतहबाट प्रमाणीकरण भई आएका भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीको नामावलीसहितको विवरण जिल्ला समितिको सूचना पाटीमा टाँस गरी सार्वजनिक गर्नु पर्नेछ।

(२) भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीलाई उपलब्ध गराउन दफा ३ बमोजिम तयार गरिएको विवरणको आधारमा परिवारमूलीको नाम, थर, जग्गा रहेको स्थानीय तह, वडा नं. नक्सा नं. कित्ता नं. क्षेत्रफल र चार किल्ला समेत उल्लेख गरी दाबी विरोध तथा उजुर गर्नका लागि अनुसूची- ५ को ढाँचामा ७ (सात) दिनको म्याद दिई सम्बन्धित वडा स्थानीय तहको वेभसाईटमा प्रकाशन गर्नु पर्नेछ (३) उपदफा (१) र (२) अनुसार सार्वजनिक भएको विवरणको सम्बन्धमा कुनै उजुर भए ७ (सात) दिनभित्र जिल्ला समितिमा लिखित उजुरी दिनु पर्नेछ।

(४) जिल्ला समितिले स्थानीय तहबाट प्रमाणीकरण भएका भूमिहीन दलित, भूमिहीन सुकुमबासीको परिवारको नाममा नेपाल राज्यभर कतै जग्गा दर्ता भए नभएको सम्बन्धमा यकिन गर्न सम्बन्धित भूमिसुधार तथा मालपोत कार्यालय/मालपोत कार्यालयमा पठाउनु पर्नेछ र कार्यालयले ७ (सात) दिनभित्र निज र परिवारको नाममा जग्गा भए नभएको विवरण पठाउनु पर्नेछ।

(५) उजुरी परेमा सोको छानबिनका लागि जिल्ला समितिले विज्ञ सदस्य समेत रहेको छानबिन उपसमिति गठन गर्न सक्नेछ।

(६) कुनै उजुर नपरेकाको हकमा तोकिएको म्याद समाप्त भए पश्चात भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीको परिवारलाई उपलब्ध गराउने जग्गाको विवरण तयार गरी जिल्ला समितिले स्वीकृत गर्नु पर्नेछ।

(७) उजुर परेकाको हकमा जिल्ला समितिले छानबिन गरी प्रमाणको आधारमा जग्गा उपलब्ध गराउन मिल्ने या नमिल्ने निर्णय गर्नु पर्नेछ। उक्त निर्णयानुसार भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउन मिल्ने भए सो सम्बन्धी जग्गाको विवरण तयार गरी स्वीकृत गर्नु पर्नेछ।

(८) भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासी र निजलाई उपलब्ध गराउने जग्गाको विवरण स्वीकृत भएको लिखित जानकारी आयोगलाई गराउनु पर्नेछ।

(१०) दलित आयोगले दलित भनी सूचिकृत गरेको जातिका हकमा स्थानीय तहले वडाको विवरण सार्वजनिक गरी स्थानीय तहले प्रमाणित गरेका नापी टोलीबाट भूमिहीन दलितका लागि उपलब्ध गराउने जग्गाको नाप नक्सा भई वितरण गर्न तयार भएका र मालपोत कार्यालयबाट अन्यत्र जग्गा नदेखिएको भनी उल्लेख भई आएका भूमिहीन दलितका हकमा जिल्ला समितिलाई थप छानबिन गर्न आवश्यक छैन भन्ने लागेमा निवेदकलाई अन्यत्र जग्गा छैन भनी स्वघोषणा गराई उपदफा (१) र (२) बमोजिमको सूचना सार्वजनिक नगरी जग्गा दर्ता गर्न सक्नेछ।

५. भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने सम्बन्धमाः

(१) जिल्ला समितिले स्वीकृत भएको मितिले ७ (सात) दिनभित्र भूमिहीन दलित र भूमिहीन सुकुमबासीका लागि उपलब्ध गराउने जग्गा दर्ताको निर्णय गर्नु पर्नेछ।

(२) जग्गा दर्ताको निर्णयपश्चात जिल्ला समितिले नापी नक्सा अद्यावधिक गरी जग्गा प्राप्त गर्ने भूमिहीन दलित र भूमिहीन सुकुमबासीहरूको विवरण नापी क्षेत्रीय किताब (फिल्डबुक) तयार गर्नु पर्नेछ। नापी क्षेत्रीय किताब (फिल्डबुक) को कैफियत महलमा जग्गाको प्रयोजनसमेत जनाउनु पर्नेछ।

(३) जिल्ला समितिले जग्गा दर्ताको निर्णयको जानकारी आयोगमा पठाउनु पर्नेछ।

(४) जिल्ला समितिले उपदफा (१) बमोजिम जग्गा दर्ता गर्ने निर्णय गरेपश्चात भूमिहीन दलित र भूमिहीन सुकुमबासीलाई जग्गा दर्ताको लागि १५ (पन्ध्र) दिनभित्र उपस्थित हुन सूचना प्रकाशन गर्नु पर्नेछ र जिल्ला समितिले आवश्यकतानुसार पुनः प्रकाशन गर्न सक्नेछ।

(५) सूचना प्रकाशन भएपश्चात जग्गा दर्ता गर्न आउने भूमिहीन दलित र भूमिहीन सुकुमबासीलाई उपलब्ध गराउने जग्गाको नापी क्षेत्रीय किताब (फिल्डबुक) ना जग्गाधनीको सहीछाप गराई दर्ता गर्नुपर्नेछ। यसरी जग्गा दर्तापश्चात लगत सङ्कलन कार्यविधिअनुसार भूमिहीन दलित र भूमिहीन सुकुमबासीले प्राप्त गरेको निवेदन दर्ता तथा नाप नक्साको निस्साको पीठमा निजलाई उपलब्ध गराइने जग्गा रहेको स्थानीय तहको नाम, वडा नं. सीट नं. कित्ता नं. र क्षेत्रफल खुलाई जिल्ला समितिले तोकेको कर्मचारीले प्रमाणित गराई जग्गाधनीलाई फिर्ता दिनु पर्नेछ।

(६) तयार भएका जग्गाधनी दर्ता श्रेस्ता र जग्गाधनी दर्ता प्रमाण पुर्जा तयार गर्नेले हस्ताक्षर गरी रुजु गर्नका लागि तोकिएको कर्मचारी समक्ष पेश गर्नु पर्नेछ। रुजु भएपश्चात जिल्ला समितिको निर्णयबमोजिम जग्गाधनी दर्ता श्रेस्ता तथा जग्गाधनी दर्ता प्रमाण पुर्जा जिल्ला समितिका अध्यक्ष र सदस्य सचिवले प्रमाणित गरी लागु गर्न सम्बन्धित भूमिसुधार तथा मालपोत कार्यालय/मालपोत कार्यालयमा बुझाउनु पर्नेछ।

(७) भूमिसुधार तथा मालपोत कार्यालय/मालपोत कार्यालयमा प्राप्त श्रेस्ता अद्यावधिक गरिएको व्यहोरा जनाई मालपोत अधिकृतले दस्तखत गरी लागु गर्नु पर्नेछ।

८. जग्गा दर्ताको निर्णयः

(१) प्रकाशित सूचनामा निवेदन नपरेको हकमा म्याद समाप्त भएपछि र निवेदन परेको हकमा दफा ७ को उपदफा (४) र (५) बमोजिमको कार्य सम्पन्न गरी जिल्ला समितिले जग्गा दर्ताको निर्णय गर्नु पर्नेछ।

(२) जग्गा दर्ता भएको निर्णयको जानकारी जिल्ला समितिले आयोगलाई पठाउनु पर्नेछ।

९. जग्गा दर्ता गर्न आउने सूचनाः

(१) जग्गा दर्ता गर्ने निर्णयपश्चात जिल्ला समितिले जग्गा प्राप्त गर्ने अव्यवस्थित बसोबासीहरूको विवरण उल्लेख गरी जग्गा दर्ता गर्न आउने सम्बन्धी सूचना प्रकाशन गर्नु पर्ने छ।

(२) विवरण सार्वजनिक भएको जानकारी सम्बन्धित जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समितिको कार्यालय, भूमिसुधार तथा मालपोत कार्यालयहरू/मालपोत कार्यालयहरू, नापी कार्यालयहरू, डिभिजन वन कार्यालयहरू र स्थानीय तहलाई समेत दिनु पर्नेछ। साथै सो सूचनाको सङ्क्षिप्त व्यहोरा स्थानीय सञ्चार माध्यमहरूबाट समेत सार्वजनिक गर्न सकिनेछ।

(३) जग्गा दर्ता गर्ने निर्णयपश्चात जिल्ला समितिले जग्गा प्राप्त गर्ने अव्यवस्थित बसोबासीहरूको विवरण उल्लेख गरी नापी क्षेत्रीय किताब (फिल्डबुक) तयार गर्नु पर्नेछ।

(४) सूचना प्रकाशन भएपश्चात जग्गा दर्ता गर्न आउने अव्यवस्थित बसोबासी दफा ६ र ७ बमोजिम निर्धारण गरिएको दस्तुर असुल गरेका प्रमाण (बैंक भौचर ) समेत संलग्न गराई नापी क्षेत्रीय किताब (फिल्डबुक) मा जग्गाधनीको सहीछाप गराई जग्गा दर्ता गर्नु पर्नेछ। जग्गाधनीको सहीछाप

भएपछि निवेदन दर्ता तथा नाप नक्साको निस्साको पीठमा जग्गा रहेको स्थानीय तहको नाम, वडा नं., नक्सा सिट नं., कित्ता नं., र क्षेत्रफल खुलाई जिल्ला समितिले तोकेको कर्मचारीले प्रमाणित गरी जग्गाधनीलाई फिर्ता दिनुपर्नेछ।

१०. जग्गा दर्ता श्रेस्ता तथा प्रमाण पुर्जा

(१) दर्ता भइ सकेका जग्गाहरूको जग्गाधनी दर्ता श्रेस्ता र जग्गाधनी दर्ता प्रमाण-पूर्जा जिल्ला समितिले तयार गर्नुपर्नेछ।

(२) तयार भएका श्रेस्ता र पुर्जा तयार गर्ने र रुजु गर्नेले हस्ताक्षर गरी प्रमाणित गर्नका लागि जिल्ला समितिका अध्यक्ष र सदस्य-सचिव समक्ष पेश गर्नु पर्नेछ।

(३) प्रमाणित गरिएका जग्गाधनी दर्ता प्रमाण पुर्जा जिल्ला समितिले भूमि समस्या समाधान आयोगलाई पूर्ण विवरणसहित लिखित जानकारी गराएपश्चात सम्बन्धित जग्गाधनीलाई उपलब्ध गराउनु पर्नेछ।

(४) कुनै कारणवश तयार भएको डिजिटल प्रणालीबाट दर्ता श्रेस्ता पुर्जा तयार हुन नसकेमा हस्तलिखित दर्ता श्रेस्ता पुर्जा तयार गर्न सकिनेछ।

१३. साविकमा नाप नक्सा भइसकेको जग्गा सम्बन्धमा : भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउँदा साविकमा नापी भएको जग्गा भए विद्यमान फिल्डबुक तथा प्लट रजिष्टरका आधारमा कित्ता कायम गरी जिल्ला समितिबाट जग्गा दर्ता गर्ने निर्णयबमोजिम नापी नक्सा, प्लट रजिष्टर, जग्गाधनी दर्ता श्रेस्ता र जग्गाधनी दर्ता प्रमाण पुर्जा तयार गर्नु पर्नेछ।

१४. श्रेस्ता अद्यावधिक सम्बन्धमा : (१) भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीले जग्गाधनी दर्ता प्रमाण पुर्जासहित भूमिसुधार तथा मालपोत कार्यालय/मालपोत कार्यालयमा जग्गाधनी प्रमाण पुर्जा प्राप्त गरेको मितिले ३० दिनभित्रमा उपस्थित भई आफ्नो जग्गाको विवरण भू-सूचना प्रणालीमा अद्यावधिक गर्नुपर्नेछ। त्यसरी अद्यावधिक गर्दा श्रेस्ता पुर्जामा सो जग्गा अद्यावधिक गरेका मितिले १० (दश) वर्ष सम्म बिक्री वितरण गर्न नपाउने व्यहोरा जनाउनु पर्नेछ।

(२) मालपोत कार्यालयमा प्राप्त श्रेस्ता अद्यावधिक गरिएको व्यहोरा जनाई मालपोत अधिकृतले दस्तखत गरी लागु गर्नुपर्नेछ।

• • •

## विगतका आयोग, समिति र कार्यदलका बाँकी काम सम्पन्न गर्ने सम्बन्धी कार्यविधि, २०८१

(ट) 'विगतका आयोग, कार्यदल वा समिति' भन्नाले २०७९/०१/०१ भन्दा अघि नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी भूमि सम्बन्धी समस्या समाधान गर्न गठित आयोग, कार्यदल, वा समिति वा आधिकारिक निकाय र मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा (१क) बमोजिम गठित (स्वबासी घरजग्गा र बेनिस्सा जग्गा दर्ता समितिबाहेक) जग्गा दर्ता समितिलाई सम्झनुपर्छ।

२. बाँकी कामको पहिचानः भूमि समस्या समाधान आयोग/जिल्ला समितिले विगतका आयोग, समिति, कार्यदल र आधिकारिक निकायबाट सम्पन्न हुन बाँकी कामहरू देहायबमोजिम पहिचान गर्नु पर्नेछः-

(क) जग्गाधनी दर्ता श्रेस्ता र जग्गाधनी दर्ता प्रमाणपुर्जा लागु भएका तर नापी नक्सा प्रमाणित नभएका जग्गा,

(ख) नापी नक्सा, नापी क्षेत्रीय किताब (फिल्डबुक) जग्गाधनी श्रेस्ता/पुर्जा सबै कागजात प्रमाणित भएको तर मालपोत असुल गर्न बाँकी रहेका जग्गा,

(ग) एउटै कित्ता जग्गाको जग्गाधनी दर्ता प्रमाणपुर्जा एकभन्दा बढी व्यक्तिसँग रहेको जग्गा,

(घ) तत्कालीन आयोग, समिति वा कार्यदलले तोकेको दस्तुरको किस्ता बुझाउन बाँकी रहेको जग्गा,

(ङ) बुझाउनुपर्ने राजस्वमध्ये किस्ताबन्दीमा बुझाई बाँकी किस्ता नबुझाएको जग्गा,

(च) जग्गाधनी दर्ता श्रेस्ता तयार भएको तर जग्गाधनी प्रमाणपुर्जा नबनेका जग्गा,

(छ) जग्गाधनी दर्ता श्रेस्ता कायम भएको तर जग्गाधनीले भोग नगरी अन्य व्यक्तिले भोग गरेको जग्गा,

(ज) नापी नक्सा बमोजिम भोगमा फरक परेको जग्गा,

(झ) नापी नक्सा प्रमाणित नभएका कारणले साविकको कित्ता जग्गामध्येबाट तर्फ खुलाई घरायसी कागजातको आधारमा खरिद बिक्री भएको जग्गा,

(ञ) सरकारी प्रवृत्तिमा नाप नक्सा भई विभिन्न समयमा बिक्री वितरण भएका लगतकट्टा गर्न बाँकी जग्गा,

(ट) नापी नक्सा प्रमाणित नभएको वा नापी नक्सा नै नभएको तर जग्गाधनी दर्ता श्रेस्ता कायम रहेको जग्गा,

(ठ) जग्गाधनी दर्ता प्रमाण पुर्जा वितरण भएको तर जग्गाधनी दर्ता श्रेस्ता तयार नभएको जग्गा,

(ड) जग्गाधनी दर्ता श्रेस्ता पुर्जा तयार भएको तर जग्गाधनी दर्ता प्रमाण पुर्जा तयार नभएको जग्गा,

(ढ) जग्गाधनी दर्ता श्रेस्ता पुर्जा तयार भएको तर उक्त श्रेस्ता लागू नभएको जग्गा,

(ण) अघिल्ला आयोगका निर्णयलाई वित्त आयोगले सदर गरेका तर मालपोत कार्यालयमा रहेका मोठ श्रेस्तामा व्यहोरा जनाउन बाँकी रहेका जग्गा,

(त) नापी क्षेत्रीय किताब (फिल्डबुक) तयार भएका तर प्रमाणित हुन बाँकी र नापी क्षेत्रीय किताब नै तयार नभएका जग्गा,

(थ) मालपोत ऐन २०३४ को दफा ७ को उपदफा (१क) बमोजिम बेनिस्सा र स्वबासी जग्गा दर्ता बाहेकका अन्य क्षेत्रमा गठित समितिले दर्ता गर्न बाँकी रहेका कामहरू,

(द) जिल्ला समितिले पहिचान गरेका विगतका आयोग समिति, आधिकारिक निकाय र कार्यदलबाट यस आयोगले नापनक्सा गर्नुपर्ने प्रकृतिका जग्गाहरू नापनक्सा भई फिल्डबुक समेत कायम भई दर्ता हुन बाँकी रहेका जग्गाहरू।

४. सूचना गर्नुपर्नेः

(१) आयोगले पहिचान गरेका बाँकी कामहरू सम्पन्न गर्नका लागि भूमि सम्बन्धी नियमहरू, २०२१ को नियम ४१न को उपनियम (१) बमोजिम ३५ (पैतिस) दिनभित्र आवश्यक कागज प्रमाणहरूसहित निवेदन दिन राष्ट्रियस्तरको दैनिक पत्रिकामा अनुसूची- १ को ढाँचामा सार्वजनिक सूचना प्रकाशन

गर्नुपर्नेछ। त्यस्तो सूचना सार्वजनिक सञ्चारका माध्यमबाट समेत प्रकाशन गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको सूचनाअनुसार अनुसूची-२ बमोजिमको ढाँचामा परिवारमूली वा निजको परिवारको सदस्यले वा कानूनबमोजिम अधिकारप्राप्त व्यक्तिले आयोगको जिल्ला समितिको कार्यालयमा आफूसँग भएको प्रमाण तथा कागजात संलग्न गरी तोकिएको म्यादभित्र निवेदन दर्ता गर्नु पर्नेछ।

(३) बाँकी काम सम्पन्न गर्ने प्रयोजनका लागि विघटित राष्ट्रिय भूमि आयोगको जिल्ला समितिमा निवेदन दिइसकेको भए सोको विवरण सार्वजनिक गरी त्यस्ता निवेदकहरूबाट आवश्यक थप वा पूरक प्रमाण तथा कागजातहरू पेस गर्न र कुनै दाबीविरोध वा उजुर गर्नुपर्ने भएमा सोका लागि जिल्ला समितिले कम्तीमा ७ (सात) दिनको म्याद दिई सूचना प्रकाशन गर्नु पर्नेछ।

६. निवेदन उपर छानबिन र निर्णय :

(१) बाँकी रहेका कामहरूलाई जिल्ला समितिले छानबिन गरी देहायबमोजिम निर्णय गर्नुपर्नेछः-

(क) जग्गाधनी दर्ता श्रेस्ता र जग्गाधनी दर्ता प्रमाणपुर्जा लागू भएका तर नापी नक्सा प्रमाणित नभएका जग्गाको चेक जाँच गरी नाप नक्सा प्रमाणित गर्ने,

(ख) नापी नक्सा, नापी क्षेत्रीय किताब (फिल्डबुक), जग्गाधनी श्रेस्ता/पुर्जा सबै कागजात प्रमाणित भएको तर मालपोत असुली गर्न बाँकी रहेको जग्गाको हकमा मालपोत असुल गर्न सम्बन्धित मालपोत कार्यालय र स्थानीय तहमा लेखी पठाउने,

(ग) एउटै कित्ता जग्गाको जग्गाधनी प्रमाणपुर्जा एकभन्दा बढी व्यक्तिसँग रहेको भएमा भोगसम्बन्धी स्थलगत सर्जमिन र प्रमाणका आधारमा निर्णय गर्ने,

(घ) तत्कालीन आयोग समिति या कार्यदलले तोकेको दस्तुरको किस्ता बुझाउन बाँकी रहेको जग्गा भएमा बाँकी किस्ताको रकम दाखिला गराई श्रेस्ता वा जग्गाधनी दर्ता, प्रमाणपुर्जा लागू गराउनका लागि जिल्ला समितिले निर्णय गरी सम्बन्धित मालपोत कार्यालयलाई लेखी पठाउनु पर्नेछ। बाँकी किस्ताको रकम असुली गर्दा मालपोत कार्यालयले चालू आ.व.को रजिस्ट्रेसन प्रयोजनका लागि निर्धारण गरेको न्यूनतम् मूल्याङ्कनलाई आधार मान्नु पर्नेछ।

स्पष्टीकरणः बाँकी किस्ता भन्नाले तत्कालीन समयमा जम्मा तिर्न'पर्ने रकमलाई शतप्रतिशत मानी तिरेको रकमको प्रतिशत घटाउने र तिर्न बाँकी प्रतिशत हालको न्यूनतम मूल्याङ्कनको आधारमा हुन आउने रकम एकमुष्ट असुल गर्नुपर्नेछ। कुनै आयोग, कार्यदल र समितिले राजस्वको विषयमा तोकेको अभिलेख फेला नपरेको खण्डमा बुझाउनुपर्ने राजस्व जिल्ला समितिले प्रचलित कानुनअनुसार निर्धारण गर्न सक्नेछ।

(ङ) जग्गाधनी दर्ता श्रेस्ता तयार भएको तर जग्गाधनी दर्ता प्रमाण पुर्जा नबनेका जग्गाको हकमा भोग र प्रमाणका आधारमा जग्गाधनी दर्ता प्रमाणित गरी जग्गाधनी प्रमाण पुर्जा तयार गर्न निर्णय गर्ने,

(च) जग्गाधनी दर्ता श्रेस्ता कायम भएको जग्गाधनीले भोग नगरी अन्य व्यक्तिले भोग गरेको जग्गाको हकमा भोग र प्रमाणका आधारमा जग्गाधनी दर्ता प्रमाण पुर्जा दिने निर्णय गर्ने,

(छ) नापी नक्साबमोजिन भोगमा फरक परेको जग्गाको हकमा भोग र प्रमाणका आधारमा नक्सा संशोधन गरी श्रेस्ता पुर्जामा उल्लिखित क्षेत्रफलमा नबढ्ने गरी जोतभोगकर्तालाई जग्गाधनी दर्ता प्रमाण पुर्जा दिने निर्णय गर्ने,

(ज) नापी नक्सा प्रमाणित नभएका कारणले साविकको कित्ता जग्गामध्येबाटतर्फ जनाई खरिद बिक्री भएको जग्गा भएमा हक भोग र लिखत प्रमाणका आधारमा नक्सा अद्यावधिक गर्ने,

(झ) सरकारी प्रकृतिका नाप नक्सा भई विभिन्न समयमा बिक्री वितरण भएका लगतकट्टा गर्न बाँकी जग्गा भएमा साविकको जग्गाको लगतकट्टा गर्ने निर्णय गर्ने,

(ञ) नापी नक्सा प्रमाणित नभएको वा नापी नक्सा नै नभएको तर जग्गाधनी दर्ता श्रेस्ता कायम रहेको जग्गाको हकमा भोग र प्रमाणको आधारमा नापी नक्सा तयार गरी प्रमाणित गर्न निर्णय गर्ने,

(ट) जग्गाधनी दर्ता श्रेस्ता पुर्जा तयार भएको तर जग्गाधनी दर्ता प्रमाण पुर्जा तयार नभएको जग्गाको हकमा श्रेस्ता, भोग र प्रमाणका आधारमा जग्गाधनी दर्ता प्रमाण पुर्जा तयार गर्ने निर्णय गर्ने,

(ठ) जग्गाधनी दर्ता प्रमाण पुर्जा वितरण भएको तर जग्गाधनी दर्ता श्रेस्ता तयार नभएको जग्गाको हकमा भोग र प्रमाणका आधारमा जग्गाधनी दर्ता श्रेस्ता तयार गर्ने निर्णय गर्ने,

(ड) जग्गाधनी दर्ता श्रेस्ता पुर्जा तयार भएको तर उक्त श्रेस्ता लागू नभएको जग्गाको हकमा पूर्वनिर्णय र प्रमाणका आधारमा कानुनसम्मत भएमा लागु गर्ने निर्णय गर्ने,

(ढ) अघिल्ला आयोगका निर्णयलाई पछिल्ला आयोगले सदर गरेका तर मालपोत कार्यालयमा रहेका मोठ श्रेस्तामा व्यहोरा जनाउन बाँकी रहेका जग्गाको हकमा भोग र प्रमाणको आधारमा निर्णय गरी कार्यान्वयनका लागि मालपोत कार्यालयमा लेखी पठाउने,

(ण) नापी क्षेत्रीय किताब (फिल्डबुक) तयार भएका तर प्रमाणित हुन बाँकी जग्गाको हकमा नापी नक्सा र जग्गाधनी दर्ता श्रेस्ता र भोगको आधारमा निर्णय गर्ने,

(त) नापी क्षेत्रीय किताब नै तयार नभएका जग्गाको हकमा चेकजाँच गरी नापी नक्सा र जग्गाधनी दर्ता श्रेस्ता र भोगको आधारमा निर्णय गर्ने,

(थ) मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा (१क) बमोजिम बेनिस्सा र स्वबासी जग्गा दर्ता बाहेकका अन्य क्षेत्रमा गठित समितिले दर्ता गर्न बाँकी रहेका जग्गाका सम्बन्धमा भोग, नक्सा, नापी क्षेत्रीय किताब (फिल्डबुक), जग्गाधनी दर्ता श्रेस्ता तत् तत् समितिहरूको निर्णयहरू र अन्य प्रमाणका आधारमा निर्णय गर्ने,

(द) जिल्ला समितिले पहिचान गरेका विगतका आयोग, समिति, कार्यदल र आधिकारिक निकायबाट सम्पन्न गर्न बाँकी अन्य कामहरूको सम्बन्धमा भोग, नक्सा, नापी क्षेत्रीय किताब (फिल्डबुक), जग्गाधनी दर्ता श्रेस्ता, तत् तत् समितिहरूको निर्णयहरू र अन्य प्रमाणका आधारमा निर्णय गर्ने।



विश्वास नेपाली



सुष्मा न्यौपाने



निहारिका चौधरी

# स्वर्गद्वारी गुठीका मोही किसानको आन्दोलन र सरकारको प्रतिबद्धता




देउखुरी दाङका तीन हजार पाँच परिवार स्वर्गद्वारी गुठीको कारण भूमिहीन सरह छन्। यो समस्या त्यहाँको १२ मौजा (गाउँ) मा छ। जसले त्यहाँ १६ हजार भन्दा बढी जनसङ्ख्यालाई प्रत्यक्ष प्रभावित गरेको छ। आफूले जोतखन गरेको जग्गाको लालपुर्जा नहुँदा उनीहरू समस्या छन् र लालपुर्जा लिन निक्कै लामो समयदेखि आन्दोलनमा जुटेका छन्।

पछिल्लो पटक उनीहरू काठमाडौं आए, र ५१ दिनसम्म निरन्तर धर्ना बसे। यसबीचमा पटक पटक सरकारसँग छलफल संवाद भयो। तर, किसानले राखेका माग पूरा गर्न सरकार हत्तपत्त तयार भएन। किसानहरू पनि टसमस नभई माइतीघर मण्डलामै धर्ना बसिराखे। ५१ औं दिन भने, वार्ता-संवाद सकारात्मक भयो, मोही किसानको समस्या क्रमशः समाधान गर्ने सरकारले प्रतिबद्धता व्यक्त गर्‍यो। सरकारले ऐन संशोधनमार्फत स्वर्गद्वारी गुठीका मोही किसानको समस्या समाधान गर्न सहमति गरेको छ।

किसानहरूले २०८१ माघ २० गतेदेखि आन्दोलन सुरु गरेका थिए। उनीहरू माइतीघरमा निरन्तर धर्नामा बसी सरकारलाई गुठी समस्याबाट मुक्त गराउन अपिल गरिरहे।

किसानको समस्या सम्बोधन हुनेगरी विधेयक लाने गरी भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकार ीसमेतको उपस्थितिमा २०८१ चैत ११ गते किसान र सरकारी वार्ता टोलीबीच सहमति जुटेसँगै सङ्घर्ष समितिले चैत १२ गते पुनः माइतीघरमै भेला भई आन्दोलनलाई स्थगित गरेको छ।

पछिल्लो संसद् अधिवेशन २०८१ माघ १८ बाट सुरु भएको थियो। त्यसको २ दिनपछिदेखि धर्नामा बसेका थिए, किसानहरू। किसानहरूले गुठी विधेयक संसद्मा पेश गरी स्वर्गद्वारी गुठीका मोही किसानको समस्या समाधान हुनुपर्ने अडान राखेका थिए।

## ५१ दिने धर्नामा के के भयो ?

२०८१ माघ २० देखि धर्ना बस्न किसानहरू माघ १७ गते नै दाङबाट काठमाडौंतर्फ हिंडेका थिए। तयारीको लागि आन्दोलनको संयोजक प्रवीण दहित र स्वर्गद्वारी गुठीपीडित मोही किसान सङ्घर्ष समितिका सचिव भरत गिरी भने माघ १४ गते नै काठमाडौं आएका थिए। किसानहरूले यो आन्दोलनको अधिकांश तयारी गाउँमै गरिसकेका थिए।

माइतीघरमा आन्दोलन गर्ने र धर्ना बस्ने योजना तय भएपनि बास कहाँ बस्ने भन्ने टुङ्गो थिएन। काठमाडौंलाई चिसोले छाडेको थिएन।

धर्ना बस्न आएका किसानहरूले खाने दाल-चामल, आलु, गुन्द्रुक, खुर्सानी र ओड्ने बर्को ल्याएका थिए। सँगै ल्याएका थिए कृषि औजार, लगाउनको लागि थारु पोसाक पनि। र्‍यालीमा हिंड्न र सडकमा राख्न ब्यानर सबै उतै जुटाएर ल्याएका थिए। पशुपतिस्थित गौशाला धर्मशालामा बास बस्ने मेसो मिल्यो। त्यहीँ भुइँ तल्लाको एक कुनाको सिँढीमा खान पकाएर खान दिन धर्मशाला व्यवस्थापन राजी भयो।

किसानहरूले गौशालादेखि माइतीघर मण्डला र माइतीघर मण्डलादेखि गौशालासम्मको दैनिक हिँडाइ, र्‍याली गर्दै नारा गुञ्जाउँदै सरकारलाई भनिरहे, 'गुठी जग्गा मोहीको हो। रैकर गर्ने व्यवस्था गर। पुर्जा बिनाको जग्गाले हाम्रो भविष्य बिग्रियो। हामी भूमिहीन सरह भयौं।' यो र्‍याली काठमाडौंबासीले पनि देखे, नारा र नारामार्फत व्यक्त गरिएको किसानका पीडाहरू उनीहरूले पनि सुने। आन्दोलनमा थप सहानुभूति र सहयोगहरू पनि क्रमशः प्राप्त हुँदै गयो।

आन्दोलनमा दाङबाट प्रतिनिधिमूलकरूपमा महिला-पुरुष, युवा-

युवतीदेखि जेष्ठ नागरिक उमेरसम्मका किसान सहभागी भएका थिए । आन्दोलन अवधिभरी ५ पटक सहभागीहरू आउ-जाउ गरे । यस अवधिमा जम्मा २७७ (१३० महिला र १४७ पुरुष) जना सहभागी हुन १२ मौजाबाट काठमाडौँ आए ।

धर्नामा बस्दै मोही किसानले सरकारलाई भनिरहे, 'देवतालाई जग्गा किन चाहियो ? पुर्जा देऊ, हामीले तिर्ने करबाट पुजा पाठ चलाए हुन्छ ।' सरकारले पटक पटक गरेको वाचा पनि सम्झाइरहे र प्रमाणको रूपमा मन्त्री, प्रधानमन्त्रीलाई विभिन्न चरणमा भेटी पेश गरिएको मागपत्र समेटी ठूलो व्यानर पनि माइतीघरको सडकमै राखे ।

किसानहरूले कहिले माइतीघरदेखि बानेश्वरसम्म पैदल यात्रा गरे, कहिले विभिन्न कार्यक्रमहरू गरी आफ्नो पीडा-व्यथा सडकबाटै सुनाए । आन्दोलनको समर्थनको लागि विभिन्न संघ, संस्था, नागरिक समाज, राजनीतिक दल निकट किसान संघ, सङ्गठनहरूले पनि धर्नास्थलमै आएर ऐक्यबद्धता जनाए भने कतिपयले विज्ञप्ती नै जारी गरी सरकारको ध्यानाकर्षण गराउन मद्दत गरे । ऐक्यबद्धता जनाउन आउनेहरू केहीले नगद, फलफूल पानीलगायतको सहयोग उपलब्ध गराई सहानुभूति जनाए ।

आन्दोलनको तेस्रो दिन माघ २२ गते सामुदायिक आत्मनिर्भर सेवा केन्द्रमा कार्यरत सबै अभियानकर्मी टिम सहभागी भई गौशालादेखि माइतीघरसम्म पैदल यात्रा गरी ऐक्यबद्धता व्यक्त गरिएको थियो ।

साथै, यस आन्दोलनको व्यवस्थापन, मिडिया समन्वय, सम्बन्धित सरोकारवाला निकायसँग समन्वय, सम्पर्क स्थापित गर्न मद्दत गरिएको थियो । भूमि व्यवस्था मन्त्रालयसँगको वार्ता गराउने कार्यमा आत्मनिर्भर केन्द्रका कार्यकारी निर्देशक जगत देउजाको महत्वपूर्ण भूमिका रह्यो ।

यसका साथै भूमि अधिकार आन्दोलनको अग्रणी संस्था भएको हिसाबले यो आन्दोलनमा ऐक्यबद्धता जनाउनुको साथसाथै हरेक दिन धर्नामै बस्ने एवं सरोकारवालासँगको समन्वयमा राष्ट्रिय भूमि अधिकार मञ्चका अध्यक्ष ल्यामबहादुर दर्जी र कोषाध्यक्ष पार्वती थामीको भूमिका र सहयोग महत्वपूर्ण रह्यो ।



जिल्ला भूमि अधिकार मञ्च रसुवाबाट ३० जना टिम माघ २९ गते काठमाडौँ आएर ऐक्यबद्धता जनाए भने, उनीहरूले गाउँबाटै बनाएर ल्याएको खाजा धर्नाका सहभागी किसानलाई खुवाए । यसले पनि धर्नामा सहभागी किसानहरूलाई थप हौसला दिन मद्दत गऱ्यो ।

आन्दोलनको १० दिनसम्म पहिलो चरणमा आएका ३८ जना (१७ महिला र २१ पुरुष) सहभागी भएका थिए भने यस दिन थप ५४ जना (३५ महिला र १९ पुरुष) थपिए ।

यसपछि केही दिन ९२ (५२ महिला र ४१ पुरुष) जना सहभागी धर्ना बसे । आन्दोलनको १३ औं दिन पहिले आएका ४० जना घर फर्किए । र बाँकी ५२ जनाले धर्ना-आन्दोलनलाई निरन्तरता दिइरहे ।

आन्दोलनको १५ औं दिन फागुन ४ गते, जिल्ला भूमि अधिकार मञ्च सिन्धुपाल्चोकबाट पनि ऐक्यबद्धता जनाउन १२ जना भूमि अधिकारकर्मीको टोली माइतीघर आइपुगे । उनीहरूले गुठी आन्दोलनमा ऐक्यबद्धता जनाए, सँगै बसे र बिरामी भएका (अस्वस्थ) सहभागीहरूको स्वास्थ्य उपचारको लागि तीन हजार रुपियाँ नगद सहयोग पनि उपलब्ध गराए ।

आन्दोलनको १६ औं दिन फागुन ५ गते, अधिवक्ता सुशीला चौधरीले ऐक्यबद्धता जनाउँदै ४ कार्टुन पानी सहयोग गर्नुभएको थियो ।

फागुन ५ गते, अखिल नेपाल सुकुमबासी संघ केन्द्रीय समितिका अध्यक्ष अमर परियार र महासचिव प्रकाश खरेलले धर्नास्थलमा सहभागी भई ऐक्यबद्धता व्यक्त गरेका थिए ।

धर्नाको १९ औं दिन सङ्घर्ष समितिका अगुवाहरूले गुठी संस्थानका अध्यक्ष डा. शिवराज पण्डित र सदस्य दिपक राज पाठक एवं कानुन अधिकृत जनक राज पोखरेलसँग भेटी समस्या समाधानको लागि सहयोग गरिदिन छलफल गरेका थिए । साथै २२ औं दिन पुनः संस्थानका अध्यक्षलाई भेटी समस्या समाधानको लागि भूमिका खेलिदिन आग्रह गरिएको थियो ।

धर्नाको २४ औं दिन पुनः ५२ जना नयाँ किसान-साथीहरू पालो दिन काठमाडौँ आए । भने ५३ जना घर फर्किए । यसै दिन दिउँसो २ बजेतिर माइतीघरबाट बानेश्वरसम्म ऱ्याली गरिएको थियो । प्रहरीले रोक्दा केहीबेर तनाव स्थिति पनि सिर्जना हुन पुग्यो । तर, कुनै क्षति हुन पाएन ।

गुठीपीडित मोही किसानको आन्दोलन शान्तिपूर्ण नै थियो । तर, जारी आन्दोलनको २९ औं दिन केही तनावपूर्ण स्थिति पनि किसानहरूले सामना गर्नुपऱ्यो । शान्तिपूर्ण आन्दोलनमा बसेका किसानको मागमा सरकारले कुनै सुनुवाइ नगरेपछि उनीहरू सरकार र संसद्लाई माग सुनाउने गरी नारा लगाउँदै संसद् भवन नयाँ बानेश्वरतर्फ लागे ।

गौशालादेखि माइतीघरतर्फ धर्ना बस्न आएका किसानहरू बानेश्वर जाने योजनाका साथ अघि बढ्दा, बबरमहल पुलनेर प्रहरीले रोक्यो । त्यहाँ त्यसदिन नमिठो वातावरण बन्यो । १८ जना किसानहरू घाइते भए । १२ जनालाई प्रहरीले गिरफ्तार गऱ्यो । उक्त झडपमा प्रहरी वृत्त सिंहदरबारका प्रहरी नायब उपरीक्षक (डीएसपी) गंगा पौडेल पनि घाइते भए । उनको टाउकोमा गम्भीर चोट लाग्यो,

आठवटा टाँका लगाउनु पर्‍यो । जुन अप्रिय हुन पुग्यो । दुःखद् भयो ।

बबरमहलको झडपका क्रममा प्रहरीले किसान प्रतिनिधिहरू शेरबहादुर चौधरी, प्रवीण दहित थारु, लालबहादुर चौधरी, बालकृष्ण चौधरी, भरतलाल चौधरी, रमेश चौधरी, धनीराम चौधरी, विमली चौधरी, सुनिता चौधरी, रामकुमारी चौधरी, पिमा चौधरी र विन्दु कुमाललाई नियन्त्रणमा लिएर एक दिन-रात हिरासतमा राख्यो ।

सोही झडपको क्रममा मुकेश चौधरी, रामबहादुर चौधरी, जुगराम चौधरी, पिमा चौधरी, जानकी चौधरी, कमला चौधरी, पशुपति चौधरी, विमला चौधरी, जिउरानी चौधरी, जोखमाया चौधरी, कृष्णा चौधरी, सुनिता चौधरी, साबित्रा चौधरी, सुनिता चौधरी, सरस्वति चौधरी, जुठी चौधरी, विकास चौधरी र बुझौनी चौधरी घाइते भएका थिए । किसानहरूले गाउँ गाउँबाट ल्याएका कृषि औजारहरू, ब्यानर, प्ले कार्डहरू प्रहरीले नियन्त्रणमा लियो, फिर्ता गरेन ।

यसै दिन बाँकी धर्नामा बसेका किसानहरूलाई भेट्न र हौसला दिन राष्ट्रिय भूमि सञ्जालमा आबद्ध संस्थाहरू माइतीघरमा भेला भए । सञ्जालबाट १३ जना प्रतिनिधिहरू सहभागी हुन पुगेका थिए । यसले पनि किसानहरूमा थप हौसला थपिएको थियो । उनीहरूले १० हजार नगद पनि सहयोग गरेका थिए ।

किसानहरूको अब धैर्यताको बाँध टुट्दैछ भन्ने परेर होला सायद, यसै दिन माघ २९ गते सरकारले वार्ता टोली गठन गर्‍यो । वार्ता टोली सहसचिव मदन कोइरालाको संयोजकत्वमा, सदस्यहरूमा मन्त्रालयका उपसचिव महेन्द्रबहादुर साँखी र गुठी संस्थानका कानुन अधिकृत जनक पोखरेल रहेको वार्ता समिति गठन गर्‍यो ।

किसानहरूले धर्नाको ३१ औं दिन आन्दोलनको केही स्वरुप परिवर्तन गरी दलको कार्यालयहरूमा जाने र धर्ना दिने रणनीति अपनाए । यस दिन १४ जना सहभागी चाहिँ माइतीघरमै धर्ना बसे । र बाँकी सहभागी एमाले पार्टी कार्यालय च्यासल पुगे । तर त्यहाँ पुगेका किसानलाई गेटबाट भित्र छिर्न दिइएन । किसानहरू दिनभर १०० मिटर टाढा खोला किनारको धुलाम्मे चौरमा धर्ना बसे । पार्टी कार्यालय सचिवलाई माग पत्र बुझाएर उनीहरू निरास भावमा फर्किए । एमाले पार्टी अध्यक्ष केपी शर्मा ओली नै वर्तमान सरकारको प्रधानमन्त्री रहनु भएको र पार्टी महासचिव शंकर पोखरेल दाङकै भएको कारण किसानहरूमा अलिक बढी आशा-अपेक्षा थियो ।

३२ औं दिन नेपाली काँग्रेस पार्टी कार्यालय सानेपा पुगेर धर्ना बसे किसानहरू । त्यहाँ पनि काँग्रेस नेताहरूलाई भेट्न पाएनन्, र पार्टी कार्यालय सचिवलाई माग पत्र पेश गरी उही निराशाजनक अवस्थामै फर्किए । नेपाली काँग्रेस पनि वर्तमान सरकारको सत्ता साझेदार पार्टी हो, उसले चासो दिएमा आफूहरूको माग छिट्टै सरकारले सुन्ने आशा किसानहरूमा थियो ।

३३ औं दिन नेकपा माओवादी केन्द्रको पार्टी कार्यालय पेरिस डाँडा पुगे किसानहरू । त्यहाँ भने ससम्मान पार्टी कार्यालयको हलमा राखी छलफल गरी माग पत्र बुझ्ने र छलफलको वातावरण बन्यो । माओवादी नेताहरूले किसानको पीडा-व्यथा सुने, आफ्नो तर्फबाट सहजीकरण गर्ने प्रतिबद्धता पनि जनाए ।

सोही दिन गुठीपीडित सङ्घर्ष समितिको टोली नयाँ बानेश्वरमा थारु कल्याण समाजका पदाधिकारीहरू, अध्यक्ष प्रेमिलाल चौधरी, कोषाध्यक्ष चुर्ण चौधरी, महामन्त्री मिनराज थारु, उपत्यका सभापति सुमन चौधरीलगायतसँग भेटी किसानको माग सम्बन्धमा छलफल गरे । समाजका पदाधिकारीहरूले आफ्नो क्षेत्रबाट सहयोग गर्ने प्रतिबद्धता जनाए भने आन्दोलनप्रति ऐक्यबद्धता पनि जनाए ।

किसानहरूले धर्नाको ३४ औं दिन राष्ट्रिय स्वतन्त्र पार्टी कार्यालय वनस्थली पुगेर नेताहरूलाई भेटी छलफल गरेका थिए । त्यहाँ कार्यवाहक महामन्त्री कविन्द्र बुर्लाकोटी, सांसद् अशोक चौधरी, शिव परिवार सहभागी थिए । उहाँहरूलाई गुठीको कारण किसानले भोग्नु परेको समस्या बताई समाधानको लागि संसद्मा विषय उठान गरिदिन अनुरोध गरिएको थियो ।

धर्नाको ३६ औं दिन माइतीघरमै दिनभरी बसे किसानहरू, दिउँसो सबैले आफ्नो भनाइ राख्ने क्रममा एक सहभागी सावित्री चौधरी बोल्दा बोल्दै बेहोस भएर ढल्नुभयो । उहाँलाई वीर अस्पताल लगेर उपचार गराउनुपर्ने स्थिति आयो । २ घण्टापछि होस आयो ।

धर्नाको ३८ औं दिन पुनः किसान प्रतिनिधि र सरकारी टोलीबीच वार्ता भयो । संयोजक प्रवीण दहितले वार्तामा सहभागी पदाधिकारीसँग पुरानै माग र अडान दोहोर्‍याउनु भएकाले सहमति जुट्न सकेन ।

आन्दोलनको क्रममा विभिन्न विधि, पद्धति र रणनीति अपनाइएको थियो । आन्दोलनको ३९ औं दिनदेखि मन्त्री, प्रधानमन्त्री र सांसद्हरूलाई पत्र लेखी गुठीपीडित किसानको मागको सुनुवाइ गर्न, समस्या समाधान पहल गरिदिन अनुरोध गर्न पनि थालियो । यो पनि आन्दोलनको अर्को रणनीति थियो, जसले सजिलै नीति निर्माण तहमा प्रभाव पार्न सकियोस् ।

आन्दोलनको ४० औं दिन भूमि अधिकार अभियानको साथी संस्था सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको ३२ औं वार्षिक स्थापना दिवस परेको अवसरमा सो दिन सबै आन्दोलनकर्मी सहभागीहरूलाई खाजा (हलुवा, पुरी, अचार) बनाएर खुवाउने व्यवस्था गरियो । आत्मनिर्भर केन्द्रबाट आन्दोलनमा ऐक्यबद्धता जनाउँदै, नियमित सहभागी हुने र व्यवस्थापनलगायतको कार्यमा आवश्यक सहयोग निरन्तर नै थियो ।

४१ औं दिन थप ५१ जना नयाँ सहभागीहरू थपिन आए । यसरी आउने यो पाँचौ टोली थियो । सोही दिन नै ४७ जना धर्ना बसिरहेका किसान प्रतिनिधिहरू घर फर्किए । धर्नाको ४४ औं दिन थप ४१ जना किसान सहभागीहरू घर फर्किए ।

४५ औं दिन भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीको उपस्थितिमा फेरि एक पटक सरकारी समितिसँग वार्ता भयो । वार्तामा किसानहरूबाट प्रभु चौधरी, प्रवीण दहित थारु, शेरबहादुर चौधरी, मिना चौधरी र सिता चौधरी सहभागी भएका थिए । यसदिन पनि वार्ताले सकारात्मक निचोड दिन सकेन । सहमति भएन ।

यस दिन जनप्रजातान्त्रिक पार्टीका महासचिव निरबहादुर श्रेष्ठ धर्नामा सहभागी भई ऐक्यबद्धता जनाई ४ जार खानेपानी सहयोग पनि गर्नुभएको थियो ।

आन्दोलनकै बीचमा किसानहरूले दाङमा पनि अर्को आन्दोलन गरे । यता काठमाडौँमा मात्रै धर्नामा बस्दा सरकारले सुनुवाइ नगरेको भन्दै उता देउखुरी दाङका १२ वटै मौजा (गाउँ) मा पनि गुठीपीडित मोही किसान आन्दोलित भए ।

उनीहरूले धर्ना/आन्दोलनको ४५ औं दिन सरकारले माग नसुनेको विरोधस्वरुप कालो झण्डा चोक-चौतारी, पोलपोलमा राखे । र्‍याली गरे र राँके जुलुस पनि गरे । जसले काठमाडौँमा धर्नामा बसेका साथी-किसानलाई थप हौसला र प्रेरणा मिल्यो भने उता राज्यलाई थप दबाब सिर्जना भयो ।

चैत ५ गते भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीले संसद्को कृषि तथा प्राकृतिक स्रोत साधन समितिको बैठकमा उपस्थित भएर स्वर्गद्वारी गुठीपीडितको समस्या समाधान गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

उक्त बैठकमा समितिका सदस्य सांसद्हरूले सरकारले किसानको आन्दोलन र मागप्रति चासो नदिएको भन्दै विरोध जनाए । बैठकमा मन्त्री अधिकारीले गुठी संस्थान ऐन, २०३३ लाई संशोधन गरी स्वर्गद्वारी किसानको माग सम्बोधनको बाटो खुलाउने प्रतिबद्धता नै व्यक्त गर्नुभयो । तर, लगत्तै भएको किसान र सरकारी वार्ता टोलीको बैठकले जम्मा १ बुँदे निर्णय गर्‍यो, 'गुठी संस्थान ऐन, २०३३ मा गर्नुपर्ने संशोधनको सम्बन्धमा छलफल गरियो ।' किसानले यो विषयलाई चित्त बुझाएनन्, आन्दोलन जारी राख्ने थप अठोट कसे ।

आन्दोलनको ४६ औं दिन चैत ६ गते पनि सरकारी वार्ता समिति र स्वर्गद्वारी गुठीपीडित मोही किसान सङ्घर्ष समितिबीच पुनः वार्ता भयो । तर, यो वार्ताले पनि निकास दिन नसकेपछि किसानहरूले आन्दोलनलाई निरन्तरता दिई नै रहे ।

आन्दोलनको ४८ औं दिन स्वर्गद्वारी गुठीका महन्तहरूसँग वार्ता-संवाद भयो । किसानको तर्फबाट ७ जना सहभागी भए भने महन्त धुर्व श्री सहभागी थिए । छलफल सकारात्मक भयो । सरकारसँग थप पैरवी-पहल गर्ने सहमति जुट्यो ।

आन्दोलनको ५० दिन पुगेपछि किसानहरू फरक तवरले र्‍यालीमा निस्किए ।



गौशालाबाट नै किसानहरूले घाँटीमा जन्जिर बाधेर र्‍यालीमा हिँडेर विरोध जनाए । धर्नामा बस्ने सहभागीले कालो पट्टी बाँधेर सरकारी बेवास्ताप्रति बिरोध जनाए ।

यस दिन पनि भूमि व्यवस्था मन्त्रालयमा पुनः वार्ता भयो । मन्त्रालयको वार्ताको लागि ५ जना (सिता चौधरी, मिना चौधरी, प्रवीण दहित थारु, बालकृष्ण चौधरी र शेरबहादुर चौधरी) सहभागी भएका थिए ।

आन्दोलनको ५१ औं दिन चैत ११ पनि साविकझैँ गौशालादेखि माइतीघरसम्म र्‍याली गरी आएर धर्ना बसे, किसानहरू । दिउँसो १ बजेतिर ८ जना प्रतिनिधिहरू (प्रभु चौधरी, प्रवीण दहित थारु, शेरबहादुर चौधरी, बाल कृष्ण चौधरी, ल्यामबहादुर दर्जी, सिता चौधरी, मिना चौधरी र गंगावती चौधरी) भूमि व्यवस्था मन्त्रालय गए, सरकारी वार्ता टोलीसँग वार्ता-संवाद गर्न ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीको उपस्थितिमा लामो छलफल र संवाद भयो, अन्ततः सहमति जुट्यो । गुठीका मोही किसानको समस्या क्रमशः समाधान गर्ने प्रतिबद्धता मन्त्रीले नै व्यक्त गरेपछि किसानले भरोसा गरे । मन्त्रालयले ऐन संशोधनमार्फत स्वर्गद्वारी गुठीका मोही किसानको समस्या समाधान गर्न सहमति जनायो । सहमतिमा किसानको समस्या सम्बोधन हुनेगरी चालु हिँउदे अधिवेशनमा विधेयक लाने लिखित सहमति नै भयो ।

यसबीच आन्दोलन लम्बिँदै गएको, काठमाडौँका प्रतिकुल मौसमकाबीच केही सहभागी किसानहरू बिरामी परे । केहीलाई अस्पताल नै जानुपर्ने स्थिति पनि आयो । केही घर फर्के । तर, जति घर फर्के त्योभन्दा बढी सङ्ख्यामा किसान सहभागीहरू धर्ना बस्न राजधानी पुगे । सङ्घर्ष समितिले रोटेसन गरी (पालैपालो) धर्नामा बस्न जाने-आउने सूची नै बनाएका थिए, जसले गर्दा आन्दोलनलाई उही गति, उही उर्जा र उत्साहको साथ अघि बढाउन किसानहरू सफल भए ।

आन्दोलनका संयोजक प्रवीण दहित भन्छन्, 'हामी यो आन्दोलनलाई अझै लामो समय लान परे पनि तयारी अवस्थामा थियौँ । हामीले यो आन्दोलनको लागि गाउँ गाउँमा पुगेर करिब १ वर्ष पहिलेदेखि नै तयारी गरेका थियौँ । दाल-चामल सङ्कलन गरेका थियौँ ।

आन्दोलन कोष पनि किसानबाट नै जुटाएका थियौँ । तरकारी घरघरमा फलाएका थियौँ । आलु-खुर्सानी फलाएका थियौँ । गुन्द्रुक पनि घरघरमा बनाएका थियौँ ।'

## फरक तथा अर्गानिक आन्दोलन

दाल-चामल, र ओड्ने बर्कोसमेत बोकी राजधानी आएका थिए, किसानहरू । प्रत्येक घरले ६ केजीका दरले चामल सङ्कलन गरी पठाएका थिए । किसानहरूले गाउँ गाउँमा कुल १५० क्वीन्टल चामल सङ्कलन गरेका थिए ।

उनीहरू काठमाडौं आइपुग्दा काठमाडौँको चिसो घटेकै थिएन । तैपनि आफ्नो थारु पोसाक (भेषभुषा) र सँगै कृषि औजारसमेत प्रदर्शन गरी किसानहरूले आफ्नो जग्गाको लालपुर्जा पाउनुपर्ने माग-अडान राखी फरक फरक तथा रचनात्मक गतिविधिहरू गर्दै धर्ना

तथा आन्दोलनलाई ५१ दिनसम्म टिकाइराखे।

धर्ना बस्ने क्रममा दिउँसोको खाजा पनि उनीहरूले सडकमै खाए। खाजामा कहिले चिउरा, कहिले मुरई (भुजा), दालमोठ खाए। बेलुकी धर्मशालामै गएर बास बसे। यस्तै दैनिक धर्ना अवधिभर चल्यो।

हरेक दिन ऱ्याली गरियो। कहिले थाल ठटाएर आन्दोलन गरे, कहिले सिट्ठी फुकेर आन्दोलन गरे, कहिले आफ्नो पीडा-व्यथा सुनाएर आन्दोलन गरे। कहिले भुइँमा नबसी उभिएरै आन्दोलन गरे, कहिले मौन बसेर आन्दोलन गरे, कहिले कालो पट्टी बाँधेर बसे त कहिले कालो झण्डा बोकेर आन्दोलन गरे। भिन्न स्वरुप र शैली अपनाइयो। कहिले राजनीतिक दलका पार्टी कार्यालयमा धर्ना बसे। आफ्नो मागबारे सहयोग-संवाद पनि निरन्तर गरिनै रहे।

यो आन्दोलनमा दाङका गुठी समस्याले पीडित १२ वटै मौजा (झिगौरा, ढोरेनी, पढ्डा, नैनवार, रामपुर, पलासे, उचानिम्बु, अर्नहवा, चैलाही, सुर्केडाँगी, शाहीपुर र वनगाउँ) बाट किसानहरू सहभागी हुन काठमाडौँ आए। उनीहरूले आन्दोलनमा सहभागी हुनलाई पनि रोटेसन गरे। एउटा टिम आउने र अर्को टिम फर्कने। उत्तिकै ऊर्जा, उत्तिकै जोस जाँगर र उत्साहका साथ गुठी जग्गा रैकर हुने र लालपुर्जा पाउने ठूलो आशा र भरोसाका साथ आन्दोलनलाई निरन्तर जारी राखे।

उनीहरू सधैँ धर्नामा बस्दा हातमा प्ले-कार्ड (नारा लेखिएको) बोके, कृषि औजार-हलो, कोदालो-कोदाली, भौका, ढकिया, बहिङ्गा, स्याङ्गो, फरुवा र सिकहर सडकमै राखे। थारु किसानहरूले सधैँ आफ्नो पोशाकहरू सेतो चौबन्दी, झुलुवा, पगिया, अंगुछ र गम्छा र महिलाले गोन्या चोल्या, लहङ्गा कुर्था, अघ्रान र थप चाँदीको मड्या र टौंक, टँरिया, बिजायथ, हुमेल, झिलमिलिया, पहँलो पोते (गुरिया) पनि लगाए। जसले गर्दा सडक-किनारामा हिँड्नेलाई माइतीघरमा एकछिन अडिएर हेर्न ध्यानाकृष्ट गराउन मद्दत गऱ्यो भने काठमाडौँका मिडियाहरूको पनि यो आन्दोलनले राम्रो ध्यान तान्यो। मिडियाको राम्रो सहयोग र प्रभावकारी भूमिका यो आन्दोलनले पायो।

आन्दोलनको व्यवस्थापनको लागि टोलीबाट २ जना (१ महिला र १ पुरुष) भान्सा व्यवस्थापन संयोजक, स्वास्थ्य संयोजक, सरसफाई संयोजक र पानी व्यवस्थापनको कामको जिम्मेवारी बाँडफाँड गरिएको थियो। उनीहरूले आफ्नो जिम्मेवारीअनुसार कुशल व्यवस्थापन गरेका थिए।

## स्वर्गद्वारी गुठीका मोही किसानका मुख्य मागहरू

स्वर्गद्वारी गुठीका मोही किसानहरू जम्मा ३ वटा माग राखी सडक सङ्घर्षमा उत्रिएका थिए।

(१) मोही किसानले जोतभोग गर्दै आएको जमिन मोहीको नाममा रैतानी हुने कानुनी व्यवस्था गरियोस्।

(२) विशेष प्रकृतिको निजी भनिएको गुठी जग्गाका निष्कासित मोहीको हक पुनर्स्थापित गरियोस्।

(३) किसानले बुझाउनुपर्ने रैतानी वापतको तिरो वडामार्फत बुझाउने व्यवस्था गरियोस्।

## गुठी समाधानबारे स्वर्गद्वारी आश्रमको अध्ययन प्रतिवेदन

स्वर्गद्वारी आश्रम प्युठान जिल्लाको स्वर्गद्वारी नगरपालिका वडा नं. २ मा रहेको छ। यो आश्रमको नाममा हाल कुल २६ हजार रोपनी (१३२२.७२ हेक्टर) जमिन रहेको छ।

स्वर्गद्वारी आश्रमको जमिनमा देखिएका समस्या र समाधानको उपायसम्बन्धी उपसमितिको प्रारम्भिक प्रतिवेदन, २०८१ अनुसार, दाङस्थित स्वर्गद्वारीको नाममा कायम भएको गुठी जग्गा 'बालतपस्वी प्रभुले स्वर्गद्वारी अखण्ड होमादी कार्यको खर्च चलाउने व्यवस्थापनको लागि विभिन्न व्यक्तिबाट जग्गा खरिद गरि लिएको' भन्ने उल्लेख छ।

उक्त जग्गामध्ये देउखुरीको ४ मौजा जग्गा रानी शुभकुमारी शाहबाट वि.सं. १९८३ सालमा खरिद गरिएको भनिएको छ। प्रतिवेदनअनुसार भूमिसम्बन्धी ऐन २०२१ जारी भएपछि जग्गा नापी हुने क्रममा जसजसले जोतभोग गरेका थिए, उनै किसानहरूको नाममा मोही कायम हुन गएको हो।

अर्कोतर्फ गुठीसम्बन्धी ऐन नियमहरूमा विशेष प्रकारका निजी गुठीको परिभाषा उल्लेख नभएपनि सनातन वैदिक-संस्कृति, शिक्षा, सभ्यताको संरक्षण, सम्बर्द्धन एवं निरन्तरताको लागि आफ्नो सम्पूर्ण जमिन र श्रीसम्पत्ति समर्पण गरेर विश्वकल्याण गर्न बलियो आधार खडा गर्ने, जगत रक्षाको निमित्त वैदिक सनातन धर्मको धर्मध्वजा फहराउन आनन्द अवतार श्री स्वर्गद्वारी महाप्रभुको यो महनीय कार्य अन्य गुठीहरूको भन्दा विशेष रहेकोले यो विशेष प्रकारको निजी गुठी हो, भनिएको छ।

आश्रमको जमिन खरिद गरेको अवस्थादेखि नै आश्रमले उपभोग गर्दै आएको र प्रभुका चेला प्रचेलाको नाममा रहेको जमिन २०३० सालमा आश्रमको नाममा आएको हो। यो जग्गा पहिले अधिँया, तिक्कुर, पोताद्वारा आम्दानी लिने चलन रहेको भएपनि २०४५ सालदेखि ठेक, कुत तोकी उठाउन थालेको पनि प्रतिवेदनमा उल्लेख छ।

भूमिसम्बन्धी ऐन २०२१ ले हदबन्दी तोकेको हुँदा स्वर्गद्वारी आश्रमको नाममा कायम भएको जग्गाको हदबन्दी छुट पाऊँ भनी स्वामी नर्मदानन्द गिरीले २०३८ साल असोज ९ गते तत्कालीन सरकारलाई बिन्तिपत्र लेखेको र २०४५ चैत १ गते मन्त्रीपरिषद्को निर्णयअनुसार हदबन्दी छुट दिएको पनि देखिन्छ।

स्वर्गद्वारी आश्रमको जमिनमा देखिएका समस्या र समाधानको उपायसम्बन्धी उपसमितिको प्रारम्भिक प्रतिवेदन, २०८१ अनुसार, उपसमितिले पेश गरेको प्रतिवेदनको सुझाव बुँदा नं. २ मा भनिएको छ, 'आश्रमको जग्गा जोतभोग गर्दै आएका मोही किसानको मागलाई स्थायीरूपमा समाधान गर्न आश्रम र मोही किसानहरूको सहमति एक सहकार्यमा चक्लाबन्दीको अवधारणाअनुसार मौजुदा कानुनको आधारमा व्यावहारिक समाधानको रुपरेखा तयार गर्ने'।

त्यसैगरी सुझावको बुँदा नं. ३ मा, 'समग्र मोही किसान र आश्रमको सहमतिमा तयार पारिएको जग्गा व्यवस्थापनको अवधारणाअनुसार मोही जग्गा व्यवस्थापन गर्न सर्वोच्च अदालतको फैसला र मौजुदा ऐनको विषयमा विज्ञहरू र सम्बद्ध मन्त्रालयको परामर्श लिई उपयुक्त निकास निकाली द्वैध स्वामित्वसम्बन्धी समस्याको निराकरण गर्ने र सो समस्या समाधान गर्दा आइपर्ने विविध बाधाहरूको सहजीकरण, समन्वय र समाधानका लागि नेपाल सरकारको सहयोग लिने', भनिएको छ।



प्रवीण दहित

# आन्दोलनमा जे देखियो, जे भोगियो

जहाँ अन्याय, अत्याचार, दमन र शोषण हुन्छ, त्यहाँ विद्रोह हुन्छ । यो शाश्वत सत्य हो । हामी किसान वर्षौंदेखि भोग्दै आउनु परेको अन्याय, अत्याचार, शोषण र दमनको विरुद्ध अहिले सङ्गठित भएका हौं । हामी स्वर्गद्वारी गुठीको कारण पीडित हुन पुग्यौं ।

हामीसँग पुर्खादेखि जोतखन गर्दै आएको जग्गाको स्वामित्व छैन । घरबास र खेतीपाती गरी जीविका चलाउँदै आएका छौं, तर आफ्नै जग्गाको उत्पादन कुतको रूपमा अरुलाई तिर्न बाध्य पारिएका छौं । त्यही अन्यायपूर्ण व्यवस्थाको अन्त्य गर्नको लागि किसानहरू आन्दोलित भएका हौं । पछिल्लो समय हामी काठमाडौंको माइतीघरमा ५१ दिनसम्म धर्ना बस्यौं । मलाई यो आन्दोलनको समन्वय संयोजक तोकियो । ५१ दिनसम्म लगातार धर्ना गर्दा धेरै भोगाइ र सिकाइ भयो ।

हामी दाङदेखि काठमाडौं आएर आन्दोलन गर्‍यौं । मानोमुठी सङ्कलन गरी आन्दोलन कोष जुटाएर हामी आन्दोलनमा सहभागी भएका हौं । जसले हामीलाई लामो समयसम्म धर्नामा बस्न मद्दत पुग्यो ।

हामीले ५१ दिन काठमाडौंमा धर्ना बस्दा धेरै कुरा सिक्यौं । यसबीचमा धेरै सरोकारवालालाई भेट्यौं, पीडा सुनायौं । कतिपय सरोकारवालाहरू धर्नास्थल माइतीघरमै आउनुभयो र हाम्रो पीडा सुन्नुभयो, ऐक्यबद्धता जनाउनु भयो । यसले पनि हामीमा थप हौसला थप्यो ।

यस आन्दोलनमा हामीले मिडियाहरूको सहयोग राम्रो पायौं । जसले गर्दा हाम्रो मुद्दा सरोकारवालासम्म पुग्न र राज्यको ध्यानाकर्षण गर्न मद्दत गर्‍यो । सहयोगीहरू बढे ।

हामीलाई चिन्ता थियो, गुठीको मुद्दा हाम्रोभन्दा बढी काठमाडौं उपत्यकामा छ । कतै हामीलाई उनीहरूले गलत भावनाले बुझ्ने पो हुन् कि ? किनभने २०७५ मा सरकारले गुठी विधेयक ल्याउँदा काठमाडौं उपत्यकाका गुठीयारहरूले आन्दोलन चर्काएपछि फिर्ता भएको थियो । तर, त्यस्तो भएन, हामीले सहयोग नै पायौं ।

आन्दोलनमा सहभागी हाम्रो किसान साथी कोही त अहिलेसम्म काठमाडौं नआएकाहरू पनि थिए । उनीहरूको व्यवस्थापन र शान्तिपूर्ण धर्ना-आन्दोलनमा सहभागी हुन चुनौती नै थियो । अर्कोतर्फ हामीले आन्दोलन सुरुवात गर्दा काठमाडौंमा चिसो बाँकी नै थियो, हामी तराईका मान्छे, केही कठिनाइ भोग्यौं । बिस्तारै अभ्यस्त भयौं । गौशालाको धर्मशालामा बास र दिनहुँको माइतीघरको धर्ना-आन्दोलन, जुन ५१ दिनसम्म चल्यो ।

हामी थारु समुदायको मौलिक भेषभुषा र कृषि औजारसहित सहभागी भयौं । यसलाई मिडियाले पनि महत्व दियो । हाम्रो माग र आवाज मिडियाले राम्रोसँग कभर गरे । सुरुमा ३८ जना सहभागी हुन आएका हामी, पछि दिनहुँ १०० जनाभन्दा बढी धर्नामा सहभागी भयौं ।

आन्दोलनका कार्यहरू योजनाअनुसार मात्र पनि नहुँदो रहेछ । विभिन्न घटना अकस्मात आइपर्ने रहेछन् । यो अनुभव पनि भयो । १२ औं दिनपछि किसान साथीहरू बिरामी पर्न थाले । दिनहुँ ३/४ जनासम्म बिरामी पर्दा निक्कै कठिनाइ बेहोर्न' पर्‍यो । उनीहरूको उपचारमा पनि उत्तिकै ध्यान दिनुपर्दथ्यो ।

आन्दोलनको १५ औं दिनसम्म पुग्दा राज्यले कुनै वास्ता नगर्दा सहभागी किसानको मनमा आक्रोश भरिएको थियो । सो दिन किसान सिंहदरबार प्रवेशको प्रयास गर्दा प्रहरीसँग धकेला-धकेलको अवस्था सिर्जना भयो ।

सरकारले वार्ता टोली त गठन गर्‍यो तर, वार्ता टोली गम्भीर नहुँदा सहभागीहरूमा आक्रोश बढ्दै गएको पनि थियो । तर, आन्दोलनको बटमलाइन माग सम्बोधन नभएसम्म नरोकिने नै थियो । मुख्य माग, स्वर्गद्वारी गुठीका मोही किसानको समस्या सम्बोधन हुनेगरी संसद्मा गुठी विधेयक पेश हुनुपर्ने नै थियो ।

२९ औं दिन बानेश्वरसम्म र्‍याली जाने एक घण्टा नारा लगाउने योजना बनायौं । तर, बबरमहल पुलमा प्रहरीले किसानमाथि लाठी चार्ज गर्दा दोहोरो झडप हुनपुग्यो । किसानमाथि भएको लाठी प्रहारले पीडा थपियो । किसान आक्रोशित भए । पुरुष सहभागीले लगाइराखेको लुगा खोलेर प्रहरी दमनको विरोध गरे । प्रहरीले १२ जना किसानलाई गिरफ्तार गर्‍यो । जीवनमा कहिले पनि हिरासतको अनुभव नभएको मलगाएत ६२ वर्षिय किसानले पनि एक रात प्रहरी हिरासतमा बिताउनु पर्‍यो । हामीले जमिनको स्वामित्व स्थापित गर्न यो कठिन क्षण पनि सहनु पर्‍यो ।

यसबीचमा विभिन्न चरणमा वार्ता र संवाद्हरू भए । दलका कार्यालयहरू पनि पुगेर धर्ना-संवाद गर्‍यौं । सांसद्, पूर्व मन्त्री र सम्बन्धित सरोकारवालाहरूसँग पनि संवादहरू भए । हाम्रो निरन्तरको आन्दोलन, मिडिया र सरोकारवाला निकायको सकारात्मक दबाब बढ्दै गएपछि ५१ दिन भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा माननीय मन्त्री बलराम अधिकारीको उपस्थितिमा सरकारी वार्ता टोलीसँग सकारात्मक वार्ता भयो । सरकारले हामीले उठाएको मागलाई सम्बोधन गर्नेगरी संसद्मा गुठी ऐन संशोधन प्रस्ताव लाने र किसानको मोही हक दिने ग्यारेण्टी गरेपछि आन्दोलन स्थगित गरेका छौं ।

# मोही किसान सम्मेलन




रौतहटको चन्द्रपुरमा राष्ट्रिय भूमि अधिकार मञ्च नेपालको आयोजनामा २०८१ चैत १५ र १६ गते भएको मोही किसान सम्मेलनमा १२ जिल्लाका १ हजारभन्दा धेरै मोही किसान, भूमिहीन, सुकुमबासी एवं भूमि अधिकार अभियानका प्रतिनिधिहरू सहभागी भए।

सम्मेलनको पहिलो दिन चैत १५ गते किसानहरूले वृहत् र्‍याली आयोजना गरी विभिन्न नारा लेखिएको प्ले कार्ड, ब्यानर र कृषि औजारहरू (हलो, जुवा, कुटो, कोदालो) बोकेका थिए। नारामार्फत किसानका मागहरू सबैलाई सुनाए।

र्‍यालीपछि आयोजना गरिएको सभामा प्रमुख अतिथि मधेस प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री जनार्दन सिंह क्षेत्रीले मोही किसान र जग्गाधनीबीचको जमिनमा भइरहेको किचलो र द्वन्द्व यथाशक्य समाधान हुनुपर्ने भनाइ राख्नुभयो।

सभामा सहभागी हुँदै रौतहट जिल्ला समन्वय समिति उपप्रमुख महेश बैठाले भूमिमा रहेको दोहोरो स्वामित्वले किसानहरू मारमा परिरहेकाले समाधान गर्नको लागि विशेष अभियान नै सञ्चालन गर्नुपर्ने बताउनुभयो।

जिल्ला भूमि आयोग, रौतहटका अध्यक्ष अखिलेश्वर चौधरी र सर्लाही अध्यक्ष मदन विक सहभागी भई मोही किसानको समस्या समाधान गर्नु राज्यको दायित्व भएको बताउनुभयो।

सभामा सहभागी आत्मनिर्भर केन्द्रका कार्यकारी निर्देशक जगत देउजाले मोही समस्याले किसानलाई बढी मार परेको बताउनुभयो। उहाँले भन्नुभयो, अहिले मोही बाँडफाँड गर्न निवेदन पेश गरी टुङ्गो लगाउनको लागि सरकारले निवेदन आव्हान गरेको छ। यो अवसरलाई सदुपयोग गरी मोही किसानले आफ्नो मोही हक लिनुपर्छ। मोहीको लगत २००८ सालबाट लिन शुरु गरिएको हो। मोहीयानी हकले कानुनी रुप २०२१ मा प्राप्त गरेको थियो तर, २०५३ पुस २४ मा अन्त्य गरियो। २ वर्षमा अन्त्य गर्ने भनेको मोही बाँडफाँट झण्डै ३० वर्ष पुग्न लाग्दा पनि काम सम्पन्न हुन सकेको छैन। मोही बाँडफाँट गर्नको लागि सरकारी टोली फिल्डमा परिचालन गरेर गर्नुपर्छ। टेबुलमा बसेर यो समस्या समाधान हुँदैन। मोहीलाई तारेखमा धाउन बाध्य पारेर समस्या समाधान हुँदैन। जमिनको हक र अधिकार उत्पादन गर्ने किसानलाई नै दिनेगरी राज्यले टुङ्गो लगाउनुपर्छ।

राष्ट्रिय भूमि अधिकार मञ्च नेपालका अध्यक्ष ल्यामबहादुर दर्जीले अहिले देशभर मोही किसानको निवेदन दर्ता गर्ने अभियान चलिरहेको बताउनुभयो। उहाँले यो सम्मेलनले मोही किचलो र मोही बाँडफाँडको छिटो टुङ्गो लगाउनको लागि जागरण ल्याउन मद्दत गरेको बताउनुभयो।

सम्मेलनको दोस्रो दिन प्रशिक्षण सत्र चपुरको सन्तानेश्वर धर्मशालामा गरिएको थियो। यस क्रममा मोही किसानहरू र भूमिहीन प्रतिनिधिहरूले जमिनको अधिकारका लागि आफ्नो सङ्घर्ष र भोगाइको कथाहरू सुनाएका थिए।

आत्मनिर्भर केन्द्रका कार्यकारी निर्देशक जगत देउजाले सहभागी किसानहरूलाई 'अबको आन्दोलनको मार्गदर्शन'बारे प्रशिक्षण गर्नुभयो। बारा र रौतहटको ऐतिहासिक भूमि-कृषि आन्दोलन, मोही जग्गा बाँडफाँट तथा भूमिहीन सुकुमबासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासीहरूलाई जग्गा व्यवस्थापन सम्बन्धी नीतिगत व्यवस्था, प्रक्रियाको विषयमा जानकारी गराई, यी अधिकार प्राप्तिको लागि सङ्गठन तथा अगुवाको भूमिकाबारे प्रशिक्षण गर्नुभएको थियो।

सम्मेलनमा सहभागीहरूले आफ्नो खर्च यातायात, खाजालगायत आफैंले व्यवस्थापन गरी सहभागी भएका थिए। प्रतिनिधिहरूलाई धर्मशालामा सामूहिक खाना, खाजा बनाएर खाने र बास बस्ने व्यवस्था आयोजकबाट मिलाएको थियो।

सम्मेलनले मोही किसान तथा भूमिहीनहरूमा आन्दोलनप्रति थप ऊर्जा, जमिन पाउने आशा र प्रक्रियामा लाग्न हौसला बढाएको छ। साथै सरोकारवालाहरूमा सङ्गठनको शक्तिले भूमि सवालप्रति चासो र ध्यानाकर्षण गराएको छ। सम्मेलनको दोस्रो दिन सहभागीहरूबीच वृहत् छलफलपछि रौतहट घोषणापत्र समेत जारी गरिएको छ।

## मोही किसान सम्मेलन- रौतहट घोषणा-पत्र

१५ र १६ चैत, २०८१

राष्ट्रिय भूमि अधिकार मञ्चमा सङ्गठित मोही किसान एवं भूमि अधिकारकर्मीहरू किसान आन्दोलनको गौरवपूर्ण इतिहास बोकेको रौतहट चन्द्रपुरमा भेला भयौं। सम्मेलनमा मोही किसानको स्थिति, हक प्राप्तिका सङ्घर्ष र रणनीतिबारे चिन्तन् मनन् गर्‍यौं। मोही किसानको समस्या सम्बोधनको लागि नेपाल सरकार एवं सम्बन्धित अन्य पक्षको उचित ध्यानाकर्षण र स्वयम् जोताहा मोहीमा जागरण ल्याउनको लागि यो रौतहट घोषणा पत्र-२०८१ जारी गरेका छौं।

### मोही किसानको अवस्था

मोही किसानको समस्या जटिल र गिजोलिएको छ। हेर्दा यो समस्या जग्गाधनी र मोही किसानबीचको जस्तो देखिएपनि सरकारी उदासिनताको कारण समाधान हुन सकेको छैन।

नेपालको संविधानमा किसानको हित हुनेगरी भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्ने उल्लेख छ। भूमिसम्बन्धी ऐन चौथो संशोधन, २०५३ ले मोही र जग्गाधनीलाई आधा-आधा जमिन बाँडफाँट गरी लिन पाउने र नयाँ मोही दर्ता नहुने व्यवस्था गरेको छ। मोही लागेको जग्गा बाँडफाँटका लागि पटक-पटक राजपत्रमा सूचना प्रकाशित गरी मोही निवेदन पेश र जग्गा बाँडफाँटको अवधि थप्दै आउँदा २ वर्षमा गर्ने भनेको मोहियानी बाँडफाँट २८ वर्षमा पनि हुन सकेको छैन।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले २०७९/६/१० मा सूचना जारी गरी जग्गाधनी र मोहीबीचमा जग्गा बाँडफाँटका लागि निवेदन दिने अवधि २०८२ साल चैत मसान्तसम्म

र कारवाहीको अन्तिम टुङ्गो लगाइसक्नुपर्ने अवधि २०८३ साल असार मसान्तसम्म तोकेको छ। समस्या समाधानको लागि सरकारले जे जति सक्रियता देखाउनुपर्ने हो, कर्मचारी प्रशासन जति जिम्मेवार र जवाफदेही हुनपर्ने हो, कार्य-प्रक्रिया जति सरल र सहज बनाउनुपर्ने हो, ती विषयमा ध्यान नपुगेको कारण समस्या समाधान भएको छैन।

कानुनी व्यवस्था कार्यान्वयनको क्रममा समेत अत्यन्तै अन्यायमुखी र गैरजिम्मेवार कार्यले गर्दा मोही किसानहरू वर्षौंदेखि पीडा र समस्यामा छन्।

एकातिर सार्वजनिक जमिनहरू कर्पोरेट हाउसको स्वामित्वमा जाँदैछ। भूमाफिया दलहरूलाई खटनपटन गर्ने हैसियतमा पुगेका छन्। तर, वास्तविक जोताहा किसानहरू झन् झन् पीडित हुँदै गएका छन्। माटो नै नछुनेहरूले जमिन कब्जा गरेर बस्दा उत्पादनमा ह्रास आउनुका साथै माटोको उर्वराशक्ति मर्दै गइरहेको छ। तर जसले वर्षौंदेखि जमिनमा श्रम गरिरहेका छन्, उत्पादनमा सघाइरहेका छन्, कृषि पेशा र माटोको सुरक्षा गरेर खाद्य सुरक्षा तथा पर्यावरणको संरक्षणमा समेत योगदान गरिरहेका छन्, उनीहरूलाई जमिनको स्वामित्वसहित उपयोगमा विशेष सहयोग र सहजीकरण गर्नुपर्ने राज्यका निकायहरूको ध्यान पुगेको देखिँदैन। यसर्थ मोही किसानका समस्याको उचित समाधानका लागि नेपाल सरकारको ध्यानाकर्षण गराउँदै यो रौतहट घोषणा पत्र - २०८१ जारी गर्दछौं। र यसको कार्यान्वयनमा दृढ भएर उभिने प्रतिबद्धता व्यक्त गर्दछौं।

**मागहरू**

१. नेपालको संविधानको धारा ५१. राज्यका नीतिहरू को (ङ) (१) मा भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमि सुधार गर्ने उल्लेख छ। तसर्थ मोही लागेको जग्गा बाँडफाँट अबको २ वर्षभित्र टुङ्ग्याउन, र अनुपस्थित भूस्वामित्वको अन्त्य गरियोस्।

२. मोही किसानलाई अनावश्यक तारेक धाउनुपर्ने स्थितिको अन्त्य गर्न निवेदन पेश तथा जग्गा बाँडफाँटको प्रकियालाई सरल र सहज बनाउँदै टोली फिल्डमा परिचालन गरी जग्गा बाँडफाँट गर्ने व्यवस्था मिलाइयोस्।

३. मालपोत नापीलगायत भूमिसम्बन्धी अड्डा (कार्यालय) मा हुने घुसपैठ, भ्रष्टाचार, लेखापढी व्यवसायीलाई तिर्नुपर्ने चर्को मूल्य नियन्त्रण गरियोस्।

४. २०५३ सालदेखि मोही हक कायम गर्न पाउने व्यवस्था हटाइएकाले ठूलो सङ्ख्यामा जोताहा किसानहरू बेदर्तावाल छन्। स्थानीय तहको समन्वयमा जोताहा मोहीको लगत बनाई छुटमा परेका कम्तिमा २०५३ भन्दा अघिदेखि लगातार जमिन कमाउँदै आएका जोताहा किसानले मोही हक पाउने व्यवस्था गरियोस्।

५. कानुनतः मोही किसानले पाउने आधा हक किसानलाई उपलब्ध गराई अनुपस्थित जग्गाधनीको नाममा बाँकी रहन आउने आधा जग्गा किसानले खरिद गर्न पाउने व्यवस्था कार्यान्वयन गरियोस् र किस्ताबन्दीमा तिर्न पाउने व्यवस्था गरियोस्।

६. किसानहरूको मोही कायम भएको तर हाल जग्गा जोतभोग गरेका छैनन् भन्ने आधारमा जग्गा बाँडफाँट गर्न नमानेको अवस्था छ। मोही किसानले आफैँ जमिन जोतभोग गर्न छाडेका होइनन्। मोहीहरूलाई जबर्जस्ती जग्गा जोत्नबाट बेदखल गरिएको हो। त्यसकारण मोही कायम भएका सबै मोही किसानहरूलाई मोही हकवापत् आधा जमिन पाउने व्यवस्था गरियोस्।

७. मोही जग्गा बाँडफाँट गर्दा मोही किसानले आधा जग्गा अनिवार्य पाउने व्यवस्था गरियोस्।

८. मोही लागेको जग्गा बाँडफाँट नगरेसम्म जग्गाधनीले जग्गा बिक्री, नामसारी, कित्ताकाट गर्न तथा धितो राख्न नमिल्ने व्यवस्था गरियोस्।

९. मोहीयानी हकको प्रमाणपत्र नभएका तर अन्य अनुसूचीलगायतको आधारमा जग्गा बाँडफाँट गर्न मालपोत कार्यालयले रोकिरहेको हुँदा उक्त अनसूची र स्थानीय तहको सिफारिसलाई नै आधिकारिक प्रमाण मानी तत्काल जग्गा बाँडफाँट गरियोस्।

१०. मोही लागेको जग्गा बाँडफाँटपछि मोहीले प्राप्त गर्ने हिस्सा श्रीमान्, श्रीमतीको संयुक्त लालपुर्जा बनाउनुपर्ने व्यवस्था गरियोस्।

११. कृषियोग्य बाँझो रहेको निजी, संस्थागत र सरकारी जग्गाको स्थानीय तहमा लगत राखी भूमिहीन, मोही र जोताहा किसानलाई लामो अवधिको लागि करार गरी खेती गर्न दिने व्यवस्था गरियोस्।

१२. भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीको समस्यालाई गम्भिरतापूर्वक लिई जग्गा वितरण एवं व्यवस्थापन कार्यमा स्वयम् भूमिहीन र अव्यवस्थित बसोबासीको सहभागिता र सामाजिक न्याय सुनिश्चित हुनेगरी समाधान गरियोस्।

## प्रतिबद्धताहरू

१. मोही लागेका जग्गा बाँडफाँट हुँदा कमाइरहेको आधा जग्गा कमाउन छोड्नुपर्ने भयले केही मोहीले बाँडफाँट गर्न नचाहिरहेको र आफ्नो आधा जग्गाको पनि कुत तिरिरहेको अवस्था भएको हुँदा सङ्गठनमार्फत जागरण फैलाई जग्गा बाँडफाँट गर्ने प्रकिया अघि बढाउने। सधैं मोही भएर नबस्ने, मोही हकवापत्को आधा जग्गा लिएर जग्गाधनी बन्ने। सकेसम्म बाँकी आधा जग्गा पनि जग्गाधनीसँग खरिद गर्ने। नसकेपनि बाँकी जग्गा जोतभोग गरेर आधाको मात्र कुत तिर्ने छलफल तथा प्रतिबद्धता गरियो।

२. मोही कायम भएको, निरन्तर जग्गा जोतभोग गरिरहेका मोही किसानहरूसँग वार्षिकरूपमा कुत बुझ्न नआउने र १०/१२ वर्षदेखिको कुत एकैपटक माग गर्ने तथा सबै कुत नदिएसम्म जग्गा बाँडफाँट नगर्ने भनी केही जग्गाधनीहरूले समस्या पारिरहेका छन्। कानुनतः जग्गाधनीले एकभन्दा बढी वर्षको कुत तिर्न बाध्य पार्न सक्ने अवस्था हुँदैन। चालु आर्थिक वर्षको कुत वडामा बुझाई रसिद लिने र जग्गा बाँडफाँटका लागि निवेदन पेश गर्ने प्रतिबद्धता गरियो।

३. हामी भूमि अधिकार मञ्चमा आवद्ध भूमिहीन, मोही किसान तथा सम्पूर्ण भूमि अधिकारबाट वञ्चित किसानहरू अनिवार्यरूपमा कृषि कर्म र उत्पादनसँग जोडिने, उत्पादनका लागि जमिनको अधिकतम् उपयोग गर्ने, माटोको उर्वराशक्ति जोगाउँदै प्रकृतिको समेत संरक्षण गर्ने प्रतिबद्धता गरियो।

४. यस सम्मेलनमार्फत मोहीलगायत सम्पूर्ण भूमि अधिकारबाट वञ्चित शोषित, उत्पीडित, कृषि कर्म गर्नेहरूलाई गोलबन्द गर्दै आन्दोलनलाई सुदृढ गर्ने र अन्याय र शोषणको प्रतिरोध गर्ने प्रतिज्ञा गर्दछौं।

# शब्द तस्बिर

जिल्ला भूमि अधिकार मञ्चको सहकार्यमा नापी कार्यालयबाट जग्गाधनी पुर्जा प्राप्त गरेका महोत्तरीका गाउँब्लकबासीको तस्विरहरू



